# अध्याय एक

# शोध परिचय

## १.१ पृष्ठभूमि

सामान्य अर्थमा भन्दा चाहेको उद्देश्य प्राप्तिका लागि विद्यालयमा सिकाइने विषयहरूको विस्तृत खाकालाई पाठ्यक्रम भनिन्छ । पाठ्यक्रममा शिक्षाका लक्ष्यहरू पुरा गर्न विद्यालयले गर्ने सम्पूर्ण क्रियाकलापहरू पाठ्यक्रममा समावेश गरिएका हुन्छन् । पाठ्यक्रम शब्द अङ्ग्रेजी 'Curriculum' शब्दको नेपाली रूपान्तरण हो । Curriculum शब्द ल्याटिन भाषाको 'Currere' शब्दबाट आएको मानिन्छ । ल्याटिन भाषामा यसको शाब्दिक अर्थ 'दगुर्नु' (To run) भन्ने हुन्छ । यस अर्थमा Curriculum शब्दको अर्थ दौड्ने मार्ग वा धावन मार्ग हुन्छ । यहाँ पाठ्यक्रमलाई कक्षामा अध्ययन गर्ने विद्यार्थीको लागि दौडको मार्गको रूपमा लिइएको छ । विद्यार्थीले शिक्षारूपी दौडलाई पाठ्यक्रमरूपी मैदानमा दौडेर आफ्नो गन्तव्यमा पुग्न सफल हुन्छ । त्यसैले पाठ्यक्रमलाई शाब्दिक अर्थमा लक्ष्य प्राप्तिको लागि अगाडि बढ्ने पथको रूपमा बुझ्न सकिन्छ । समष्टि रूपमा भन्दा कुनै पनि शैक्षिक कार्यक्रमलाई सङ्गठित र योजनाबद्ध ढङ्गले उद्देश्य प्राप्ति गर्न तयार पारिएको विस्तृत योजनालाई पाठ्यक्रम भनिन्छ (शर्मा एन्ड शर्मा, २०६९, पृ. ४) । त्यस्तै पाठ्यक्रम शिक्षण प्रक्रियाको मुटु हो । पाठ्यक्रमभित्र तहगत, कक्षागत, विषयगत एवम् पाठ्यगत उद्देश्यहरू निर्धारित गरिएका हुन्छन् । तसर्थ पाठ्यक्रम भनेको विद्यार्थीहरूलाई के पढाउने भन्ने कुरा निर्देशन गर्ने दस्तावेज हो ।

पाठ्यक्रमको व्यापक अर्थ अनुसार विद्यालयभित्र र बाहिरका सम्पूर्ण क्रियाकलापहरू समावेश गरी तयार पारिएको दस्तावेजलाई पाठ्यक्रम भनिन्छ । यस्तो पाठ्यक्रम सिकारुहरूको सिकाइलाई प्रभावकारी बनाउन विद्यार्थी, शिक्षक र समाजका इच्छा चाहना तथा आवश्यक सबै तत्त्वहरू समावेश भएका हुन्छन् । यसभित्र विद्यार्थीको उमेर तथा स्तर अनुसारका विषयवस्तु निर्धारण गरिएको हुन्छ । पढाउने विषयवस्तु, शिक्षण विधि, शिक्षण सामग्री, प्रविधि र पाठ्यक्रमको प्रभावकारिताका लागि मूल्याङ्कनको तरिकाहरू समेत पाठ्यक्रममा व्यवस्था गरिएको हुन्छ । पाठ्यक्रममा शिक्षाको राष्ट्रिय

उद्देश्य, कक्षागत उद्देश्य, विषयगत उद्देश्य, विशिष्ट तथा साधारण उद्देश्य हासिल गर्नका लागि पाठ्यांश समेत स्पष्ट किटान गरिएको हुन्छ ।

पाठ्यक्रम सिकाइको योजना हो । जसले बालबालिकाको शिक्षण सिकाइको सम्पूर्ण क्रियाकलापलाई समेटेको हुन्छ । यस अन्तर्गत विद्यार्थी तथा शिक्षकका लागि शिक्षण विधि, शैक्षिक सामग्री तथा मूल्याङ्कनका विधि तथा उद्देश्यहरू समाविष्ट हुन्छन् ।

पाठ्यक्रमकै सापेक्षतामा पाठ्यपुस्तक तयार गरिएको हुन्छ । यसरी हेर्दा पाठ्यक्रम भनेको सम्पूर्ण शैक्षिक गतिविधिको मेरूदण्ड हो । शैक्षिक उपलब्धी हासिल गराउनका लागि पाठ्यक्रमले सम्पूर्ण दायित्व बोकेको हुन्छ । पाठ्यक्रमकै उद्देश्य परिपूर्ति गर्नका लागि पाठ्यपुस्तक तयार गरिन्छ । तसर्थ पाठ्यक्रमको लक्ष्य अनुरूप पाठ्यपुस्तक निर्माण भएन भने त्यस्तो पाठ्यपुस्तक लङ्गडो र सारहीन बन्दछ ।

पाठ्यपुस्तक शिक्षण सिकाइ प्रक्रियाको महत्त्वपूर्ण सामग्री हो । यसलाई विद्यार्थीले पढ्ने र शिक्षकले पढाउने सामग्रीका रूपमा उल्लेख गर्न सकिन्छ । यो पाठ्यक्रममा आधारित भई सम्बन्धित विषयका विज्ञले तयार पार्ने शैक्षिक सामग्री हो । यसलाई पाठ्यक्रमका उद्देश्य पुरा गर्न सहयोग शैक्षिक कार्यकलापयुक्त सामग्रीका रूपमा लिन सकिन्छ । यो औपचारिक शिक्षण सिकाइमा प्रयोग व्यवहारमा आउँछ । पाठ्यपुस्तक कुनै तह, कक्षा वा विषयमा आधारित हुन्छ । यसको निर्माणमा विद्यार्थीको रुचि, चाहना र आवश्यकतालाई ध्यान दिएर तयार पारिन्छ । यसमा विषयवस्तुलाई निश्चित क्रममा सुव्यवस्थित गरी राखिएको हुन्छ । यसको उद्देश्य विद्यार्थीहरूमा अपेक्षित सिकाइ उपलब्धि हासिल गराई सहजीकरण गर्नु रहेको हुन्छ । यसले विद्यार्थीहरूमा आवश्यक ज्ञान, धारणा र जानकारी प्रदान गर्ने हेतुले तयार पारिएको हुन्छ । यसबाट जीवनका भोगाइ, नयाँ ज्ञान, अनुभव र सूचना हस्तान्तरणको कार्य समेत गर्दछ । राष्ट्रिय, अन्तर्राष्ट्रिय आवश्यकता अनुसारका योग्य नागरिक तयार पार्ने उद्देश्य पुरा गर्न पाठ्यपुस्तक तयार पारिएको हुन्छ । विद्यार्थीहरू पनि पाठ्यपुस्तककै सहयोगले भाषिक सिप सिक्छन्, अभ्यास गर्छन्, दोहोऱ्याई दोहोऱ्याई पढ्छन्, गृहकार्य गर्छन् र भाषिक सबलता हासिल गर्छन् (पौडेल, २०६९, पृ. २६५) । त्यसैले पाठ्यपुस्तकलाई भाषा शिक्षण सिकाइको भरपर्दो र व्यवस्थित पाठ्य सामग्रीको रूपमा प्रयोगमा ल्याएको हुन्छ ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९ र उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले मातृभाषामा पनि शिक्षा दिनुपर्ने अवधारणा ल्याएपछि मातृभाषामा ऐच्छिक विषयको रूपमा पाठ्यक्रम र पाठ्यपुस्तकको विकास भएको पाइन्छ । वि.सं. २०५७ सालबाट प्राथमिक र माध्यमिक तहसम्म मैथिली पोथी पाठ्यपुस्तको विकास भएको देखिन्छ । तर पनि मैथिली पोथी पाठ्यपुस्तक सम्बन्धी अध्ययन र अनुसन्धान कार्य धेरै पछि भएको पाइन्छ ।

पाठ्यक्रम अनुरूपताका आधारमा ‘कक्षा ४ को हमर मैथिली पोथीको अध्ययन’, पाठ्यक्रम अनुरूपताका आधारमा ‘कक्षा ५ को हमर मैथिली पोथीको अध्ययन’ र ‘कक्षा २ को मेरो नेपाली किताब’ र ‘हमर मैथिली पोथी बीचको तुलनात्मक अध्ययन’ भए पनि ‘कक्षा नौको मैथिली पोथी पाठ्यपुस्तकको अध्ययन’ नगरिएको हुनाले यसको आवश्यकता महसुस गरी उक्त पाठ्यपुस्तकको पाठ्यक्रम अनुरूपताका आधारमा अध्ययन, भाषिक सिपका आधारमा विश्लेषण गर्नु, अभ्यास खण्डको स्वरूप र प्रयोग स्थिति पहिल्याउनु प्रस्तुत अध्ययनको उद्देश्य रहेको छ ।

## १.२ समस्या कथन

अनुसन्धानका निम्ति छनोट गरिएको कुनै पनि अनुसन्धेय विषयवस्तु नै समस्या हो । चयन गरिएको शोध शीर्षकअन्तर्गत मुख्य-मुख्य समस्या वा प्रश्नहरू र तिनका सम्भावित समाधान वा उत्तरहरू नै समस्याकथन हो (भण्डारी, २०७४, पृ. १४५) । समस्या कथन शोधकार्यको महत्त्वपूर्ण अङ्ग हो र सम्पूर्ण शोधकार्य समस्यामा नै केन्द्रित भई त्यसैको समाधानतिर केन्द्रित हुन्छ । पाठ्यक्रमको लक्ष्य अनुरूप नै पाठ्यपुस्तक निर्माण गरिन्छ । पाठ्यक्रम र पाठ्यपुस्तकको बीच तालमेल नभएमा शिक्षण क्रियाकलापको गुणस्तर गिर्दै जान्छ । त्यसैकारण पाठ्यपुस्तक पाठ्यक्रमको आधारमा तयार पार्ने, पाठ्यक्रमअनुरूप सुधार र परिमार्जन गरी उपयोगी बनाउनु पर्दछ । यस्ता समस्या समाधानका लागि पनि पाठ्यक्रम अनुरूपताका आधारमा पाठ्यपुस्तकको अध्ययन अपरिहार्य छ ।

प्रस्तुत शोधकार्यमा माध्यमिक तहका पाठ्यपुस्तक कक्षा नौको मैथिली पोथी पाठ्यपुस्तकलाई आधार बनाइएको छ । कक्षा नौको ‘मैथिली पोथी’ पाठ्यक्रमले निर्देशन गरे बमोजिम के-के कुराहरू छन् र के-के कुराहरूलाई पाठ्यपुस्तकमा समेट्न सकिएको

छैन भने कुराको खोजीमा नै यो शोध केन्द्रित रहेको छ। पाठ्यपुस्तकमा पाठ्यक्रमको मर्म र भावनालाई के कसरी प्रस्तुत गरिएको छ। पाठ्यपुस्तकमा समेटिएको विभिन्न विधा तथा पाठ्यपुस्तकको क्षेत्र र क्रमहरूको उपयुक्त ढङ्गले प्रस्तुतीकरण गरिएको छ कि छैन भनेर खोजी गर्नु नै यस शोधको मुख्य समस्या रहेको छ।

प्रस्तुत शोधकार्य निम्नलिखित समस्यामा केन्द्रित रहेका छन् :

(क) पाठ्यक्रम अनुरूपताका आधारमा 'मैथिली पोथी' के कस्तो छ ?

(ख) भाषिक सिपका आधारमा 'मैथिली पोथी' के कस्तो छ ?

(ग) अभ्यास खण्डको स्वरूप र प्रयोगको स्थिति के कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि शोधकार्यको उद्देश्य सम्बद्ध शोध समस्याहरूको प्रामाणिक तथा प्राज्ञिक समाधान प्राप्त गर्नु हो। शोध समस्याले शोधार्थीलाई स्पष्ट बाटो देखाउने काम गर्दछ भने उद्देश्यले ती समस्याहरूलाई समाधान गर्ने बाटो देखाउँछ। उद्देश्यले गन्तव्यलाई निश्चित विन्दुमा पुऱ्याउने गर्दछ।

प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्न लिखित रहेका छन् :

(क) पाठ्यक्रम अनुरूपताका आधारमा 'मैथिली पोथी'को विश्लेषण गर्नु,

(ख) भाषिक सिपका आधारमा 'मैथिली पोथी'को विश्लेषण गर्नु,

(ग) अभ्यास खण्डको स्वरूप र प्रयोगको स्थिति पहिल्याउनु।

## १.४ अध्ययनको सान्दर्भिकता

शोधप्रस्तावमा शोधार्थीले आफूले गर्न लागेको शोधकै औचित्यमाथि प्रकाश पार्नुलाई नै औचित्यकथन भनिन्छ। कुनै पनि कार्यको थालनी गर्दा औचित्यपूर्ण भएमा मात्र त्यस कार्यले निश्चित उपलब्धि प्राप्त गर्न सक्दछ।

कक्षा नौको मैथिली पोथी पाठ्यपुस्तक लेखिएको छ। यस पाठ्यपुस्तक लेखन गर्दा पाठ्यक्रम अनुरूपतामा आधारित छ कि छैन भनी जान्नु आवश्यक हुन्छ। पाठ्यक्रम अनुरूप पाठ्यपुस्तक हुनुपर्दछ। यदि पाठ्यक्रमअनुरूप पाठ्यपुस्तक नभएमा पाठ्यक्रमको

उद्देश्य पुरा हुन सक्दैन । त्यसैले यस शोध कार्यमा उक्त कुरा पत्ता लगाउन खोजिरहेको छ । पाठ्यक्रम अनुरूप तयार नभएको पाठ्यपुस्तकले विद्यार्थी र अभिभावकको आवश्यकता, चाहना, इच्छा र आकाङ्क्षाहरू परिपूर्ति गर्न सक्दैन । पाठ्यक्रमले विद्यार्थीका रूचि आवश्यकतालाई मध्यनजर राख्दै उद्देश्य, शिक्षण विधि, पाठ्यविषय तथा मूल्याङ्कन उक्त विषयहरू उपयुक्त ढङ्गले प्रस्तुत गरिएको छ कि छैन भनी अध्ययन गर्न यो अध्ययन सान्दर्भिक रहेको छ ।

पाठ्यक्रम अनुरूपताका आधारमा विभिन्न शोधार्थीबाट विभिनन शीर्षकमा पाठ्यपुस्तकको विश्लेषण गरिएको भेटिन्छ । प्राथमिक, माध्यमिक, उच्च माध्यमिक तथा स्नातक तहमा समेत पाठ्यक्रम अनुरूपताका आधारमा पाठ्यपुस्तकको अध्ययन भएको भेटिन्छ । यति भए तापनि कसैले पनि मातृभाषा पाठ्यपुस्तक कक्षा नौको मैथिली पोथी पाठ्यक्रम अनुरूप छ कि छैन अध्ययन गरेको छैन । अतः प्रस्तुत शीर्षक कक्षा नौको मैथिली पोथी पाठ्यपुस्तकको अध्ययन गर्नु आवश्यक रहेको छ । साथै यस अध्ययनले शिक्षक, विद्यार्थी, पाठ्यपुस्तक लेखक र अध्ययन अनुसन्धानकर्ताको निम्ति उपयोगी हुनाले प्रस्तुत शोध सान्दर्भिक रहेको छ ।

## १.५ अध्ययनको सीमाङ्कन

शोधपत्रमा आफ्नै नियम र सीमाहरू हुन्छन् । शोध आफैं कठिन र गहन कार्य भएकाले प्रस्तुत शोधले व्यापक क्षेत्र नओगटेर केवल माध्यमिक तहका कक्षा नौको हमर 'मैथिली पोथी' पाठ्यक्रम अनुरूप निर्माण, भाषिक सिप तथा अभ्यास खण्डको अध्ययन गरिएको छ । जसलाई निम्नानुसार बुँदामा समेटिएको छ :

- यो अध्ययन माध्यमिक तहका कक्षा नौको 'मैथिली पोथी' पाठ्यपुस्तकमा मात्र सीमित रहेको छ ।
- मैथिली पोथीलाई पाठ्यक्रम अनुरूपताका आधारमा विश्लेषण गरिएको छ ।
- पाठ्यक्रमका उद्देश्यहरू, क्षेत्र र क्रममा मात्र सीमित रहेको छ ।

## १.६ अध्ययनको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : सम्बद्ध कार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप

अध्याय तीन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : पाठ्यक्रम अनुरूपताको दृष्टिले 'मैथिली पोथी' पाठ्यपुस्तकको विश्लेषण

अध्याय पाँच : भाषिक सिपका आधारमा 'मैथिली पोथी' को विश्लेषण

अध्याय छ : अभ्यास खण्डको स्वरूप र प्रयोगको स्थिति

अध्याय सात : सारांश, निष्कर्ष, सुझाव र उपादेयता

सन्दर्भ सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# सम्बद्ध कार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप

## २.१ सम्बद्ध कार्यको पुनरावलोकन

कुनै पनि काम गर्नुभन्दा पहिला विगतका अरू त्यस्तै कार्यको मूल्याङ्कन गर्नु अति आवश्यक हुन्छ । विगतको मूल्याङ्कनविना गरिएको योजना असफल मात्र नभएर त्यसको वर्तमान र भविष्यमा समेत नकारात्मक प्रभाव पर्न जान्छ । कुनै पनि अनुसन्धानले आफूले अनुसन्धान कार्या प्रारम्भ गर्नु अघि विभिन्न क्षेत्रका सामग्रीहरूको अध्ययन गर्नु आवश्यक हुन्छ (भण्डारी, २०७४, पृ. १०२) । यसले आफ्नो विषयमा सैद्धान्तिक आधारहरू प्रदान गर्दछ । त्यस्तै पूर्वस्थापित मान्यता एवम् सिद्धान्तहरूका साथै प्रविधिको प्रयोग कसरी गर्ने भन्ने विषयमा पनि पूर्वकार्यको अध्ययनले सहयोग पुऱ्याउँछ ।

### २.१.१ पुस्तक सम्बन्धी पुनरावलोकन

लम्साल र अन्य (२०६६) ले मातृभाषा शिक्षण, भाषा पाठ्यक्रम निर्माण सिद्धान्त र वर्तमान भाषा पाठ्यक्रम, नेपाली भाषा पाठ्यक्रमको विकास र नेपाली भाषा पाठ्यपुस्तकको विकास जस्ता पक्षको चर्चा गरिएको छ । उक्त पूर्वकार्य प्रस्तुत शोधकार्यको सैद्धान्तिक आधार निर्माणमा उपयोगी भएको छ ।

लम्साल र गौतम (२०६७) ले भाषा पाठ्यपुस्तकका प्राज्ञिक विशेषताहरू ( पाठ्यपुस्तक, शब्द भण्डार, भाषा, अभ्यास र चित्र) र परिधीय विशेषताहरू (बनोट, अक्षराकार र ठाउँ छोडाइ, छपाइ र बँधाइ, कागतको स्तर, मूल्य र सुलभता) जस्ता पक्षको चर्चा गरिएको छ । उक्त पूर्वकार्य प्रस्तुत शोधकार्यको सैद्धान्तिक आधार निर्माणमा उपयोगी भएको छ ।

शर्मा एण्ड शर्मा (२०६९) ले पाठ्यक्रमको अवधारणा, पाठ्यक्रममा प्रभाव पार्ने स्रोतहरू, पाठ्यक्रम विकास, नेपालीको वर्तमान विद्यालयको अध्ययन, स्थानीय पाठ्यक्रम र मापन र मूल्याङ्कन आदि जस्ता विषयमा चर्चा गरिएको पाइन्छ । उक्त पूर्वकार्य प्रस्तुत शोधकार्यको सैद्धान्तिक आधार निर्माणमा उपयोगी भएको छ ।

निउरे (२०७१) ले पाठ्यक्रमको धारणा, पाठ्यक्रम विकासको व्यवस्थापन, मापदण्डमा आधारित पाठ्यक्रम, पाठ्यक्रम विकासका नमुनाहरू, पाठ्यक्रमको प्रवोधीकरण

र कार्यान्वयन र नेपालमा पाठ्यक्रम सिकाइ र कार्यान्वयनको अभ्यास आदि जस्ता विषयमा चर्चा गरिएको पाइन्छ । उक्त पूर्वकार्य प्रस्तुत शोधकार्यको सैद्धान्तिक आधार निर्माणमा उपयोगी भएको छ ।

भण्डारी (२०७४) ले पूर्वकार्यको समीक्षा लेखन, शोधसार लेखन, अनुसन्धान प्रस्तावलेखन, व्यक्तिवृत्त लेखन, छपाइ शुद्धि, उद्धरणको प्रयोग, पादटिप्पणी, सन्दर्भसामग्री सूची र भाषा सम्पादन जस्ता पक्षको चर्चा गरिएको छ । उक्त पूर्वकार्य प्रस्तुत शोधकार्यको सैद्धान्तिक आधार निर्माणमा उपयोगी भएको छ ।

उपर्युक्त पुस्तक सम्बन्धी पुनरावलोकनबाट प्रस्तुत शोधपत्रको सैद्धान्तिक खण्डमा सहयोग पुऱ्याएको छ । उक्त पूर्वकार्यबाट पाठ्यक्रमको परिचय, पाठ्यपुस्तकको परिचय, पाठ्यक्रमको तत्वहरू जस्ता सैद्धान्तिक खण्डमा सहयोग र बाह्य विशेषताहरू, पाठ्यक्रम र पाठ्यपुस्तकका सम्बन्ध जस्ता सैद्धान्तिक पक्षहरूका विश्लेषण गर्दा यसले सहयोग पुऱ्याएका छन् ।

### २.१.२ शोधपत्र सम्बन्धी पुनरावलोकन

उपर्युक्त पुस्तक सम्बन्धी पुनरावलोकनबाट प्रस्तुत शोधपत्रको सैद्धान्तिक खण्डमा सहयोग पुऱ्याएको छ । उक्त पूर्वकार्यबाट पाठ्यक्रमको परिचय, पाठ्यपुस्तकको परिचय, पाठ्यक्रमको तत्त्वहरू जस्ता सैद्धान्तिक खण्डमा सहयोग पुऱ्याएको छ । त्यस्तै भाषा पाठ्यपुस्तकका आन्तरिक र बाह्य विशेषताहरू, पाठ्यक्रम र पाठ्यपुस्तकका सम्बन्ध जस्ता सैद्धान्तिक पक्षहरूका विश्लेषण गर्दा यसले सहयोग पुऱ्याएको छ ।

भट्टराई (२०६१) द्वारा 'कक्षा आठको नेपाली पाठ्यक्रम अनुसारका नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको विश्लेषणात्मक अध्ययन' गरेकी छन् । उक्त अध्ययनमा अनिवार्य नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको पाठ्यक्रम अनुरूपता पहिल्याउने, कथाहरूको संरचनात्मक तथा भाषिक पक्षहरूको विश्लेषण, भाषा शिक्षणका दृष्टिले उक्त कथाहरूको प्रयोजन केलाउने, छनोट र स्तरणका आधारमा कथाहरूको समीक्षा गर्ने जस्ता उद्देश्य राखेर यो अध्ययनपत्र तयार पारिएको छ । पुस्तकालय अध्ययन कार्यबाट पुरा गरिएको प्रस्तुत शोधपत्रमा कथाहरूलाई स्तरअनुरूप सरलदेखि जटिल क्रममा राख्नु पर्ने, सिर्जनात्मक अभ्यासलाई पनि महत्त्व दिनुपर्ने जस्ता सुझाव निष्कर्षका रूपमा रहेको छ ।

पाण्डे (२०६२) द्वारा 'कक्षा सातको नेपाली पाठ्यपुसतकमा समाविष्ट नमुना अभ्यासको पाठ्यक्रम अनुरूपताको अध्ययन' गरिएको छ । उक्त शोधकार्यमा पाठ्यक्रम अनुरूपताका आधारमा नमुना अभ्यासको विश्लेषण, नमुना अभ्यासहरू पाठ्यक्रम अनुरूपतामा आधारित अध्ययन, विद्यार्थीको स्तरअनुरूप भए नभएको केलाउनु तथा तथ्यका आधारमा कमी कमजोरी पत्ता लगाई सुझाव प्रस्तुत गर्नु जस्ता उद्देश्यहरूका आधारमा प्रतिवेदन प्रस्तुत गरिएको छ । पुस्तकालीय अध्ययन कार्यबाट पुरा गरिएको प्रस्तुत शोधपत्रमा पाठ्यक्रमका विधाका आधारमा विषय क्षेत्र उल्लेख गरिनु पर्ने, नमुना अभ्यासहरू पाठ्यपुस्तकमा विद्यार्थीको रूचि, क्षमता, स्तर, उमेर र आवश्यकतालाई ध्यान दिनुपर्ने जस्ता सुझाव निष्कर्षका रूपमा रहेको छ । उक्त अध्ययन प्रस्तुत शोधका उद्देश्यहरू पुरा गर्न र पाठ्यक्रम अनुरूपताका आधारमा अभ्यास खण्डको विश्लेषण गर्न उपयोगी भएको छ ।

मण्डल (२०६५) द्वारा 'कक्षा ५ को मेरो नेपाली किताब र हमर मैथिली पोथी बीच तुलनात्मक अध्ययन' गरिएको छ । पाठ्यक्रम अनुरूपता, विधाको प्रस्तुतीक्रम तथा आन्तरिक र बाह्य विशेषताका आधारमा ती दुई पाठ्यपुस्तकको विश्लेषणमा उक्त अध्ययन केन्द्रित रहेको पाइन्छ । अध्ययन विधिका रूपमा पुस्तकालय वा ग्रन्थ विधिलाई अपनाइएको छ । यस अध्ययन अनुसार दुवै पुस्तक पाठ्यक्रम अनुरूप रहेको, भाषिक प्रस्तुति र शैलीको दृष्टिले नेपालीभन्दा मैथिली सरल देखिएको, मैथिली पुस्तकमा बढी अभ्यासहरू समावेश गरिएको, बधाइ र चित्रबाहेक अन्य बाह्य गुणहरू मैथिलीमा नै राम्रो देखिएको, मैथिलीमा केही कठिन शब्दहरूको प्रयोग भएको निष्कर्ष निकालिएको छ । उक्त अध्ययनबाट प्रस्तुत शोधको भाषिक सिपका आधारमा मैथिली पोथीको विश्लेषण गर्न उपयोगी भएको छ ।

सुवेदी (२०६६) द्वारा 'पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा नौको वर्तमान नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको अध्ययन' गरिएको छ । उक्त अध्ययनमा पाठ्यपुस्तकमा समाविष्ट गरिएका कथाहरूलाई पाठ्यक्रम अनुरूपताका आधारमा विश्लेषण, कथाहरूले पाठ्यक्रमको उद्देश्य पुरा गर्छ गर्दैन निर्क्यौल तथा पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको स्थानका बारेमा अध्ययन गरी सुझाव दिनु जस्ता उद्देश्यहरू प्रस्तुत गरिएका छन् । पुस्तकालीय अध्ययनबाट पुरा गरिएको प्रस्तुत शोधपत्रमा पाठ्यक्रम

अनुरूपताका दृष्टिले तिन वटा कथाहरू मात्र समावेश गरिएको जुन सान्दर्भिक नभएको, उद्देश्य प्राप्तिमा पूर्णता नभएको, कथाहरू कक्षा नौका विद्यार्थीहरूको उद्देश्य तह र रूचिअनुरूप देखिएको, भाषा पाठ्यपुस्तकमा विधागत पाठहरूमा एकीकृत गरी व्याकरण शिक्षण गर्नुपर्ने आधुनिक धारणालाई अवलम्बन नगरिएको जस्ता निष्कर्षको रूपमा रहेको छ ।

गौतम (२०६७) द्वारा 'प्राज्ञिक विशेषताहरूको आधारमा कक्षा ७ को नेपाली पाठ्यपुस्तकको अध्ययन' गरिएको छ । उक्त अध्ययनमा प्राज्ञिक विशेषताहरूका आधारमा कक्षा सातको पाठ्यपुसतकको अध्ययन, उल्लिखित पाठ्यपुस्तकमा प्रयुक्त पाठ्यसामग्रीहरूको विश्लेषण, पाठ्यपुस्तकका पाठ्यसामग्रीहरूको सबल र दुर्बल पक्षहरूलाई केलाई सुधारका लागि सुझाव दिनु जस्ता उद्देश्यहरूका आधारमा प्रतिवेदन प्रस्तुत गरिएको छ । पुस्तकालीय अध्ययन कार्यबाट पुरा गरिएको प्रस्तुत शोधपत्रमा पाठ्यपुस्तकमा भाषा तत्त्वलाई पाठका रूपमा नराखी अभ्यासको रूपमा मात्र राखेको, पाठ्यक्रमले भाषाका चारै सिपको विकासका लागि पाठ्यक्रम अनुरूप पाठहरू र पाठअनुरूप नमुना अभ्यासहरू हुनुपर्ने तर त्यो हुन नसकेको निष्कर्षको रूपमा रहेको छ । उक्त अध्ययन प्रस्तुत शोधका उद्देश्यहरू पुरा गर्न उपयोगी भएको छ ।

सिंह (२०६७) द्वारा 'कक्षा १० को नेपाली र मैथिली पोथी बीचको तुलनात्मक अध्ययन' गरिएको छ । उक्त अध्ययनमा कक्षा १० नेपाली किताब र मैथिली पोथी किताबको पाठ्यक्रम अनुरूपता, पाठ्यपुस्तकहरूलाई आन्तरिक र बाह्य विशेषताका आधारमा विश्लेषण, पाठ्यपुस्तक बीचको समानता र असमानता, पाठ्यपुस्तकहरूमा देखिएका कमजोरीहरू पत्ता लगाई सुधारका निम्ति सम्बन्धित पक्षलाई सुझाव प्रस्तुत गर्नु उद्देश्य रहेका छन् । पुस्तकालीय अध्ययन कार्यबाट पुरा गरिएको प्रस्तुत शोधपत्रमा विषयवस्तुको दृष्टिकोणले नेपाली किताबमा भन्दा मैथिली पोथीमा कम समावेशी गरिएको, नेपाली किताबमा संवाद लेखन, लिपि वक्तृवा र निमन्त्रणा पक्षको समावेश नगरिएको तर समग्र पक्षहरूको दृष्टिकोणबाट हेर्दाखेरी मैथिलीभन्दा नेपाली किताब नै उत्तम भएको निष्कर्ष निकालिएको छ । उक्त अध्ययन प्रस्तुत शोधका उद्देश्यहरू पुरा गर्न र भाषिक सिपका आधारमा विश्लेषण गर्न उपयोगी भएको छ ।

कोइराला (२०७०) द्वारा 'पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा पाँचको हाम्रो नेपाली किताबको नमुना अभ्यासको अध्ययन' गरिएको छ । उक्त अध्ययनमा पाठ्यक्रम अनुरूपताको दृष्टिले नमुना अभ्यासको विवेचना, अभ्यासहरूको वर्गीकरण र विश्लेषण, तथ्यका आधारमा कमी कमजोरीहरू सुधारका लागि सुझाव पेश गर्नु जस्ता उद्देश्यहरू राखेर प्रतिवेदन तयार पारिएको छ । पुस्तकालीय अध्ययनबाट पुरा गरिएको शोधपत्रमा स्तरभन्दा कठिन र बोझिला अभ्यासहरू रहेका, समूहगत अभ्यासहरू प्रत्येक अभ्यासमा भएकाले पाठ्यक्रमको उद्देश्यमा सहयोग पुग्ने, पाठ्यक्रमको उद्देश्य पुरा गर्ने प्रयोजनले हेर्दा विधामा सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता चारै सिप सिकाउन सकिने अभ्यासहरू राखिएका, अभ्यासहरू सरलदेखि जटिलताको क्रममा हेर्दा पाठ्यक्रम अनुरूप समायोजना गर्ने प्रयास गरिएको निष्कर्षमा रूपमा रहेको छ । उक्त अध्ययनबाट प्रस्तुत शोधका अभ्यास खण्डको विश्लेषण गर्न उपयोगी भएको छ ।

दवाडी (२०७०) द्वारा 'पाठ्यक्रम अनुरूपताका आधारमा स्नातक नेपाली पाठ्यपुस्तकको अध्ययन' गरिएको छ । उक्त अध्ययनमा पाठ्यक्रम अनुरूपताका आधारमा स्नातक नेपाली पाठ्यपुस्तकको अध्ययन गर्नु, पाठ्यपुस्तकमा समाविष्ट पाठहरू पाठ्यक्रमका उद्देश्य पूर्तिमा सहयोगी भए नभएको अध्ययन, क्षेत्र र क्रम अनुरूपताका दृष्टिले अध्ययन, जस्ता उद्देश्यहरू राखेर प्रतिवेदन तयार पारिएको छ । पुस्तकालीय अध्ययन कार्यबाट पुरा गरिएको प्रस्तुत शोधपत्रमा पाठ्यपुस्तक पाठ्यक्रमको उद्देश्यअनुरूप निर्माण भएको, साहित्यिक विधाहरू पाठ्यक्रम अनुरूप रहेका, पाठ्य विषयहरू पाठ्यक्रमका क्षेत्र अनुरूप नै रहेको छ भन्ने निष्कर्ष निकालिएको छ ।

ठाकुर (२०७३) द्वारा 'पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा पाँचको हमर मैथिली पोथीको अध्ययन' गरिएको छ । उक्त शोधमा पाठ्यक्रम अनुरूपताका आधारमा हमर मैथिली पोथीको अध्ययन, भाषिक सिपका आधारमा विश्लेषण र अभ्यास खण्डको स्वरूप र प्रयोगको स्थिति पहिल्याउनु उद्देश्य रहेका छन् । उक्त शोधमा मूलतः पुस्तकालय विधि र आंशिक रूपमा वर्णनात्मक तथा विश्लेषणात्मक विधि प्रयोग गरिएको छ । उक्त शोधमा भाषाका चार सिपहरूमध्ये लेखाइ सिपलाई बढी महत्त्व दिइएको, मैथिली पोथीका अभ्यासहरू प्रशास्त्र रहेको र उखानटुक्काको प्रयोग न्यून रहेको निष्कर्ष निकालिएको छ ।

उक्त अध्ययन प्रस्तुत शोधका उद्देश्यहरू पुरा गर्न, भाषिक सिपका आधारमा विश्लेषण गर्न र अभ्यास खण्डको स्वरूप र प्रयोगको स्थिति पहिल्याउन उपयोगी भएको छ ।

साह (२०७३) द्वारा 'कक्षा चारको नेपाली भाषा पाठ्यपुस्तकको विश्लेषण' गरिएको छ । उक्त शोधकार्यमा पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा ४ को नेपाली भाषा पाठ्यपुस्तकको विश्लेषण, आन्तरिक तथा बाह्य विशेषताका आधारमा कक्षा ४ को नेपाली भाषा पाठ्यपुस्तकको विश्लेषण, पाठ्यपुस्तकमा रहेका सबल र दुर्बल पक्षहरूलाई पत्ता लगाई सुधारका लागि सुझाव दिनु जस्ता उद्देश्यहरूका आधारमा प्रतिवेदन प्रस्तुत गरिएको छ । पुस्तकालीय अध्ययन कार्यबाट पुरा गरिएको प्रस्तुत शोधपत्रमा लैङ्गिक समानता, श्रमशीलता एवम् सांस्कृतिक एकता जस्ता पक्षहरूलाई समेट्ने विषयवस्तु भाषा पाठ्यपुस्तकमा नरहेको, कुनै कुनै जटिल शब्दहरू प्रयोग आएका निष्कर्षको रूपमा रहेको छ । उक्त अध्ययन प्रस्तुत शोधका उद्देश्यहरू पुरा गर्न उपयोगी भएको छ ।

अनुसन्धानका क्रममा सम्बद्ध कार्यको पुनरावलोकन गर्नु अपरिहार्य हुन्छ । सम्बन्धित विषयमा यसपूर्व गरेका अध्ययनहरू नै पूर्व अध्ययन हुन् । कुनै पनि विषयको अनुसन्धान गर्दा यसपूर्व भएका अध्ययनको महत्त्व सर्वोपरी छ । विशेषगरी समस्यालाई राम्ररी बुझेर विश्लेषण गर्न, शीर्षक छनोट गर्न पूर्व अध्ययनले ठूलो सहयोग पुऱ्याउँछ । यस बाहेक सम्बन्धित विषयको अनुसन्धानलाई विश्वसनीय र वैध बनाउनका लागि साथै अनुसन्धानलाई उपलब्धिमूलक बनाउन, अनुसन्धानको ढाँचा निर्माण गर्न, पहिले भएका अनुसन्धानको विश्लेषण गर्न र भविष्यमा गर्न सकिने अनुसन्धानात्मक क्षेत्रहरू पत्ता लगाउन सम्बद्ध कार्यको पुनरावलोकन उपयोगी हुन्छ ।

सम्बद्ध कार्यको पुनरावलोकन अध्ययनको अगाडि भएका सबल पक्षलाई आत्मसात् गर्दै नकारात्मक पक्षलाई सुधार गर्नका लागि सहयोग पुऱ्याउँदछ । श्रोता, पाठक साथै सम्बन्धित विषयमा चासो राख्ने व्यक्तिहरूलाई पनि पहिले गरिएका खोज र वर्तमानमा भइरहेका खोजका बिचमा हुने तात्त्विक भिन्नता छुट्याई तुलनात्मक रूपमा अध्ययन गर्न, नयाँ अनुसन्धानलाई उद्देश्यमूलक र व्यवस्थित बनाउन पूर्व अध्ययनको महत्त्व रहेको हुन्छ ।

उपर्युक्त पुनरावलोकन अनुसार कक्षा नौको मैथिली पोथी पाठ्यपुस्तकको अध्ययन भएको देखिँदैन त्यसैले कक्षा नौको मैथिली पोथी पाठ्यपुस्तकको अध्ययन शीर्षकमा पहिलो र नवीन अध्ययन रहेको छ ।

## २.२ सैद्धान्तिक प्रारूप

प्रस्तुत सैद्धान्तिक प्रारूपअन्तर्गत पाठ्यक्रमको परिचय, भाषा पाठ्यक्रमको परिचय, भाषा पाठ्यक्रमका तत्वहरू, भाषा पाठ्यपुस्तकको परिचय, भाषा पाठ्यपुस्तकका आन्तरिक विशेषताहरू, भाषा पाठ्यपुस्तकको बाह्य विशेषताहरू, भाषा पाठ्यक्रम र भाषा पाठ्यपुस्तकको सम्बन्धबारे चर्चा गरिएको छ ।

### २.२.१ पाठ्यक्रमको परिचय

Curriculum शब्द ल्याटिन भाषाको 'currere' शब्दबाट आएको हो । ल्याटिन भाषामा यसको शाब्दिक अर्थ दगुर्नु (To run) भन्ने हुन्छ । यस अर्थमा curriculum शब्दको अर्थ दौडने मार्ग वा धावन मार्ग (run way or race course) हुन्छ । यहाँ पाठ्यक्रमलाई कक्षामा अध्ययन गर्ने विद्यार्थीको लागि दौडको मार्गको रूपमा लिइएको छ । विद्यार्थीले शिक्षारूपी दौडलाई पाठ्यक्रमरूपी मैदानमा दौडेर आफ्नो गन्तव्यमा पुग्न सफल हुन्छ । त्यसैले पाठ्यक्रमलाई शाब्दिक अर्थमा लक्ष्य प्राप्तिको लागि अगाडि बढ्ने पथको रूपमा बुझ्न सकिन्छ । कक्षाकोठाको शिक्षणलाई सफल बनाउनको लागि शैक्षिक क्रियाकलापलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्न सहयोग गर्ने पूर्व निर्धारित योजनालाई पाठ्यक्रम भनिन्छ (निउरे, २०७१, पृ. १८) । यसलाई पाठ्यविषयको सीमित घेराभित्र नराखी बालबालिकाको चौतर्फी विकासको बृहत् योजनाको रूपमा लिइएको हुन्छ ।

पाठ्यक्रम निर्माण कार्य अत्यन्तै जटिल कार्य हो । पाठ्यक्रम निर्माण गर्दा सिकारुको उमेर, क्षमता, रुचि र आवश्यकताको निदान गरिन्छ । त्यसैगरी सिकाइको पृष्ठभूमि, तह, समयावधि तथा सिकाइ प्रवृत्तिअनुसार आवश्यकता पुरा गर्ने उद्देश्यको निर्धारण गरिन्छ । पाठ्यक्रमलाई सम्बन्धित तहको शैक्षिक कार्यकलापको योजना भनिन्छ ( लामिछाने, २०७०, पृ. ६२) । पाठ्यक्रममा शिक्षण सिकाइको लागि प्रयोग गरिने शैक्षिक सामग्री, शिक्षण विधि, प्रविधि एवम् मूल्याङ्कन विधिहरू स्पष्ट निर्धारित गरिएको हुन्छ ।

पाठ्यक्रमलाई परिभाषित गर्ने क्रममा फ्रोबेलले 'मानव जातिको सम्पूर्ण ज्ञान र अनुभवको सार नै पाठ्यक्रम हो' भनेका छन् । यसैगरी रा.शि.प.यो. २०२८ ले पाठ्यक्रम शिक्षाको लक्ष्य हासिल गर्न बनाइएको शैक्षिक कार्यक्रमका रूपमा अर्थ्याएको छ । यसैगरी अर्का शिक्षाविद् हिल्डा टावाले विद्यालय भित्र र बाहिर विद्यार्थीका शैक्षिक उपलब्धिहरू प्राप्त गराउन विद्यार्थीद्वारा गरिने सम्पूर्ण प्रयासलाई पाठ्यक्रम भन्दछन् भनेकी छन् । यस्तै युनेस्कोले पाठ्यक्रमलाई परिभाषित गर्ने क्रममा शिक्षाको उद्देश्यहरू प्राप्तिका लागि तयार पारेको योजना र निर्देशन अनुसारको सम्पूर्ण अनुभवलाई पाठ्यक्रम भनिन्छ ।

यसरी पाठ्यक्रमका सम्बन्धमा माथि उल्लेख गरिएका विद्वान्हरूको परिभाषाका आधारमा निष्कर्ष निकाल्दा पाठ्यक्रम सिकाइका लागि तयार पारिएको बृहत् योजना हो जसमा उद्देश्य प्राप्त गर्नका लागि विद्यालयभित्र वा बाहिर सिकाइ कार्यक्रमहरू सञ्चालन गरिएको हुन्छ ।

### २.२.२ भाषा पाठ्यक्रमको परिचय

भाषा शिक्षणका लागि निर्धारित उद्देश्यहरू पुरा गर्न तयार गरिएको उपयोगी शैक्षिक सामग्रीलाई भाषा पाठ्यक्रम भनिन्छ । अर्को शब्दमा भाषा शिक्षणका लागि योजनावद्ध रूपमा तयार पारिएको पाठ्यक्रमलाई भाषा पाठ्यक्रम भनिन्छ । यो भाषाका चार सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) विकासमा जोड दिइएको हुन्छ । भाषा सिकाइ एक निरन्तर प्रक्रिया हो र यसको सिकाइ स्रोत अत्यन्त व्यापक हुन्छ तर सबै स्रोतबाट सिकेको भाषा उपयुक्त र विशुद्ध हुन्छ भन्न सकिँदैन ।

भाषा पाठ्यक्रमले योजनाबद्ध रूपबाट सिकारुलाई लक्षित विन्दुमा पुऱ्याउन सहयोग गर्दछ । भाषा पाठ्यक्रमले भाषाको मानक रूपको खोजी गरी कथ्य र लेख्य भाषाको भाषिक सौन्दर्यका बारेमा जानकारी दिन्छ । भाषा सिकाइमा विभिन्न उमेर, क्षमता, योग्यता, रुचि, आवश्यकता भएका सिकारुहरू हुन्छन् । त्यस्तो सिकारुहरूलाई स्तर र योग्यताअनुरूप भाषा सिकाउने लक्ष्य भाषा पाठ्यक्रमले राखेको हुन्छ । भाषा सिकाइका निम्ति निर्धारित गरिएका उद्देश्यहरूको उपलब्धि तहमा पुग्नका लागि बनाइएको भाषा शिक्षणसम्बन्धी गोरेटो वा कार्यक्रमका रूपमा भाषा पाठ्यक्रमलाई परिभाषित गर्न सकिन्छ (पौडेल, २०६९, पृ. २२७) । भाषा पाठ्यक्रम विशेषज्ञको संलग्नतामा रहेर निर्माण गरिन्छ । अन्यथा भाषा पाठ्यक्रम त्यसको मर्म र भावनाअनुरूप हुन सक्दैन ।

यसरी हेर्दा भाषिक सिपहरूमा दक्ष र कुशल बनाउने उद्देश्यले गरिने भाषा शिक्षणसम्बन्धी क्रियाकलापहरूको योजनाबद्ध र व्यवस्थित कार्यक्रमलाई भाषा पाठ्यक्रम भनिन्छ ।

### २.२.३ भाषा पाठ्यक्रमका तत्त्वहरू

भाषा पाठ्यक्रमका महत्त्वपूर्ण अवयवका रूपमा भाषा पाठ्यक्रमका तत्त्वहरू लिइन्छ । भाषिक सिपहरूको विकास (बोद्ध र अभिव्यक्ति) गराउनका लागि भाषा पाठ्यक्रम निर्माण गरिन्छ । भाषा पाठ्यक्रम निर्माण गर्दा विभिन्न प्रक्रियाहरू पुरा गर्नुपर्दछ । यस्तो प्रक्रियामा क्रमवद्धता र व्यवस्थित रूप हुनुपर्दछ । अन्य विषयका पाठ्यक्रम र भाषा पाठ्यक्रममा भिन्नता हुन्छ । भाषा भनेको सिप र कलासँग सम्बद्ध अभ्यासमूलक विषय हो । कतिपय विषयहरूमा सिप पक्षभन्दा ज्ञान पक्षतिर बढी झुकाव राख्दछन् । त्यसैले विषयगत पाठ्यक्रम र भाषा पाठ्यक्रमभित्र निम्नलिखित तत्त्वहरू रहेका हुन्छन् ।

#### २.२.३.१ उद्देश्य

पाठ्यक्रमको पहिलो तत्त्वको रूपमा उद्देश्यलाई मानिन्छ । कुनै पनि कार्यक्रम सञ्चलान गर्नको पछाडि निश्चित उद्देश्यहरू निर्धारण गरिएको हुन्छ । शैक्षिक कार्यक्रममा पनि बालकहरूको व्यवहारमा केही न केही परिवर्तन ल्याउने प्रयासले गरेको हुन्छ । शिक्षाको निश्चित अवधि पुरा गरिसकेपछि समाजले विद्यार्थीहरूबाट गरेको अपेक्षालाई पुरा गर्न पाठ्यक्रमले तयार गरेको मार्ग निर्देशन नै वास्तवमा उद्देश्य हो । पाठ्यक्रमका उद्देश्यले पाठ्यवस्तु, शैक्षिक सामग्री, शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कन प्रक्रियाको निर्धारणमा सहयोग पुऱ्याउँछ (शर्मा एन्ड शर्मा, २०६९, पृ. ४०) । उद्देश्य निर्माण गर्दा समाजको राजनैतिक, सांस्कृतिक अवस्था, मान्यता, समाजको स्वरूप, ज्ञानको प्रकृति, बालमनोविज्ञान आदि कुराहरूमाथि ध्यान पुऱ्याई उद्देश्यलाई व्यावहारिक र विशिष्ट बनाउनुपर्छ । उद्देश्य बनाउँदा विद्यार्थीले प्राप्त गर्नुपर्ने ज्ञान, सिप र तिनको प्राप्तिका लागि आवश्यक क्रियाकलाप माथि ध्यान पुऱ्याउनुपर्दछ ।

पाठ्यक्रममा समावेश गरिने उद्देश्यहरू साधारण र विशिष्ट गरी दुई प्रकारका हुन्छन् । साधारण उद्देश्य भन्नाले कुनै पनि विषयको अध्ययन पश्चात् विद्यार्थीहरूले प्राप्त गर्ने ज्ञान र जानकारीहरूको बारेमा सामान्य तरिकाले उल्लेख गरिएको हुन्छ । यसले कुनै

पनि खास व्यवहारलाई उल्लेख नगरी सरदर रूपमा ज्ञानको मात्र निर्धारण गरेको हुन्छ । यस्ता उद्देश्यहरूमा कुनै विशेष पक्षको किटान नगरीकन समग्रमा सबै पक्षलाई समेट्ने गरी उद्देश्य बनाइएको हुन्छ । साधारण उद्देश्यका आधारमा कक्षागत रूपमा निर्धारण गरिएको उद्देश्य विशिष्ट उद्देश्य हो । विशिष्ट उद्देश्यमा कुनै पनि कक्षाको अन्त्यमा हासिल गर्न सकिने सिपगत उद्देश्यहरू राखिएका हुन्छन् ।

### २.२.३.२ **विषयवस्तु**

पाठ्यक्रमले उद्देश्यको निर्धारण गरेपछि विद्यार्थीहरूलाई केही सिकाउने अपेक्षा राखेको हुन्छ । त्यही सिकाउने कुरालाई विषयवस्तु या पाठ्यवस्तु भन्न सकिन्छ । विद्यार्थीको व्यवहारमा परिवर्तन ल्याउनका लागि आवश्यक ज्ञान, सिप, व्यवहार आदिको अनुभवको साङ्गठित स्वरूप नै विषयवस्तु हो ।

विषयवस्तु पाठ्यक्रमको त्यस्तो सबल र प्रभावकारी पक्ष हो जसले विद्यार्थीमा चाहेको व्यवहार निर्माणका लागि चाहेअनुसारका विषयवस्तुहरू प्रस्तुत गर्दछ । जसले गर्दा विद्यार्थीका व्यवहारमा परिवर्तन आउन सकोस् । जेहोस् पाठ्यक्रम विषयवस्तुको विशेष स्थान रहेको हुन्छ । औपचारिक शिक्षामा विषयवस्तुको सङ्गठन गर्दा वैधता, महत्त्व, चाख र सिकाइयोग्य आधारहरूलाई छनोटको आधार मानिनुपर्दछ । भाषा पाठ्यक्रममा उद्देश्यहरू स्पष्ट, सरल, सुबोध र व्यावहारिक हुनु जति जरुरी छ त्यत्तिकै स्तरयुक्त, दर्शनीय, मापनीय र समयसीमा पुरा हुन सक्ने खालका हुनु पनि जरुरी छ (पौडेल, २०६९, पृ. २३८) । त्यसरी समाजको आवश्यकता ज्ञानको क्षेत्रमा दिनहुँ भइरहेको विष्फोटन, सामाजिक र सांस्कृतिक वातावरणमा आएको परिवर्तन, औद्योगीकरण, सञ्चार, माध्यम व्यक्तिगत जीवनका जटिलता आदिले पनि विषयवस्तुको छनोटमा प्रभाव पारेको हुन्छ ।

### २.२.३.३ **शिक्षण सिकाइ क्रियाकलाप**

पाठ्यक्रमका विषयवस्तुलाई विद्यार्थी समक्ष पुऱ्याउन गरिने क्रियाकलापलाई शिक्षण सिकाइ क्रियाकलाप भनिन्छ । पाठ्यक्रमले उद्देश्य निर्धारण गरेपछि उक्त उद्देश्य परिपूर्तिका लागि छनोट गरेका विषयवस्तुलाई विद्यार्थी समक्ष पुऱ्याउने विभिन्न विधि र माध्यमहरू हुन्छन् । जसमा शिक्षकले सफल तरिकाले प्रस्तुत गर्ने प्रयास गर्दछ भने विद्यार्थीले सहभागी भई ग्रहण गर्ने कार्य गर्दछ । यसरी शिक्षक, विद्यार्थी र पाठ्यवस्तुका बिचको योजनाबद्ध र नियन्त्रित तवरबाट शिक्षण सिकाइ क्रियाकलाप वा विविध शिक्षण

विधिको प्रयोग नै शिक्षण सिकाइ क्रियाकलाप आधार हो । विद्यार्थीको वैयक्तिक भिन्नता, चाख, प्रवृत्ति आदिका आधारमा समेत विभिन्न विधिहरूको प्रयोग गर्न सकिन्छ । विद्यार्थीका व्यक्तिगत विभिन्नता, इच्छा अनुभवहरू प्रदान गर्न शिक्षकले ध्यान दिनुपर्दछ ( शर्मा एन्ड शर्मा, २०६९, पृ. ४८) । तर जेहोस् साना कक्षामा बालबालिकाहरूलाई ठोस र वास्तविक जीवनसँग मेल खाने गरी उनीहरूलाई नै सक्रिय गराउने विधि प्रयोग गर्नुपर्दछ । सिकाइको अवसर, स्रोत सामग्रीको उपलब्धता, शिक्षक विद्यार्थीको सम्बन्ध र प्रदान गर्ने विषयवस्तुका आधारमा पाठको तयारी गरेर शिक्षकले उचित क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।

#### २.२.३.४ मूल्याङ्कन

मूल्याङ्कन पाठ्यक्रमको अर्को प्रभावकारी एवम् महत्त्वपूर्ण तत्त्व हो । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य पुरा भए की भएनन् भनी लेखाजोखा गर्ने कार्यलाई मूल्याङ्कन भनिन्छ । पाठ्यक्रमले निर्धारण गरेअनुसार विद्यार्थीमा उपलब्धि भयो कि भएन भनेर विद्यार्थीको उपलब्धिको लेखाजोखा गर्नु मूल्याङ्कन हो । मौखिक लिखित कार्यकलाप, प्रयोग सन्दर्भमूलक कार्यकलाप, अभिनयात्मक वा नाटकीकृत कार्यकलाप, संवादात्मक कार्यकलाप, परियोजनामूलक र सामूहिक कार्यकलाप आदि असीमित प्रक्रियाबाट भाषिक मूल्याङ्कनलाई सबलीकृत गरिएको हुन्छ (पौडेल, २०६९, पृ. २२९) । मूल्याङ्कन निरन्तर चलिरहने प्रक्रिया हो । भाषा पाठ्यक्रमका उद्देश्यहरू पुरा गरिएका पाठ्यवस्तु, शिक्षण क्रियाकलाप, शिक्षण विधिहरू उपयुक्त वा अनुपयुक्तताको विश्लेषण गर्ने र आवश्यक पृष्ठपोषण दिने कार्य मूल्याङ्कनले गर्दछ । भाषिक मूल्याङ्कन, औपचारिक, अनौपचारिक, लिखित, मौखिक, निर्माणात्मक तथा निर्णयात्मक हुन्छन् । भाषा पाठ्यक्रमले निर्णयात्मक मूल्याङ्कन मात्र नभएर निर्णयात्मक मूल्याङ्कनलाई पनि स्पष्ट निर्देश गर्नुपर्दछ । यसरी भाषा पाठ्यक्रमले मूल्याङ्कन प्रक्रियालाई भाषिक सिपगत रूपमा निर्देश गर्न सकेमा मात्र पाठयक्रमको उद्देश्य प्राप्त गर्न सकिन्छ ।

### २.२.४ भाषा पाठ्यपुस्तकको परिचय

भाषाका चार वटा सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को विकास गर्ने उद्देश्य राखी ती सिपहरूमा दक्ष बनाउने विषयवस्तुको प्रयोग गरी भाषालाई साध्य र साधनका रूपमा उपयोग गर्ने गरी भाषा पाठ्यक्रम अनुसार निर्माण गरिएको पाठ्य सामगीलाई नै

भाषा पाठ्यपुस्तक भनिन्छ । भाषा पाठ्यपुस्तक भाषा पाठ्यक्रमका उद्देश्य परिपूर्ति गर्नमा केन्द्रित हुन्छ । भाषा पाठ्यपुस्तकको निर्माण पाठ्यक्रमकै आधारमा  गरिन्छ । यसमा साहित्यिक र साहित्येतर दुबै विषयवस्तु समावेश गरिएको हुन्छ । यसले भाषिक ज्ञान र साहित्यिक सामर्थ्य विकासमा सहयोग गर्दछ । यसबाट सृजनात्मक वा रचनात्मक क्षमताको विकासमा मद्दत पुग्दछ । भाषा पाठ्यपुस्तक खास तह र कक्षाका विद्यार्थीहरूको स्तर र रुचिलाई ध्यान दिई अपेक्षित सिकाइ उपलब्धि विकासका निम्ति तयार गरिएको हुन्छ (भुसाल र भट्ट, २०७३, पृ. २७) । भाषा पाठ्यक्रममा भाषा शिक्षण सिकाइको सैद्धान्तिक दस्तावेज हो भने भाषा पाठ्यपुस्तक पाठ्यक्रमका सैद्धान्तिक कुराहरूलाई व्यावहारिक कार्यकलाप वा प्रक्रियामा ढालेर उद्देश्य पूर्ति गर्न सहयोग पुऱ्याउने भरपर्दो सामग्री हो । भाषा पाठ्यपुस्तक विद्यार्थीहरूको मानसिक, सांवेगिक, बौद्धिक पक्षका साथै रुचि, आवश्यकता र सिकाइ प्रवृत्ति समेतलाई ख्याल गरी मनोवैज्ञानिक सिकाइ अनुक्रममा तयार  गरिएको हुन्छ (पौडेल, २०६९, पृ. २६३) । विद्यार्थीहरूलाई दोहोऱ्याएर पढ्न, अभ्यास गर्न, गृहकार्य गर्न, कक्षा कार्यकलापलाई प्रभावकारी बनाउन र स्वाध्ययन गरेर सिक्न समेत महत्त्वपूर्ण सहयोग पुऱ्याउँछ ।

भाषा पाठ्यपुस्तकका बारेमा दिइएका परिभाषाहरू पर्याप्त छैनन् । त्यसैले पाठ्यपुस्तकका परिभाषाहरूबाटै भाषा पाठ्यपुस्तकका परिभाषा खोज्नुपर्ने हुन्छ । पाठ्यपुस्तक सम्बन्धी केही परिभाषाहरू तल उल्लेख छन् :

- पाठ्यपुस्तक भनेको कुनै निश्चित तहमा खास विषयको निर्धारित पाठ्यांशका लागि व्यवस्थित ढङ्गले तयार पारिएको अपेक्षित शिक्षण सिकाइमा प्रयोग गरिने मुख्य अध्ययन स्रोत सामग्री हो । - गुड (१९५९)
- पाठ्यपुस्तक भनेको विशेषज्ञहरूद्वारा सम्बन्धित क्षेत्रमा उपयोगी हुने शिक्षण प्रक्रिया अँगाली सतर्कतापूर्वक तयार  गरिएको कक्षाकोठाको प्रयोग सामग्री हो । - ब्रेकन र ह्यारिस (१९६०)
- पाठ्यपुस्तक भनेको पुस्तकको एक विशिष्ट प्रकार हो । कहिलेकाहीँ यसले नवीन ज्ञान पनि दिन सक्छ तर त्यो यसको मुख्य कार्य होइन, यसको प्रमुख कार्य त निर्धारित क्षेत्रमा सम्बन्धित विद्यार्थीहरूलाई क्रमबद्ध ज्ञान दिलाउनु हो । - हिल्टन ( १९६९)

- विद्यालय वा विद्यापीठहरूमा विद्यार्थीहरूलाई औपचारिक ढङ्गले पढाउने पुस्तक नै पाठ्यपुस्तक हो । - बृहत् नेपाली शब्दकोश (२०५२)
- कुनै विषयका सिद्धान्तहरूमा शिक्षण प्रदान गर्ने खास गरी आंशिक वा पूर्ण पाठ्यांशमा आधारित पुस्तक नै पाठ्यपुस्तक हो । - बेब्स्टर्स न्यु वर्ल्ड डिक्सनरी ( १९७२)

यसरी माथिका परिभाषालाई हेर्दा भाषा पाठ्यपुस्तक भनेको कुनै पनि भाषाको विषयमा शिक्षकलाई निर्देशन तथा नियन्त्रण गर्ने एवम् विद्यार्थीहरूलाई पुनरावृत्ति र अभ्यासका सन्दर्भमा उपयोग गर्न पाठ्यक्रमद्वारा निर्धरित उद्देश्य पुरा गर्न तयार पारिएको सामग्री हो ।

### २.२.५ भाषा पाठ्यपुस्तकका आन्तरिक विशेषताहरू

भाषा पाठ्यपुस्तकभित्र रहने प्राज्ञिक वा आन्तरिक गुणलाई नै भाषा पाठ्यपुस्तकको आन्तरिक विशेषता भनिन्छ । यो भाषा पाठ्यपुस्तकको लागि नभई नहुने गुण हो । यही विशेषताले अन्य विषयका पाठ्यपुस्तक र भाषा पाठ्यपुस्तक भिन्न हुन पुगेको हो ।

यस्ता आन्तरिक विशेषताहरू निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

#### २.२.५.१ पाठ्यवस्तु

यसलाई भाषा पाठ्यपुस्तकको केन्द्रीय अवयव पनि भनिन्छ । यही विषयवस्तु र पाठ्यवस्तुका माध्यमले सिकारुमा भाषिक सिपको अभिवृद्धि गराउँछ । सिकारुलाई अपेक्षित सिपमा दक्ष बनाउन पाठ्यक्रमले दिग्दर्शित  गरेको, पूर्व शैक्षणिक अनुभवसँग मेल खाने किसिमका पाठ्यवस्तुहरू भाषा पाठ्यपुस्तकमा राखिनु पर्दछ । यसरी राखिएका पाठ्यवस्तुहरू सिकारुको रुचि र आवश्यकता अनुसार हुनुपर्दछ । भाषा पाठ्यपुस्तकहरूमा सिकारुको मानसिक शारीरिक बौद्धिक पक्षअनुकूलका विषयवस्तु राखिनु पर्दछ (लम्साल र अन्य, २०६७ : ७३) । भाषा पाठ्यक्रममा सामाजिक, सांस्कृतिक, ऐतिहासिक, राजनैतिक, धार्मिक साहित्यिक, कला, प्राकृतिक एवम् वातावरण विज्ञान तथा प्राविधिक आदि विभिन्न ज्ञान विज्ञानका क्षेत्रबाट पाठ्यवस्तु छनोट गर्न सकिन्छ । यी व्यापक क्षेत्रबाट छनोट गरिएका पाठ्यवस्तु विद्यार्थीको उमेर, रुचि एवम् तहअनुसार छनोट र स्तरण गरिनु पर्दछ ।

भाषिक सिप विकासका लागि विद्यालयमा गरिने सम्पूर्ण कार्यकलापहरू पनि एक किसिमका पाठ्यवस्तु नै हुन् । यसका साथै विद्यालयका सम्पूर्ण वातावरण तथा घर, परिवार, समाज आदि सबै पाठ्यक्रमका पाठ्यवस्तु हुन् । भाषिक सिप, भाषातत्त्व, सामाजिक, आर्थिक, राजनैतिक, साहित्यिक, सांस्कृतिक आदि विभिन्न क्षेत्रबाट छनोट गरिएका पाठ्यक्रममा विषयवस्तुको ज्ञानभन्दा पनि भाषिक सिपको ज्ञान चाहिँ महत्त्वपूर्ण हुन्छ । यस्ता व्यापक र विस्तृत पाठ्यपुस्तक निर्माता सचेत हुनु आवश्यक छ ।

यसरी भाषा पाठ्यक्रमको उद्देश्य प्राप्त गर्न उपयुक्त ढङ्गले पाठ्यवस्तुको क्षेत्र र क्रमलाई सङ्गठित गर्नुपर्दछ ।

**२.२.५.२ शब्द भण्डार**

भाषा पाठ्यपुस्तकका आन्तरिक विशेषताहरूमा शब्द भण्डारलाई अर्को प्रमुख आधारको रूपमा लिइन्छ । शब्द भण्डार प्रयोग गर्ने क्रममा भाषाका पाठ्यपुस्तकमा सिकारुको भाषिक पृष्ठभूमि, स्तर, क्षमता रुचि, आवश्यकता जस्ता कुरालाई ख्याल गरी तिनका आधारमा नै शब्द भण्डारको उपयोग गरिनुपर्दछ (लम्साल र अन्य, २०६७ : ७३) । यसरी उपयोगमा आएका शब्दहरूले भाषिक बोध, अभिव्यक्ति क्षमताको विकास गराई सिकारुलाई भाषिक  उन्नयनको मार्गमा अभिमुख गराउन सक्नुपर्दछ ।

भाषा पाठ्यपुस्तकमा राखिएका शब्दहरू आवृत्ति तथा अभ्यासात्मक प्रयोगमा आउनुपर्दछ । यसैगरी आवश्यकता र क्रमबद्ध रूपबाट लोकोक्ति तथा उखान टुक्कालाई पनि प्रवेश गराउनुपर्दछ । भाषा पाठ्यपुस्तकमा प्रयोग गरिएका शब्दहरू शुरुमा सरल तथा तद्भव र पछि मात्रै तत्सम र आगन्तुक शब्दहरूको प्रयोग गरिनुपर्दछ । पाठ्यपुस्तकमा ८० प्रतिशत विद्यार्थीले जानेका शब्दहरूको प्रयोग गरिनुपर्छ । एउटै  पाठ्यपुस्तकभित्र पनि अघिल्लो पाठभन्दा दोस्रो पाठमा २० प्रतिशतभन्दा बढी नहुने गरी नयाँ शब्दहरू थप्नुपर्दछ (पौडेल, २०६९ : २७१) । यिनै उल्लिखित सान्दर्भिक कुराहरूको आधारमा कुनै पनि भाषा पाठ्यपुस्तकमा शब्द भण्डारको स्तरण गर्न सकिएमा भाषा पाठ्यपुस्तकको पाठ्यक्रमले उद्देश्य प्राप्त गर्न सकिन्छ ।

**२.२.५.३ भाषा**

भाषा सम्प्रेषणका लागि हो, जसलाई अभिव्यक्ति सञ्चारको माध्यम मानिन्छ । भाषिक शुद्धता र स्तरयुक्त शैली पाठ्यपुस्तकको अनिवार्य पक्ष हो (पौडेल, २०६६, पृ.

९१) । यदि पाठ्यांशका प्रयुक्त भाषाशैली शुद्ध, प्रवाहपूर्ण, सरल एवम् आकर्षक बन्न सके भाषिक एवम् शैलीका कारण पाठ्यवस्तुमा निहित विचार स्पष्ट र बढी सम्प्रेषित बन्न पुग्छ । भाषाको जटिल संरचना प्रस्तुत गरी लेखिएका पाठ्यपुस्तकहरू प्रारम्भिक र मध्यम स्तरसम्म एकदमै अनुपयुक्त मानिन्छन् किनकि त्यस्ता संरचनाले विद्यार्थीको भाषा सिकाइ र अभ्यासमा टेवा गर्नुको सट्टा उद्देश्य विपरीतको त्रास र हैरानीतर्फ धकेल्छन् ।

भाषिक संरचना तल्लो कक्षाबाट माथिल्लो कक्षामा जाँदा क्रमशः कस्दै लैजानुपर्दछ । शब्दप्रयोगमा पनि स्तरअनुसार सरल, व्यावहारिक र रुचिपूर्ण तथा सुरुमा कम तथा सरल शब्दहरूको प्रयोगबाट वाक्यनिर्माण र पछि अपेक्षाकृत केही जटिल शब्द र केही बढी शब्दहरूको योगबाट भाषाको प्रयोग र अभ्यास गराइएको हुनुपर्दछ । भाषा पाठ्यपुस्तकले पाठ्यक्रमका भाषिक उद्देश्य पुरा गर्ने गरी अभ्यासहरूको उपयुक्त र स्तरयुक्त व्यवस्था मिलाउनु आवश्यक छ ।

**२.२.५.४ अभ्यास**

अभ्यास शैक्षिक पाठ्यपुस्तकको अभिन्न अङ्ग हो, जसको अभावमा पाठ्यपुस्तक लेखन र शिक्षण कार्य पुरा भएको मानिँदैन । पाठ्यपुस्तकभित्र समाविष्ट पाठ्यपुस्तकहरूको अन्त्यमा विषयको ज्ञान-सिपको विकासका लागि विभिन्न प्रकृतिका अभ्यासहरू राखिएका हुन्छन् (पौडेल, २०६६, पृ. ९३) । भाषा पाठ्यपुस्तकमा अभ्यासले त सिकारुमा स्पष्ट दिशाबोध गर्दछ । अभ्यास खण्डबाट सिकारुमा ग्रहण (सुनाइ + पढाइ) र प्रकट (बोलाई + लेखाइ) सिपको विकासमा प्रशस्त टेवा मिल्दछ र सिकारु भाषिक कलामा प्रखर बन्दछ ।

अभ्यास स्तम्भभित्रका प्रश्नहरू विशेषतः ज्ञानमूलक, बोधमूलक र प्रयोगमूलक तथा भाषा शिक्षणका सन्दर्भमा सिपमूलक हुनुपर्छ । जसबाट विद्यार्थीहरूको निर्माणात्मक, निर्णयात्मक र सिर्जनात्मक क्षमताको मूल्याङ्कन सहजै गर्न सकियोस् । वस्तुतः असल पाठ्यपुस्तकहरूमा अभ्याससम्बन्धी प्रशस्त आधारहरू प्रस्तुत गर्नुका साथै आवश्यक निर्देशन पनि दिएको हुन्छ र दिनुपर्छ ।

**२.२.५.५ चित्र**

चित्र भनेको वस्तु एवम् वातावरणको प्रतिवृत्ति हो । यसले बाह्य वस्तु र वातावरणको प्रतिनिधित्व गर्दछ । अतः विषयवस्तुलाई स्पष्टताका साथ अध्यापन गराउँदा

प्रयोगमा ल्याइने रेखाचित्र, मानचित्र, फोटो, छाया, चित्रपट, प्रतिभा एवम् मूर्त-अमूर्त आवृत्ति सबै चित्रात्मक साधनहरू हुन् । शिक्षण सिकाइ क्रियाकलापमा चित्रहरू सहायक सामग्रीमा पर्दछन् । जसको प्रयोगले विद्यार्थीहरूलाई पाठ्यविषयप्रति आकर्षित गराउन पोषकतत्त्वको काम गर्दछ ।

चित्रहरूको प्रयोग सकेसम्म पाठ्यपुस्तकभित्र समावेश हुनु राम्रो मानिन्छ । भनिन्छ, हजारौँ शब्दमा बयान गरेर अर्थ र धारणा प्रस्ट पार्न नसकिने कुरालाई एउटै चित्रले सजिलै र स्पष्ट धारणा बसाल्छ (पौडेल, २०६९, पृ. २७४) । पाठ्यपुस्तकमा चित्र निर्माण गर्ने कार्यमा जोड दिनु भनेको सजिलोसँग वस्तुको धारणा बसाउन र पाठ्यवस्तुको पठनीयताको कठिनाइस्तर कम गर्ने कार्यमा सहयोग पुऱ्याउनु हो । यसरी शिक्षण क्रियाकलापमा विषयगत अवधारणा बसाल्नका लागि स्पष्ट र सचित्र उदाहरणको सधैँ खाँचो रहने भएकाले पाठ्यवस्तुमा प्रयुक्त मूर्त र अमूतै विषयको चित्र पाठ्यपुस्तक निर्माणको एउटा अङ्गको रूपमा रहन गएको छ ।

**२.२.५.६ भूमिका तथा निर्देशन**

भूमिका तथा निर्देशन पाठ्यपुस्तकको महत्त्वपूर्ण भागको रूपमा लिइन्छ । भूमिका तथा निर्देशनद्वारा शिक्षणीय पाठ्यवस्तुव बारेमा दिशानिर्देशन प्राप्त गर्न सकिन्छ । पाठ्यपुस्तकको सम्बन्धमा आवश्यक जानकारी तथा शिक्षकलाई पाठ्यपुस्तकको शिक्षण पद्धतिको संक्षेपमा जानकारी गर्ने कार्य यसले गर्दछ । पाठ्यपुस्तकमा दिइने भूमिका तथा निर्देशन शिक्षकलाई शिक्षणमा सहयोग पुऱ्याउन स्पष्ट र व्यावहारिक हुनुपर्दछ ।

**२.२.५.७ शब्दसूची**

भाषा पाठ्यपुस्तकमा विभिन्न पाठहरू समावेश भएका हुन्छन् जसमा विभिन्न शब्दहरूको प्रयोग भएको हुन्छ । भाषा पाठ्यपुस्तकको अन्त्यमा त्यसमा प्रयोग भएका नयाँ शब्दहरू तथा उखान टुक्काहरूको सूची अकारादि क्रममा मिलाएर राख्दा उपयुक्त हुन्छ जसबाट शिक्षक तथा विद्यार्थीलाई प्रयोग गर्न सजिलो हुन्छ ।

**२.२.६ भाषा पाठ्यपुस्तकको बाह्य विशेषताहरू**

भाषा पाठ्यपुस्तकको विश्लेषण बाह्य भौतिक गुणको आधारमा गरिन्छ । भाषा पाठ्यपुस्तकका परिधीय स्वरूप अर्थात् बनोट, अक्षराकार र ठाउँ छोडाइ, छपाइ र बँधाइ, कागजको स्तर, मूल्य, सुलभता तथा अन्य कतिपय बाह्य प्रबन्धका कुराहरू पर्दछन् । भाषा

पाठ्यपुस्तक अन्य  पाठ्यपुस्तक भन्दा अलग छुट्टिन सकोस्, बलियो होस् पढुँपढुँ लाग्ने खालको होस्, सजिलै उपलब्ध हुन सकोस्, मोल पनि धेरै नहोस् र छपाइँ बधाइ आदि कुराले अस्त व्यस्त एवम् कमजोर नहोस् भन्ने दृष्टिकोण नै बाह्य विशेषताको अपेक्षा हो । यिनै विशेषतालाई छोटकरीमा तल चर्चा गरिएको छ ।

### २.२.६.१ आवरण पृष्ठ

आवरण पृष्ठ पाठ्यपुस्तकको कवच हो । यही कवचद्वारा पाठ्यपुस्तकको सुरक्षा हुन्छ । आकर्षण आवरण र आकार प्रकारलाई बनोट भनिन्छ (लम्साल र अन्य, २०६७, पृ. ७५) । आवरण पृष्ठलाई पाठ्यपुस्तकको बाहिरी अनुहारका रूपमा लिइन्छ । पुस्तकको महत्त्व झल्काउन आवरण पृष्ठले सुनमाथि सुगन्धको काम गरिरहेको हुन्छ । त्यसैले पाठ्यपुस्तकको बाह्य स्वरूप विषय सुहाउँदो कलात्मक र आकर्षक हुनुपर्छ । आवरण पृष्ठमा विषयगत तथ्य, सूचना, जस्ता वस्तुपरक एवम् भाव तथा वैचारिक अभिव्यक्तलाई प्रतिविम्बित गर्ने शब्द र चित्र प्रयोग गर्नुपर्छ । यस क्रममा मूर्त, अमूर्त शब्द र चित्रहरूको आवरण तयार पार्नुपर्छ । खासगरी पुस्तक र पाठ्यपुस्तकको नाम जुराउने कार्यमा शब्द चयनका साथै चित्र संयोजनले पनि पाठ्यपुस्तकको विषयवस्तुको प्रतिनिधित्व गरी शीर्षक वा नामलाई सार्थक बनाउन मद्दत गर्दछ । आवरणमा प्रयोग गरिने कागज पाठकको तह र स्तर हेरी राम्रो, मोटो बलियो र टिकाउपूर्ण हुन पनि अत्यावश्यक छ ।

### २.२.६.२ अक्षराकार र ठाउँ छोडाइ

भाषा पाठ्यपुस्तकमा प्रयुक्त अक्षरको आकार र ठाउँ छोडाइ कक्षाअनुसार फरक फरक हुन्छ । तल्ला कक्षामा ठुला र माथिल्ला कक्षा बढ्दै गएपछि अक्षरको आकार केही साना हुन आवश्यक हुन्छ । सामान्यतः बालबालिकाका लागि उनीहरूको दृष्टि, क्षमता सुहाउँदो हुने गरी अक्षरको प्रयोग गर्नुपर्छ । अक्षर चिनाउने र लेख्ने अभ्यासका लागि त सम्बन्धित अक्षरका लागि १२० प्वाइन्टसम्म ठुला अक्षर उपयुक्त मानिन्छ । कक्षा १ सम्म सामान्य पठन लागि ६० प्वाइन्टसम्मका अक्षराकार उपयुक्त मानिन्छ । त्यसैगरी कक्षा २ मा पुग्दा २४ देखि ३६ प्वाइन्टसम्म र कक्षा ३ का लागि १६ देखि २० प्वाइन्टसम्मका अक्षर उपयुक्त मानिन्छन् । कक्षा ४ र ५ का लागि १४/१६ प्वाइन्टसम्म र त्यसभन्दा माथि १२/१४ प्वाइन्टसम्मका अक्षराकार उपयुक्त मानिन्छन् (पौडेल, २०६९, पृ. २६७) । पाठशीर्षक ठूला अक्षरमा, उपशीर्षक केही साना अक्षरमा र पाठ्यांशहरू सोभन्दा साना र फरक हुनु जरुरी छ । अक्षर अक्षरबीचको अन्तराल, शब्द शब्दबीचको अन्तराल र पङ्क्ति

पङ्क्तिबिचको अन्तराल वा ठाउँ छोडाइमा पनि विशेष ध्यान दिनु जरुरी हुन्छ । कागजको तल १ इन्च, माथि १$\frac{१}{२}$ इन्चसम्म छाड्नु उपयुक्त मानिन्छ ।

### २.२.६.३ **छपाइ र बँधाइ**

भाषा पाठ्यपुस्तकको बाह्य विशेषताका रूपमा छपाइ र बँधाइको महत्त्वपूर्ण भूमिका हुन्छ । छपाइ भन्नाले छपाइसम्बन्धी प्राविधिक काम भन्ने बुझिन्छ (लम्साल र अन्य, २०६७ : ७६) । बँधाइ कार्य सामान्यतः स्टेपलर पिन तथा धागोद्वारा गरिन्छ । यी दुबै तरिकामध्ये कुनै एकलाई उपयोगमा ल्याउन सकिन्छ तापनि सबैभन्दा राम्रो तरिका चाहिँ धागोको बँधाइ हो ।

भाषा पाठ्यपुस्तक छाप्दा मजबुत र वैज्ञानिक रूपले छाप्नुपर्छ । प्राथमिक तहमा रङ्गिन मसीको प्रयोग गरी शीर्षक, उपशीर्षक तथा आवश्यक सङ्केत गर्नु परेमा गाढा मसी प्रयोग गरी छाप्न सकिन्छ । पाठ्यपुस्तकमा प्रयोग गरिएका पाना उप्किने, खलबलिने डरबाट बच्न कागजलाई बलियो धागोले सिलाएर, स्टेपलरले क्लिप गरेर, गम अथवा फेबिकलले बलियो गरी जमाएर मजबुत बँधाइ गराउनु पर्छ । यसैगरी किताबको पाना पल्टाएर जुन ठाउँ राखे पनि अडिने हुनुपर्छ ।

### २.२.६.४ **कागजको स्तर**

भाषा पाठ्यपुस्तकको कागज चिप्लो, सेतो र बाक्लो किसिमको हुनुपर्दछ । राम्रो स्तरयुक्त कागजमा छपाइ पनि राम्रो हुन्छ । पातलो नराम्रो किसिमको कागजको प्रयोग गर्नु उपयुक्त मानिँदैन किनभने एकापट्टिको अक्षर अर्कोपट्टि छापिएर स्पष्टसँग पढ्न सकिँदैन । त्यसैले कागजको स्तर उच्च कोटिको हुनुपर्छ । घामपानी र शीतको असर नगर्ने कागज भएमा धेरै उपयोगी हुन्छ । स्तरीय कागजको प्रयोग गरिएमा धेरै लामो समयसम्म टिक्न सक्छ ।

### २.२.६.५ **मूल्य**

धेरै चर्को खालको मूल्य राख्नु हुँदैन । राष्ट्रिय अर्थतन्त्र तथा जनताको क्रयशक्तिलाई ख्याल गरी पाठ्यपुस्तकको मूल्य निर्धारण गरिनुपर्छ । मूल्यका कारण पाठ्यपुस्तक प्रयोग हुन नसक्ने खालको हुनु हुँदैन । राष्ट्रिय दायित्व, अर्थतन्त्र र समसामयिक राष्ट्रिय परिवेशलाई नियाली पाठ्यपुस्तकको मूल्य निर्धारण गरिनु उपयुक्त हुन्छ ।

२.२.६.६ **सुलभता**

सुलभताको अर्थ सजिलैसँग प्राप्त हुन सक्ने अवस्था हो । खोजेको बेलामा जहाँतहीँ पाउन सकिने स्थिति नै सुलभता हो । खोजेको बेलामा जहाँ तही पाउन सकिने स्थिति नै सुलभता हो । हाम्रो जस्तो दुर्गम क्षेत्र अधिक भएको देशमा पाठ्यपुस्तकको सुलभता सबै ठाउँमा एकनासको छैन । सुगम सहरी क्षेत्रमा जति सजिलै भनेको बेलामा पाठ्यपुस्तकहरू उपलब्ध हुन सक्छन् त्यति मात्रामा दुर्गम ग्रामीण क्षेत्रमा प्राप्त हुन सक्दैनन् । शैक्षिक सत्र सुरु भइसकेको धेरै समय पछि मात्र अझ कहिले त सत्र समाप्तिको अन्त्यतिर मात्र पाठ्यपुस्तक उपलब्ध हुने स्थिति पनि बेहोर्नु परेका कयौँ घटनाहरू देख्न र सुन्न सकिन्छ । पाठ्यपुस्तक जति नै राम्रो भए पनि सुलभ नभमा उपादेयता रहँदैन ।

२.२.६.७ **अन्य/विविध**

उक्त माथि वर्णन गरिएका भन्दा अन्य विशेषता पनि रहेका हुन्छन् । आवरण पृष्ठमा लेखक, प्रकाशक, संस्करण, प्रकाशन वर्ष, सम्पादक, कक्षा र तह विभिन्न सङ्घ संस्था विद्वान् आदिका मन्तव्यहरूलाई राखिनुपर्दछ । विषय सूचीमा पृष्ठ, विधा र लेखक तथा सङ्कलन आदि कुराहरू स्पष्ट बुझिने गरी राखिनु पर्दछ ।

२.२.७ **भाषा पाठ्यक्रम र भाषा पाठ्यपुस्तकको सम्बन्ध**

भाषा पाठ्यक्रम र भाषा पाठ्यपुस्तकका बिच निकट सम्बन्ध रहेको हुन्छ । भाषा पाठ्यक्रमकै आधारमा भाषा पाठ्यपुस्तक निर्माण गरिएको हुन्छ । पाठ्यक्रमले जे जस्ता उद्देश्यहरू तय गर्दछ त्यसको आवश्यकता पूर्ति गर्नका लागि भाषा पाठ्यपुस्तक निर्माण गरिन्छ । पाठ्यक्रमले बालबालिकालाई कसरी र कुन माध्यमबाट शिक्षा दिने भन्ने कुराको निर्धारण गर्दछ । पाठ्यक्रम गुरुयोजना हो । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू तथा सिकाइ अनुभवहरूलाई सङ्गठित गर्ने माध्यम पाठ्यपुस्तक हो । पाठ्यपुस्तकले पाठ्यक्रमको उद्देश्य पुरा गर्ने साधनको रूपमा काम गर्दछ । यस शिक्षक तथा विद्यार्थीलाई शिक्षण सिकाइ क्रियाकलापलाई सहज गराई सिकाइ उपलब्धि हासिल गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ । यसैले पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध घनिष्ट रहेको हुन्छ ।

पाठ्यक्रममा उद्देश्य, विषयवस्तु, शिक्षण सिकाइ विधि, शिक्षण सामग्री र मूल्याङ्कनका प्रक्रियाको बारेमा स्पष्ट व्याख्या गरिएको हुन्छ । पाठ्यपुस्तकमा विषयवस्तुको विस्तृतीकरण र अभ्यासका लागि क्रियाकलापहरू समावेश गरिएको हुन्छ । पाठ्यक्रम शैक्षिक कार्यक्रमका लागि एक अपरिहार्य आवश्यकता हो । पाठ्यपुस्तक

पाठ्यक्रमको एक अंश हो । यो पाठ्यक्रम जत्तिकै अनिवार्य आवश्यकता होइन । पाठ्यक्रमको निर्माणमा शिक्षाशास्त्री, समाजशास्त्री, शिक्षक, प्राध्यापक, सुपरिवेक्षक, मनोवैज्ञानिक, विशेषज्ञ, अभिभावक आदि संलग्न हुन्छन् भने पाठ्यपुस्तक निर्माणमा साधारणतया विषय विशेषज्ञ तथा पाठ्यपुस्तक लेखकहरूको संलग्नता रहन्छ ।

पाठ्यक्रमले प्रस्ट पार्न नसकेका कुराहरूलाई पाठ्यपुस्तकले स्पष्ट पार्ने काम गर्दछ (लम्साल र अन्य, २०६९, पृ. १०४) । पाठ्यक्रम सबै ठाउँमा उपलब्ध नहुन सक्छ तर पाठ्यपुस्तक सबै ठाउँमा उपलब्ध हुन्छ । पाठ्यक्रमले निर्देशन गरेको मूल्याङ्कन पाठ्यपुस्तकका आधारमा गराइन्छ । पाठ्यक्रमले सामग्रीको स्रोत उल्लेख गरिदिने हुन्छ भने पाठ्यपुस्तकले सामग्रीलाई प्रस्तुत गर्दछ । त्यसैले पाठ्यक्रम र पाठ्यपुस्तकको बिचमा घनिष्ट सम्बन्ध हुन्छ र कुनै एकको अनुपस्थितिमा अर्कोको अस्तित्व स्थापित हुन सक्दैन ।

पाठ्यक्रम भनेको पठनयोग्य सामग्रीहरू क्रियाकलाप मूल्याङ्कन प्रक्रियाको उद्देश्यपूर्ण संयोजन हो । यसअन्तर्गत शिक्षाका राष्ट्रिय, तहगत, विषयगत उद्देश्यका साथै विषयवस्तुको क्षेत्र र क्रम, शिक्षण प्रक्रिया तथा मूल्याङ्कन प्रक्रिया समेत उल्लेख गरिएको हुन्छ । पाठ्यक्रमको उद्देश्यअनुरूप शिक्षण गर्नका लागि तयार पारिएको पुस्तकलाई पाठ्यपुस्तक भनिन्छ । पाठ्यपुस्तक तयार गर्दा विद्यार्थीको स्तर, अनुभव, आवश्यकता आदिलाई ख्याल गरी सङ्गठित गरिएको हुन्छ । पाठ्यक्रमका उद्देश्य पुरा गर्नका लागि तयार गरिएको विषयवस्तुको सङ्गालो पाठ्यपुस्तक हो । पाठ्यपुस्तकको निर्माण पाठ्यक्रम अनुरूपताका आधारमा गरिन्छ ।

भाषा पाठ्यक्रमको निर्माण पाठ्यक्रमको तत्त्वहरूको आधारमा गरिन्छ । कुनै पनि भाषा पाठ्यपुस्तकको मूल्याङ्कन पाठ्यपुस्तकको आन्तरिक र बाह्य विशेषताका आधारमा गर्न सकिन्छ । पाठ्यपुस्तकमा समावेश गरिने विषयवस्तु पाठ्यक्रमले निर्देश गरिएअनुरूप हुनुपर्दछ । तब मात्र पाठ्यक्रमले निर्देश गरेका सिकाइ अनुभव विद्यार्थीले प्राप्त गर्न सक्दछन् । उद्देश्यअनुसार विषयवस्तु नभएमा अपेक्षित सिकाइ अनुभवहरू हासिल हुन सक्दैनन् । त्यसकारण अपेक्षित सिकाइ अनुभवहरू प्राप्त गर्न पाठ्यक्रम र पाठ्यपुस्तकको महत्त्वपूर्ण हुनुपर्छ ।

# अध्याय तिन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ विधि

अनुसन्धानका लागि आवश्यक सामग्रीहरूको स्रोत, सामग्रीको सङ्कलन र त्यसको परीक्षण एवम् सत्यापनसम्मको समग्र प्रक्रियालाई शोधविधि भनिन्छ (भण्डारी, २०७४, पृ. १४८) । प्रस्तुत अनुसन्धानलाई निश्चित उद्देश्य प्राप्ति र निष्कर्षमा पुऱ्याउन मुख्यतः गुणात्मक अध्ययन विधिको प्रयोग गरिएको छ । शोधकार्य गर्दा विभिन्न विधिहरूको उपयोग गर्नुपर्दछ । शोधकार्यको अत्यन्त महत्त्वपूर्ण अङ्गका रूपमा अध्ययन विधिलाई लिइन्छ । सङ्कलित सामग्रीको अध्ययन विश्लेषणका क्रममा सैद्धान्तिक आधार तयार पार्न विभिन्न पुस्तक, पत्रपत्रिका, लेख रचना तथा शोधपत्रबाट सामग्री लिई शोध निर्देशकको सल्लाह सुझाव अनुसार शोधकार्य अगाडि बढाइएको छ ।

## ३.२ सामग्री निर्माण

अनुसन्धान कार्य गर्दा तथ्य वा सामग्रीको सङ्कलन गर्नुपर्दछ । यस्ता सामग्री अनुसन्धानका लागि कच्चा पदार्थका रूपमा रहेका छन् । अनुसन्धान कार्यमा सामग्री सङ्कलन गर्दा कुनै एउटा विधि वा पद्धतिमा मात्र भर पर्नु हुँदैन । विभिन्न विधि प्रविधि वा पद्धतिहरू अपनाएर सामग्री सङ्कलन गरियो भने मात्र विश्वसनीय र भरपर्दो तथ्याङ्क सङ्कलन गर्न सकिन्छ । कक्षा नौको 'मैथिली पोथी' पाठ्यपुस्तकको अध्ययन सैद्धान्तिक प्रकृतिको अध्ययन रहेको छ । यस्तो अनुसन्धानबाट निस्केको निष्कर्ष सत्य, तथ्य, उपयोगी र अर्थपूर्ण हुन्छ । तथ्याङ्क सङ्कलन गर्दा अनुसन्धानको विषय र क्षेत्रअनुसार फरक फरक विधिहरू अपनाउन सकिन्छ । प्रस्तुत अध्ययन पुस्तकालयीय अध्ययन कार्यमा आधारित छ ।

पुस्तकालयीय अध्ययन कार्यबाट सामग्री सङ्कलन गरी अध्ययन गरिएको छ । यसरी सामग्री सङ्कलन गरी अध्ययन गर्दा अनुसन्धानका लागि पृष्ठभूमि तयार हुने, यस विषयमा अगाडि गरिएका अनुसन्धानका बारेमा जानकारी प्राप्त हुने साथै श्रम तथा अर्थको समेत बचन गराउँदछ । उक्त अध्ययन पूरा गर्न पुस्तकालयीय अध्ययन कार्यबाट सम्पन्न गरिएको छ ।

## ३.३ सामग्री सङ्कलन

प्रस्तुत शोध कार्यका क्रममा निम्नलिखित दुई किसिमका सामग्रीहरू प्रयोगमा ल्याइएको छ :

### ३.३.१ प्राथमिक सामग्री

प्रस्तुत शोधकार्य कक्षा नौको मैथिली पोथी पाठ्यपुस्तकको अध्ययन रहने भएकाले प्राथमिक सामग्रीअन्तर्गत पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित कक्षा नौको पाठ्यक्रम र कक्षा नौको मैथिली पोथीलाई लिइएको छ ।

### ३.३.२ द्वितीयक सामग्री

प्रस्तुत शोधकार्यमा गौण सामग्रीको रूपमा शोध शीर्षकसँग सम्बन्धित पाठ्यपुस्तक, प्रकाशित कृति, समीक्षात्मक सामग्री, पत्रपत्रिका तथा पुस्तकहरूलाई अध्ययनका लागि सहायक सामग्रीका रूपमा लिइएको छ । त्यसैगरी अनुसन्धानको विषयसँग सम्बन्धित पूर्वकार्यहरू, सन्दर्भ पुस्तक, शोधकार्य, विभिन्न सरकारी गैरसरकारी सङ्घसंस्था तथा शोध निर्देशकको सामग्रीको रूपमा अवलम्बन गरी तथ्यहरू सङ्कलन गरिएको छ ।

## ३.४ व्याख्या तथा विश्लेषण

उक्त पाठ्यपुस्तकको अध्ययनबाट प्राप्त तथ्यलाई वर्णानात्मक तथा तुलनात्मक पद्धतिद्वारा व्याख्या विश्लेषण गरिएको छ । कुनै पनि तहमा अध्ययन गराई रहेका पाठ्यपुस्तकका विभिन्न आधारहरू देखापर्दछन् । यस अध्ययनमा पनि तिनै आधारहरूमध्ये पाठ्यपुस्तकको पाठ्यक्रम अनुरूपता, भाषिक सिप र अभ्यास खण्डको स्वरूप र प्रयोगको स्थितिलाई आधारको रूपमा लिएकोछ । यिनै आधारलाई विषय विशषज्ञ, सन्दर्भ पुस्तक, शोधग्रन्थ र शिक्षकहरूको राय  सुझावका आधारमा विश्लेषण गरिएको छ । पाठ्यपुस्तक वर्तमान  सन्दर्भलाई ध्यानमा राखेर कुनै पनि देशको समसामयिक परिस्थितिलाई हेरेर शिक्षाको निम्ति तय गरिएको हुन्छ । यसैअनुसार तहगत र कक्षागत उद्देश्यहरू निर्माण गरी पाठ्यपुस्तक बनाएको हुन्छ । यसरी तयार गरिएको पाठ्यपुस्तक पाठ्यक्रमअनुरूप पाठ्यपुस्तक निर्माण गरिएको छ ।

पाठ्यपुस्तक विश्लेषणका विधिका निम्ति शिक्षाविद्, पाठ्यक्रम, पाठ्यपुस्तक विशेषज्ञहरूको निर्माण गरेका पाठ्यपुस्तक विश्लषण सम्बन्धी सैद्धान्तिक मान्यताको

अध्ययन गरी तिनै मान्यताका आधारलाई मानक मानी सम्बन्धित पाठ्यपुस्तकको अध्ययनबाट तथ्याङ्क सङ्कलन गरिएको छ । पाठ्यक्रम अनुरूपताका आधारमा सम्बन्धित तहको पाठ्यक्रमको उद्देश्य, विधाको क्षेत्र, सिकाइ उपलब्धिका आधारमा अध्ययन गरी आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । यसरी प्राप्त भएको तथ्यहरूलाई व्याख्याका साथै विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययन विधिलाई अझ प्रस्ट पार्नका लागि निम्नलिखित बुँदाहरूमा राखिएको छ :

- यस शोधकार्यमा पुस्तकालयीय अध्ययनलाई सामग्री सङ्कलनको मुख्य आधार बनाइएको छ ।
- अनुसन्धान गर्ने क्रममा कक्षा नौको भाषा पाठ्यक्रम र भाषा पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, अध्ययनसँग सम्बन्धित विभिन्न शोधग्रन्थहरू उपयोग गरी सामग्री सङ्कलन गरिएको छ ।
- मैथिली पोथी पाठ्यपुस्तकको पाठ्यक्रम अनुरूपता, भाषिक सिप र अभ्यास खण्डको स्वरूप र प्रयोगको स्थितिको अध्ययन गरिएको छ ।
- पाठ्यपुस्तकमा देखिएका कमीकमजोरी पत्ता लगाई सुधारका लागि सुझाव पेस गरिएको छ ।

# अध्याय चार

# पाठ्यक्रम अनुरूपताको दृष्टिले मैथिली पोथी पाठ्यपुस्तकको विश्लेषण

भाषा पाठ्यपुस्तकको अध्ययन गर्ने विभिन्न आधारहरू हुन्छन् तर यहाँ कक्षा नौको मैथिली पोथी पाठ्यपुस्तकलाई निम्नलिखित भाषा पाठ्यक्रम अनुरूपताका आधारमा भाषा पाठ्यक्रमको उद्देश्य र मैथिली पोथी, विधाको क्षेत्र, क्रम र मैथिली पोथी, शिक्षण सिकाइ प्रक्रिया र मैथिली पोथी, मूल्याङ्कन, अङ्कभार र मैथिली पोथी, वैचारक पक्ष र मैथिली पोथी जस्ता पक्षहरूलाई विश्लेषण गरिएको छ ।

## ४.१ भाषा पाठ्यक्रमको उद्देश्य र मैथिली पोथी

भाषा पाठ्यपुस्तकमा पाठ्यक्रमका उद्देश्यहरू पूर्ति गर्नका लागि विभिन्न पाठहरू राखिएका हुन्छन् । ती पाठहरूमा भाषिक सिप विकासका लागि विभिन्न अभ्यासहरू राखिएका हुन्छन् । यस अध्ययनमा कक्षा नौको मैथिली पोथीमा पाठ्यक्रम अनुरूपताका दृष्टिले उद्देश्य पूर्ति गर्ने खालका पाठहरू र अभ्यासहरू उपयुक्त छन् कि छैनन् भनी अध्ययन गर्न खोजिएको छ । यसको उद्देश्यहरू यसप्रकार छन् :

**साधारण उद्देश्य**

ऐच्छिक मैथिली विषय लिएर माध्यमिक स्तर उत्तीर्ण विद्यार्थीहरू निम्नलिखित विषयमा सक्षम हुनेछन् :

- देखेको, सुनेको, पढेको वा अनुभव गरेको विषयका आधारमा मैथिली भाषामा मौखिक वा लिखित शुद्ध अभिव्यक्ति दिन,
- विभिन्न साहित्यिक विधाहरू अध्ययनले भाषिक वा वैचारिक क्षमता प्राप्त गर्न,
- मैथिली भाषामा सरल मौलिक रचना गर्न,
- मैथिली साहित्यिक अध्ययनले साहित्यमा अभिरुचि उत्पन्न गर्न,
- कवितामा गति, यति मिलाएर लयबद्ध रूपमा प्रभावकारी तरिकाबाट पढ्न,
- व्यावहारिक रूपमा व्याकरण प्रयोग गर्न,
- कार्यालयीय, व्यावसायिक, घरायसी अथवा सामाजिक पत्र लेख्न ।

## विशिष्ट उद्देश्य

ऐच्छिक मैथिली विषय लिएर माध्यमिक स्तर उत्तीर्ण विद्यार्थीहरू निम्नलिखित विषयमा सक्षम हुनेछन् :

- पढेको वा सुनेको शब्दलाई शुद्ध वा स्पष्ट उच्चारण गर्न,
- कथा, कविता, रूपक, निबन्ध आदि साहित्यिक विधा रुचिपूर्वक पढ्न वा लेख्न,
- पढेको कथा, कविता, जीवनीको विवेचना, व्याख्या, सारांश, भावार्थ वा अर्थ लेख्न,
- कविताको गति, यति मिलाएर लयबद्ध रूपमा प्रभावकारी तरिकाले पढ्न,
- कविताको मात्रिक वा वार्णिक एवं मुक्तक भेद बुझ्न,
- सामान्य कथा, कविता वा निबन्ध लेख्न,
- घरायसी, कार्यालयीय वा व्यापारिक चिठी लेख्न,
- अनुच्छेद पढ्न, लेख्न वा सोधेका प्रश्नहरूको मौखिक एवं लिखित उत्तर दिन,
- गद्य वा पद्य मौनपठन वा सस्वरवाचन गर्न,
- वादविवाद, संवाद वा छलफलमा आफ्नो मौलिक अभिव्यक्ति दिन,
- विषयवस्तु वा प्रसङ्गअनुसार कमा, पूर्णविराम, अर्धविराम आदि चिह्नको प्रयोग गर्न,
- विग्रह, कारक वा समासको लक्षणसहित भेद बुझ्न,
- मौखिक वा लिखित अभिव्यक्तिमा मुहावरा वा लोकोक्ति प्रयोग गर्न,
- पर्यायवाची, अनेकार्थक, विपरीतार्थक, समूहार्थक, शब्दहरूलाई चिह्नन,
- व्याकरणका आधारभूत नियमहरू पालन गरेर अभिव्यक्ति दिन,
- मौखिक अभिव्यक्ति कार्यमा हाउभाउ, चेष्टा अभिनय प्रदर्शन गर्न,
- मैथिली शब्दको प्रयोग वा शब्द भण्डार वृद्धि गर्न,
- मिथिलाक्षरमा अनुच्छेद लेख्न,
- नैतिकता, सच्चरिता, परोपकारिता वा आदर्शता सद्गुण अभिवृद्धि गर्न

(माध्यमिक शिक्षा पाठ्यक्रम, २०६४) ।

पाठ्यक्रममा देखेको, सुनेको, पढेको वा अनुभव गरेको विषयका आधारमा मैथिली भाषामा मौखिक वा लिखित शुद्ध अभिव्यक्ति दिन उद्देश्य राखिएको छ । यो उद्देश्य पूरा गर्न पाठ्यपुस्तकभित्र कविता, कथा, निबन्ध, जीवनी विधाहरू राखिएका छन् । उक्त उद्देश्य पूरा गर्न अभयास खण्डमा एक वाक्यमा उत्तर देउ, संक्षिप्त उत्तर लेख्नेहोस् जस्ता अभ्यासहरू राखिएको देखिन्छ । त्यस्तै पाठ्यक्रममा विभिन्न साहित्यिक विधाहरू अध्ययनले भाषिक वा वैचारिक क्षमता प्राप्त गर्न उद्देश्य राखिएको छ । यो उद्देश्य पूरा गर्न पाठ्यपुस्तक भित्र विविध भाषिक विधाहरू राखिएको पाइन्छ । यसले पाठ्यक्रमको आंशिक उद्देश्य तय गरेको छ । त्यस्तै मैथिली भाषामा सरल मौलिक रचना गर्न उद्देश्य राखिएको छ । यो उद्देश्य पूरा गर्न अभ्यास खण्डमा मौलिक रचना गर्ने खालको अभ्यासहरू राखिएको छ । उदाहरणको रूपमा पौराणिक तथ्यका आधारमा जनकपुरधाम शीर्षकमा एउटा निबन्ध लेख अभ्यास राखिएको छ । त्यस्तै मैथिली साहित्यिक अध्ययनले साहित्यमा अभिरुचि उत्पन्न गर्न उद्देश्य राखिएको छ । यो उद्देश्य पूरा गर्न पाठ्यपुस्तकमा मैथिली साहित्यसँग सम्बन्धित रोचकपूर्ण साहित्यिक विधाहरू राखिएको छ । त्यस्तै कवितामा गति, यति मिलाएर लयबद्ध रूपमा प्रभावकारी तरिकाबाट पढ्न उद्देश्य राखिएको छ ।

उक्त उद्देश्य पूरा गर्नका लागि पाठ्यपुस्तकमा ‘नटराज’, ‘कर्तव्य’ कविता राखिएका छन् । उक्त कविताको अभ्यास खण्डमा यो कविता सस्वरवाचन गरेर सुनाउनुहोस् जस्ता अभ्यासले पाठ्यक्रमको आंशिक उद्देश्य पूरा गरेको देखिन्छ । त्यस्तै व्यावहारिक रूपमा व्याकरण प्रयोग गर्न उद्देश्य राखिएको छ । उक्त उद्देश्य पूरा गर्नका लागि प्रत्येक पाठको अन्त्यमा व्याकरण सम्बन्धी सैद्धान्तिक खण्ड र अभ्यासहरू राखिएका छन् । त्यस्तै पाठ्यक्रमले कार्यालयीय, व्यावहारिक, घरायसी अथवा सामाजिक पत्र लेखन उद्देश्य राखेको छ । यसको लागि पाठ्यपुस्तकमा व्यावसायिक पत्र पाठ्यपुस्तकमा समावेश गरी व्यावसायिक पत्र लेखनसम्बन्धी अभ्यासहरू समेत राखिएको छ ।

विशिष्ट उद्देश्य अन्तर्गत पढेको वा सुनेको शब्दलाई शुद्ध वा स्पष्ट उच्चारण गर्न उद्देश्य राखिएको छ । यो उद्देश्य पूरा गर्न अभ्यासमा दिइएको शब्दलाई शुद्ध वा स्पष्ट उच्चारण गर्नुहोस् जस्ता कार्यकलाप राखिएको छैन । त्यस्तै कथा, कविता, रूपक, निबन्ध आदि साहित्य विधा रुचिपूर्वक पढ्न वा लेख्न उद्देश्य राखिएको छ । उक्त उद्देश्य पूरा गर्न ‘नटराज’, ‘एकटा सामाजिक कैंसर’, ‘अछि हमरासकैँ अभिमान’, ‘पघलैत मोनक शब्द’,

'उन्नत मिथिला' कविताहरू, 'विघटन', 'पाँच पत्र', 'उगलाहा', 'सुगरक बाप', 'गोनू झा आ बिलाडि', 'नल दमयन्ती' कथाहरू, 'ओ खाली मुह देखै छै' (एकांकी) जँ हम शिक्षामंत्री होइतहुँ (मनोवाद) महिला अधिकार आजुक . . . (वादविवाद) रूपक, 'प्राचीन विदेह राज्य', 'मैथिलीभाषा : पृष्टभूमि', 'पुस्तकालय', भूपतीन्द्रमल्ल आ मैथिली . . .' निबन्धहरू समावेश गरिएका छन् । त्यस्तै पढेको कथा, कविता, जीवनीको विवेचना, व्याख्या, सारांश, भावार्थ वा अर्थ लेख्न उद्देश्य राखिएको छ । उक्त उद्देश्य पूरा गर्न कथा, कविता, जीवनीबाट व्याख्या, सारांश र भावार्थमूलक प्रश्नहरू अभ्यासमा राखिएका छन् । त्यस्तै कविताको मात्रिक वा वार्णिक एवं मुक्तक भेद बुझ्न् भन्ने उद्देश्य राखिएको छ । उक्त उद्देश्य पूरा गर्न 'नटराज', 'कर्तव्य', आछि हमरासभकेँ अभिमान' वार्णिक कविताहरू, 'एकटा सामाजिक कैंसर', 'उन्नति मिथिला' मात्रिक कविताहरू रहेका छन् । त्यस्तै सामान्य कथा, कविता वा निबन्ध लेख्न उद्देश्य राखिएको छ । उक्त उद्देश्य पूरा गर्न कथा, कविता, निबन्ध लेखन अभ्यासहरू राखिएका छन् । त्यस्तै अनुच्छेद पढ्न, लेख्न वा सोधेका प्रश्नहरूको मौखिक एवं लिखित उत्तर दिन उद्देश्य राखिएको छ । उक्त उद्देश्य पूरा गर्न पाठको अन्त्यमा छोटो र लामो उत्तर लेख्नुहोस् अभ्यासहरू राखिएका छन् ।

पाठ्यक्रमले गद्य वा पद्य मौनपठन वा सस्वरवाचन गर्न उद्देश्य राखिएको छ । उक्त उद्देश्य पूरा गर्न मात्रिक र वार्णिक कविताबाट गद्य वा पद्य मौनपठन वा सस्वरवाचन गराउन सकिन्छ । त्यस्तै वादविवाद, संवाद वा छलफलमा आफ्नो मौलिक अभिव्यक्ति दिन उद्देश्य राखिएको छ । उक्त उद्देश्य पूरा गर्न पाठ्यपुस्तकमा 'महिला अधिकार आजुक आवश्यकता थिक' पाठ राखिएको छ । त्यस्तै विषयवस्तु वा प्रसङ्गअनुसार कमा, पूर्णविराम, अर्धविराम आदि चिह्नका प्रयोग गर्न उद्देश्य राखिएको छ । उक्त उद्देश्य पूरा गर्न पाठ २२ को व्याकरण खण्ड अन्तर्गत कमा, पूर्णविराम, अर्धविराम चिह्नको सैद्धान्तिक अवधारणा तथा अभ्यासहरू राखिएका छन् । त्यस्तै विग्रह, कारक वा समासको लक्षणसहित भेद बुझ्न उद्देश्य राखिएको छ । उक्त उद्देश्य पूरा गर्न कारक वा समासको बारेमा व्याकरण अभ्यासमा चर्चा गरिएको छ तर विग्रहको बारेमा पाठ्यपुस्तकमा चर्चा गरिएको छैन । त्यस्तै मौखिक वा लिखित अभिव्यक्तिमा मुहावरा वा लोकोक्ति प्रयोग गर्न उद्देश्य राखिएको छ । उक्त उद्देश्य पूरा गर्न पाठहरू मुहावरा वा लोकोक्ति प्रयोग भएको छैन ।

त्यस्तै पर्यायवाची, अनेकार्थक, विपरीतार्थक, समूहार्थक शब्दहरूलाई चिह्नन उद्देश्य राखिएको छ । उक्त उद्देश्य पूरा गर्न व्याकरण खण्डमा पर्यायवाची र विपरीतार्थक बारेमा चर्चा गरेपनि अनेकार्थक र समूहार्थक शब्दहरूबारे चर्चा गरेको पाइँदैन । त्यस्तै व्याकरणका आधारभूत नियमहरू पालन गरेर अभिव्यक्ति दिन उद्देश्य राखिएको छ । उक्त उद्देश्य पूरा गर्न प्रत्येक पाठको अन्त्यमा व्याकरण खण्ड राखिएको छ । त्यस्तै मौखिक अभिव्यक्ति कार्यमा हाउभाउ, चेष्टा अभिनय प्रदर्शन गर्न उद्देश्य राखिएको छ । उक्त उद्देश्य पूरा गर्न महिला अधिकार आजुक आवश्यकता थिक वादविवाद राखिएको छ । त्यस्तै मैथिली शब्दको प्रयोग वा शब्द भण्डार वृद्धि गर्न उद्देश्य राखिएको छ । उक्त उद्देश्य पूरा गर्न प्रत्येक पाठको पृष्ठको अन्त्यमा शब्द र अर्थ दिइएको छ । त्यस्तै मिथिलाक्षरमा अनुच्छेद लेख्न उद्दीश्यको लागि 'तिरहुता लिपि' पाठभित्र लिपि चिह्न र लिपिसँग सम्बन्धित अभ्यासहरू राखिएको छ । त्यस्तै नैतिकता, सच्चरिता, परोपकारिता वा आदर्शता सद्‌गुण अभिवृद्धि गर्न उद्देश्यको लागि पाठ्यपुस्तकमा 'आगिमे तपिकअ चमकल . . .', 'अमर साहित्य शिल्पी . . .', 'अल्बर्ट आइन्स्टीन', 'प्रजातांत्रिक योद्धा - महेन्द्र . . .', 'इमैनुएल कान्ट' जीवनीहरू राखिएका छन् । तिनै उद्देश्यहरूलाई आत्मसाथ गर्दै कक्षा नौको मैथिली पाठ्यपुस्तक पाठ्यक्रमअनुरूप तयार गरिए पनि केही उद्देश्यहरू समेट्न सकेको छैन ।

## ४.२ विधाको क्षेत्र, क्रम र मैथिली पोथी

माध्यमिक तह कक्षा नौको भाषा पाठ्यक्रमले निर्दिष्ट गरेका विधा, क्रम वैज्ञानिक र व्यापक देखिन्छ । यसमा जम्मा सात ओटा विधाहरूमा समग्र विषयवसतुलाई समेटिएको छ । पाठ्य क्षेत्रका उद्देश्य परिपूर्तिका लागि मूल विधा कथा, जीवनी, रूपक, निबन्ध, पत्रलेखन र कविता राखेको छ । त्यसमा हरेक विधाको क्षेत्र समेत निर्धारण गरी सोही अनुसार पाठ्यवस्तुको चयन गरेर पाठ्यपुस्तक निर्माण गरिएको छ ।

पाठ्यक्रमले विधाको क्रममा सुरुमा कथा राखेको छ भने पाठ्यपुस्तकमा कविता राखिएको छ । कथामा 'विघटन' सांस्कृतिक कथा, 'पाँच पत्र' पत्रकथा, 'उगलाहा' ऐतिहासिक कथा, 'सुगरक बाप' नैतिक कथा, 'गोनू झा आ बिलाड़ि' लोककथा र 'नल-दमयन्ती' पौराणिक कथा राखिएको छ । कवितामा 'नटराज' सांस्कृतिक कविता, 'कर्तव्य' नैतिक कविता, 'एउटा सामाजिक कैसर' सामाजिक कविता, 'अद्दि हमरासभकेँ अभिमान'

ऐतिहासिक कविता, 'पधलैत मोनक शब्द' सामाजिक कविता र 'उन्नत मिथिला' ऐतिहासिक कविता रहेको छ ।

निबन्धमा 'प्राचीन विदेह राज्य', 'मैथिलीभाषा : पृष्ठभूमि', 'पुस्तकालय' र 'भूपतीन्द्रमल्ल आ मैथिली' वस्तुप्रधान निबन्धहरू रहेको छ । त्यस्तै जीवनीमा 'आगिमे तपिकअ चमकल' कलाकारको जीवनी, 'अमर साहित्य शिल्पी' साहित्येकारको जीवनी, 'अल्बर्ट आइन्स्टीन' आविष्कारक जीवनी, 'प्रजातान्त्रिक योद्धा' राजनैतिक जीवनी, 'इमैनुएल कान्ट' दार्शकि जीवनी राखिएको छ । त्यस्तै रूपक विधा अन्तरगत 'ओ खाली मुह देखै छै' एकांकी, 'जँ हम शिक्षामंत्री होइतहुँ' मनोवाद, 'महिला अधिकार आजुक . . .' वादविवाद राखिएको छ । त्यस्तै पत्रलेखन अन्तर्गत व्यावसायिक पत्रलेखन समावेश गरिएको छ । लिपिअन्तर्गत स्वर वर्ण, व्यञ्जन वर्ण, आकारक मात्रा, इकारक मात्रा, इकारक मात्रा, ईकारक मात्रा, उकारक मात्रा, ऊकारक मात्रा, ऋकारक मात्रा, एकारक मात्रा, ऐकारक मात्रा, ओकारक मात्रा, औकारक मात्रा, अनुस्वार, अनुनासिक विसर्ग र अङ्क लेखन लिपि राखिएको छ ।

पाठ्यपुस्तकमा विधागत पाठहरूको रखाइ क्रमलाई हेर्दा कविता, कथा, निबन्ध, जीवनी, रूपक र पत्रलेखन राखिएको छ । पाठ्यक्रमले सुरुमा कथा राखेको छ तर पाठ्यपुसतकमा कविता राखिएको छ । यसरी हेर्दा पाठ्यपुस्तकमा पाठ्यक्रमको क्रमअनुरूप पाठहरू नराखेका भेटिन्छ । विद्यार्थीको रुचि भएको मनोरञ्जनात्मक कथा विधाको रखाइ सुरुवातमा नभए पनि समग्र रूपमा विधागत रखाइक्रम उपयुक्त रहेको मान्न सकिन्छ । विभिन्न विधाबाट चयन गरिएका पाठ्यवस्तुलाई विधाहरू नदोहोरिने गरी एकपछि अर्को चक्रीय स्तरणका साथ मैथिली पोथीमा प्रस्तुत गरिएको छ ।

कक्षा नौमा राखिएका पाठहरू न साह्रै छोटो न साह्रै लामा नै छन् । पाठको आकारगत दृष्टिले पाठ्यपुस्तकमा राखिएका पाठ स्तरअनुरूप नै देखिन्छन् । पाठ्यपुस्तकमा राखिएका सबैभन्दा छोटो पाठहरूको चर्चा गर्दा कविता विधाका पाठहरू पर्न आउँछन् । त्यसमा पनि सबैभन्दा छोटो पाठ्यकविता 'पधलैत मोनक शब्द' रहेको जुन ७ श्लोकमा संररिचत छ भने जम्मा ८३ शब्द रहेको छ । सबैभन्दा लामो कविता 'अछि हमरासयकँ अभिमान' रहेको छ जसमा ९ श्लोक १५७ शब्दहरू संरचित छ । पाठ्यपुस्तकमा समावेश गरिएको लामो पाठ 'ओ खानी मुह देखै छै' श्रव्य एकांकी रहेको

छ । जुन १३ पृष्ठमा संरचित रहेको छ । कथा विधामा सबैभन्दा ठूलो कथा 'विघटन' रहेको छ । सबैभन्दा सानो कथा 'नल-दमयन्ती' रहेको छ । त्यस्तै सबैभन्दा ठूलो निबन्ध 'मैथिलीभाषा : पृष्ठभूमि . . .' रहेको छ । सबैभन्दा सानो निबन्ध 'भूपतीन्द्रमल्ल आ मैथिली . . .' रहेको छ । त्यस्तै जीवनी अन्तरगत सबैभन्दा ठूलो जीवनी 'आगिमे तपिकअ चमकल' रहेको छ । जुन १७ ओटा अनुच्छेदमा संरचित छ । सबैभन्दा सानो जीवनी 'अल्बर्ट आइन्स्टीन' रहेको छ । जुन १० अनुच्छेदमा संरचित छ । पत्र विधाअन्तर्गत 'व्यावसायिक पत्र' रहेको छ । जुन दुई पृष्ठमा संरचित छन् ।

यसरी पाठको प्रकृतिका दृष्टिले विश्लेषण गर्दा प्रस्तुत पाठ्यपुस्तकमा रहेका पाठहरू स्तर, तह र उमेर सुहाउँदा र उपयुक्त भेटिन्छन् । यस्तै रमाइला र व्यावहारिक दृष्टिले पनि उपयुक्त देखिन्छन् । पाठहरू उमेर र स्तरअनुरूप छन् भने अभ्यासमा रहेका विविधताले भाषिक सिप विकासमा तथा सिर्जनात्मक क्षमता विकासमा सहयोग पुऱ्याएको भेटिन्छ । यति हुँदाहुँदै पनि पाठको सङ्ख्या २८ वटा अर्थात् सङ्ख्यात्मक दृष्टिले बढी भएकाले पाठमा भएका क्रियाकलापहरू उपयुक्त समयमा कठिन देखिने हुनाले अभ्यासलाई बढी जोड दिनुपर्ने देखिन्छ ।

## ४.३ शिक्षण सिकाइ प्रक्रिया र मैथिली पोथी

भाषा पाठ्यक्रमका उद्देश्य चयन गरिएका पाठ्यवस्तुलाई व्यववस्थित क्रममा राखिसकेपछि के कसरी  पढाउने भन्ने कुरा शिक्षण सिकाइ प्रक्रिया हो । भाषा सिकाइ विषयवस्तुको सिकाइ नभई विषयवस्तुका माध्यमबाट भाषिक सिपहरूको सिकाइ हो । कक्षा नौको पाठ्यक्रमले भाषा सिकाइमा विभिन्न क्षेत्र तथा स्रोतका विषयवस्तुको विधागत विविध प्रस्तुतिलाई भाषिक सिपको अभ्यासको आधार सामग्री बनाउनुपर्ने निर्देश गरेको छ । प्रत्येक विधाका पाठहरूबाट सुनाइ, बोलाइ, पढाइ, लेखाइका कार्यकलापहरू गराउन सकिने कुरा पाठ्यक्रमले उल्लेख  गरेको छ । सबै पाठहरूलाई श्रुतिबोध, शुद्धोच्चारण, पठनबोध, मौखिक अभिव्यक्ति, लिखित अभिव्यक्ति शब्द भण्डार, वर्णविन्यास आदिको अभ्यासका लागि उपयोग गर्नुपर्ने कुरा निर्देश गरेको छ । यस्तै पाठहरूबाट नै व्याकरणका अभ्यासहरू समेत गराउनु पर्ने कुरा निर्देश गरेको छ ।

कक्षा नौको मैथिली पोथी पाठ्यपुस्तकमा पाठ्यक्रमले निर्देश गरेअनुरूप विधाहरूलाई व्यवस्थित ढङ्गले प्रस्तुत गरिएको छ । विधालाई एकपछि अर्को गर्दै कविता,

कथा, निबन्ध, जीवनी, रूपक, पत्रलेखन आदिलाई चक्रीय ढाँचामा प्रस्तुत गरिएको छ । यसले शिक्षण सिकाइ प्रक्रियालाई रोचकतापूर्ण बनाउन सहयोग गरेको छ। भाषा तत्वलाई पाठहरूको अभ्यास खण्डका अन्त्यमा राखी छुट्टै आवश्यकतानुसार पाठसँग सम्बन्धित गर्दै शिक्षणीय प्रयोजनका दृष्टिले मिलाइएको छ । पाठहरूलाई सरलबाट जटिल क्रममा मिलाउने प्रयास गरेको भेटिन्छ।

कक्षा नौको मैथिली पोथीमा २८ वटा पाठहरू राखिएका छन् । ती पाठहरूलाई शिक्षण सिकाइका लागि उपयुक्त अनुक्रममा राखिएको छ । धेरै जसो पाठका अन्त्यमा सिर्जनात्मक अभ्यासहरू राखिएका छन् । जसले पाठसँग नयाँ साहित्यिक सिर्जना गराउन सकिने तथा विद्यार्थी क्रियाकलापलाई केन्द्रित बनाएर शिक्षण प्रक्रिया गराउन अवसर दिइएको छ । व्याकरण शिक्षणमा सैद्धान्तिक ज्ञानभन्दा प्रायोगिक पक्षमा जोड दिँदै शिक्षण पद्धति माध्यमबाट भाषिक ज्ञान दिन सकिने कुरामा लक्षित गरिएको देखिन्छ।

व्याकरणलाई कार्यमूलक ढङ्गबाट पाठसँग सम्बद्ध बनाउने प्रयास गरिएको छ । पाठ्यपुस्तकमा सैद्धान्तिकभन्दा व्यावहारिकतर्फ लगेर शिक्षण प्रक्रियालाई सहज बनाउन खोजिएको देखिन्छ । यति भए तापनि मैथिली पोथीले विधागत शिक्षणीय विधि तथा पद्धतिलाई निर्देश गर्न सकेको पाइँदैन।

## ४.४ मूल्याङ्कन, अङ्कभार र मैथिली पोथी

माध्यमिक मैथिली भाषा पाठ्यक्रमले कक्षा नौको मैथिली पाठ्यपुस्तकका लागि कुल १०० अङ्क मूल्याङ्कनका लागि पूर्णाङ्क निर्धारण गरेको छ। पाठ्यक्रमले बनाएका मूल्याङ्कनका ढाँचाभन्दा पाठ्यपुस्तकमा राखिएका अभ्यासखण्डका प्रश्नहरू ज्यादै सान्दर्भिक र भाषिक सिप विकासमा उपयोगी हुने किसिमका छन् । मैथिली भाषाको मूल्याङ्कनमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ चार सिपको मापन गरिने गरी मूल्याङ्कनका साधन निर्माणमा जोड दिएको छ।

कक्षा नौको मैथिली पोथीको पाठ्यक्रमले भाषिक मूल्याङ्कन तथा अङ्कभारको पक्षहरू निर्धारण गरिएको छ । उक्त पक्षलाई उद्देश्यअनुरूप पाठ्यपुस्तकले के कस्ता भाषिक सिपहरू सिक्न र मूल्याङ्कन गर्न सहयोग गरेको छ भनी अध्ययन गर्न खोजिएको छ । ऐच्छिक मैथिली पोथीमा १०० पूर्णाङ्क र ३ घण्टा समय निर्धारण गरेको छ । विवेचनातमक प्रश्नको लागि कथा, कविता, जीवनी, रूपक र निबन्धबाट तिनओटा प्रश्नहरू मध्येबाट एउटा प्रश्न मात्र उत्तर दिनुपर्ने हुन्छ जसको अंक १० निर्धारण गरिएको छ । बोध प्रश्नको लागि कथा, जीवनी, रूपक, निबन्ध आदि विधाबाट गद्यांश दिएर ५ ओटा प्रश्न र ५ अङ्क निर्धारण गरिएको छ । त्यस्तै संक्षिप्त उत्तरात्मक प्रश्नको लागि कथा, कविता, जीवनी, रूपक विधाबाट चारओटा प्रश्न र २० अङ्क निर्धारण गरिएको छ । त्यस्तै निबन्धबाट १० अङ्कको एउटा प्रश्न सोधिएको छ । त्यस्तै पत्रलेखन वा दैनिकी लेखनबाट ५ अंकको एउटा प्रश्न सोधिएको छ । त्यस्तै संवाद वा वादविवादबाट ५ अङ्कको एउटा प्रश्न, देवनागरीक लिपिको गद्यांश वा पद्यांश अनुवादमूलक ५ अङ्कको प्रश्न सोधिएको छ । अन्त्यमा व्याकरणबाट चारओटा प्रश्न २० अङ्कको सोधिएको छ ।

## ४.५ वैचारिक पक्ष र मैथिली पोथी

माध्यमिक तह कक्षा नौको मैथिली भाषा पाठ्यपुस्तकलाई गहन अध्ययन विश्लेषण गर्दा यो पाठ्यपुस्तक माध्यमिक तहको शिक्षाले हासिल गरेझैँ भाषिक व्यवहारमा सक्षम र सृजनशील नागरिक तयार गर्ने उद्देश्य पुरा गर्ने खालका देखिन्छन् । पाठ्यपुस्तकभित्र भएका पाठहरूले राष्ट्रिय, परम्परागत, धार्मिक, सांस्कृतिक एवं सामाजिक र वैचारिक विकासलाई केही रूपमा समेट्न खोजेको भेटिन्छ । पाठ्यपुस्तकले हिमाल, पहाड र तराइ प्रदेशका विभिन्न रीतिरिवाज चालचलन तथा मूल्य मान्यताप्रति भने पूर्ण रूपमा बेवास्ता गरेको छ । विभिन्न जातजाति भाषामाथि तथा सम्प्रदायका मूल्य मान्यता विज्ञान र प्रविधिजस्ता क्षेत्रमा भएका नवीनतम उपलब्धि तथा प्रजातान्त्रिक मूल्य मान्यतालाई पाठ्यपुस्तकको पूर्ण रूपमा आत्मसात गर्न सकेको छैन ।

उक्त पाठ्यपुस्तकको विश्लेषण गर्दा भाषा पाठ्यपुस्तकले शिक्षाशास्त्रीय दृष्टिकोण प्रजातान्त्रिक मूल्य मान्यता, मानव अधिकार तथा बाल अधिकरा, बालबालिकाहरूको रुचि,

स्तर भाषिक सिप विकासमा भौगोलिक तथा धार्मिक विविधता अभिभावक तथा सरोकारवालाको चाहना तथा राष्ट्रिय एकता र सार्वभौमिकतालाई समेत समेट्न आवश्यक देखिन्छ । यसका साथसाथै विश्वमानवतामा हाम्रो जीवन्त अनुभवहरूलाई समेटेको छैन । यी सबै पक्षलाई आत्मसाथ गर्न आवश्यक रहन्छ ।

# अध्याय पाँच

# भाषिक सिपका आधारमा 'मैथिली पोथी' को विश्लेषण

## परिचय

भाषा पाठ्यपुस्तकले भाषाका चारवटै सिपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) मा दक्ष बनाउने उद्देश्य राख्नुपर्दछ । पाठ्यवस्तुको छनोट गर्दा र त्यसको प्रस्तुति गर्दा चारै सिपलाई क्रमबद्ध र समान रूपमा सिकाउन सक्नुपर्दछ । तसर्थ यस अध्यायमा भाषाका चारै सिप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) का दृष्टिले कक्षा नौको मैथिली पोथीको अध्ययन गरिएको छ ।

## ५.१ सुनाइ र बोलाइ सिप

सुनाइ र बोलाइ मौखिक पक्षअन्तर्गत पर्ने भाषिक सिपहरू हुन् । यी दुई सिपहरू एक अर्कामा अन्तरसम्बन्धित छन् । व्यक्तिले कुनै कुरा सुनेर मात्र बोलाइ तर्फ अग्रसर हुन्छ । त्यसैले सुनाइ पहिले र बोलाइ दोस्रो भाषिक सिप हो । माध्यमिक तहको भाषिक शिक्षा पाठ्यक्रमले कक्षा नौका लागि सुनाइ, बोलाइसँग सम्बन्धित जम्मा ९ ओटा उद्देश्यहरू निर्धारण गरेको छ र सबै सिपमा समान ढङ्गले जोड दिने प्रयास गरेको छ । सुनाइ र बोलाइ सिपको परीक्षण भाषाका एकाइहरूलाई आधार बनाएर गरिएकाले निकै राम्रो देखिन्छ । जसलाई तलका बुँदाहरूबाट अझ प्रष्ट पारिएको छ ।

- कविता, कथा, जीवनी सुन्न,
- संवाद, मनोवाद, वादविवाद, निबन्ध, चिठीपत्र वाचन गरेको ध्यानपूर्वक सुन्न,
- कुराकानी, विचार, विमर्श वा पाठसम्बन्धी अन्य विषयवस्तु सम्बन्धमा गरिएको कुराकानी सुन्न वा पालन गर्न,
- विभिन्न प्रकारका उच्चरित शब्दहरू सुन्न वा अर्थको भिन्नता पहिचान गर्न,
- देखेको, सुनेको, पढेको वा अनुभव गरेको वस्तु, चित्र घटना सम्बन्धमा स्पष्ट अभिव्यक्ति दिन,
- वर्ण शब्द वा वाक्य शुद्ध एवं स्पष्ट बोल्न,

- साहित्य, कला वा संवादमा सहभागी भएर प्रभावकारी तरिकाले बोल्न,
- आफ्नो भन्दा श्रेष्ठ, आफ्नो भन्दा सानो वा आफ्नै समानलाई अभिवादन गर्न,
- अभिवादन, आभार वा क्षमा व्यक्त गर्दै शिष्टाचार व्यक्त गर्न,

(माध्यमिक शिक्षा पाठ्यक्रम, २०६४)

भाषिक सिप सुनाइ र बोलाइ सिप विकासको दृष्टिले पाठ १ 'नटराज' कविता पाठ्यपुस्तकमा रहेको छ। उक्त कवितामा अभ्यास १ मा निम्नलिखित प्रश्नक अति संक्षिप्त उत्तर दिअ अभ्यासले सुनाइ र बोलाइ सिप विकास गरेको पाइन्छ। त्यस्तै पाठ ५ कर्तव्य कवितामा रहेको अभ्यास ३ मा कर्तव्य नामक कविताकँ सस्वरवाचन करु अभ्यासले सुनाइ र बोलाइ सिप विकासमा सहयोग पुऱ्याउँदछ। त्यस्तै पाठ २ मा विघटन कथा राखिएको छ। यस कथाको अभ्यास १ मा निम्नलिखित प्रश्नक एक एक वाक्यमे उत्तर लिखू अभ्यासले सुनाइ र बोलाइ सिप विकासमा सहयोग पुऱ्याउँदछ। पाठ ३ मा 'प्राचीन विदेह राज्य' निबन्ध राखिएको छ। यस निबन्धको अभ्यास २ मा संक्षिप्त उत्तर दिअ अभ्यासले सुनाइ र बोलाइ सिप विकासमा सहयोग पुऱ्याउँदछ। पाठ १५ 'जँ हम शिक्षामंत्री होइतहुँ' मनोवाद राखिएको छ। यसको अभ्यास २ मा निम्नलिखित प्रश्नसयक संक्षिप्त उत्तर दिअ अभ्यासले सुनाइ र बोलाइ सिप विकासमा सहयोग पुऱ्याउँदछ। त्यस्तै पाठ १८ मा 'महिला अधिकार आजुक आवश्यकता थिक' वादविवाद राखिएको छ। यसको अभ्यास ४ मा विवेचनात्मक उत्तर दिअ अभ्यासले सुनाइ र बोलाइ विकासमा सहयोग पुऱ्याउँछ। त्यसैगरी पाठ ५ मा 'आगिमे तपिकअ चमकल सोना उदित' जीवनी राखिएको छ। यस पाठमा अभ्यास २ मा निम्नांकित प्रश्नसयक संक्षिक उत्तर दिअ अभ्यासले सुनाइ र बोलाइ सिप विकासमा सहयोग पुऱ्याउँदछ।

पाठ्यक्रमका सुनाइ र बोलाइसँग सम्बन्धित उद्देश्यहरू परिपूर्ति गर्नका लागि यस मैथिली पाठ्यपुस्तकमा विभिन्न विधाहरू राखिएका छन्। पाठ्यपुसतकमा राखिएका कथा, कविता, निबन्ध, जीवनी, चिठी तथा मनोवाद आदि विधाहरूले सुनाइ र बोलाइ सिपको विकासमा सहयोग पुऱ्याएका छन्। यी विधागत पाठहरूमा राखिएका अभ्यासहरूले पनि सुनाइ र बोलाइ सिपको विकासमा सघाउ पुऱ्याएका छन्।

माथि उल्लेखित विभिन्न विधाहरूको अभ्यास खण्डमा राखिएका अभ्यासहरूले सुनाइभन्दा बोलाइ सिप विकासमा बढी सहयोग पुऱ्याएका छन् ।

## ५.२ पढाइ सिप

लिखित सामग्रीलाई बुझेर अभिव्यक्ति गर्न आधार प्रदान गर्ने सिप पढाइ हो । व्यक्तिको पहिलो खुड्किलो लेख्य भाषालाई पढ्न जान्नु हो । लिपिबद्ध गरिएका विचारलाई वाचन गर्न सक्नु पढाइ हो । पाठ्य सामग्री एवं पूरक सामग्रीको प्रशस्त उपयोग, पत्रपत्रिका र पुस्तकालयको उपयोग, वादविवाद, संवाद, कविता, कथा, निबन्ध, जीवनी, लेख, रचना आदि पठन अभ्यासबाट पठन कलालाई प्रभावकारी बनाउन सकिन्छ (पौडेल, २०७०, पृ. ६०) । पढ्न जानेमा आफ्नो सुविधाअनुरूप विषयवस्तुको ज्ञान आर्जन गर्न सकिन्छ ।

पढाइ सिप विकास गराउनका लागि सस्वरपठन र मौनपठनको प्रशस्त अभ्यास गराउनु पर्दछ । कक्षा नौको भाषा पाठ्यपुस्तकले पनि पढाइ सिप विकास गराउनका लागि विभिन्न प्रकारका उद्देश्यहरू राखेको छ । ती उद्देश्य परिपूर्ति गर्नमा पाठ्यपुस्तक कतिको उपयोगी छ भन्ने बारेमा अध्ययन गर्नका लागि पढाइ सिपअन्तर्गत ७ ओटा उद्देश्यहरू निर्धारण गरेको छ । जसलाई निम्नानुसार उल्लेख गरिएको छ ।

- साहित्यिक विधा, कविता, कथा, जीवनी आदिको गति, यति, बल, अघात मिलाएर वाचन गर्नु,
- विभिन्न प्रकारको निबन्ध, कथा, कविता, पढ्न वा विश्लेषण गर्न,
- विशिष्ट अंशको अध्ययन गरेर, व्याख्या, भाव विस्तार गर्न,
- पाठ्यविषयवस्तुको अध्ययन गरेर अर्थ बुझ्न,
- प्रचलित मुहावरा अलोकोक्ति पठन वा प्रयोग गर्न,
- मिथिलाक्षरको वर्णमाला पढ्न वा प्रयोग गर्न,
- पाठ्यांशको मौन पठन गर्न

(माध्यमिक शिक्षा पाठ्यक्रम, २०६४) ।

भाषिक सिप विकासको दृष्टिकोणले पाठ्यपुस्तकमा पाठ १ मा 'नटराज' कविता राखिएको छ । यो पाठको अभ्यास ७ मा ई नचारी सस्वर गाबिकअ सुनाउ जस्ता प्रश्नले पढाइ सिप विकासमा सहयोग गरेको छ । पाठ २ मा 'विघटन' कथा राखिएको छ । यो पठको अभ्यास ३ मा निम्नलिखित शबदसयक अर्थ स्पष्ट करु प्रश्नले पढाइ सिप विकासमा सहयोग गरेको छ । पाठ ३ मा 'प्राचीन विदेह राज्य' निबन्ध राखिएको छ । यो पाठको अभ्यास ३ मा प्रस्तुत गद्यांशकैँ ध्यानसँ पढू आ पुछल गेल प्रश्नक उत्तर अपन भाषामे लिखू प्रश्नले पढाइ सिप विकासमा सहयोग गरेको छ । पाठ ४ मा 'आगिमे तपिकअ चमकल सोना उदित' जीवनी राखिएको छ । यो पाठको अभयास ४ मा निम्नलिखित शब्दसभक अर्थ स्पष्ट कअ वाक्यमे प्रयोग करु प्रश्नले पढाइ सिप विकासमा सहयोग पुऱ्याएको छ । पाठ ५ मा कर्तव्य कविता राखिएको छ । यो पाठको अभ्यास ३ मा कर्तव्य नामक कविताकैँ सस्वरवाचन कह प्रश्नले पढाइ  सिप विकासमा सहयोग गरेको छ ।

पाठ ७ मा 'ओ खाली मुह देखै छै' श्रव्य एकांकी राखिएको छ । यो पाठको अभ्यास ३ मा निम्नांकित कथोपकथन पढू आ पुछल गेल प्रश्नक उत्तर दिअ प्रश्नले पढाइ सिप विकासमा सहयोग पुऱ्याएको छ । पाठ ९ मा 'एकटा सामाजिक कैँसर' कविता राखिएको छ । यो पाठको अभ्यास २ मा निम्नलिखित प्रश्नसयक संक्षेपमे उत्तर दिअ प्रश्नले पढाइ सिप विकासमा सहयोग पुऱ्याएको छ । पाठ १० मा अमर साहित्य शिल्पी रमाकान्त झा जीवनी राखिएको छ । यो पाठको अभ्यास ३ मा निम्नलिखित शब्दसयक अर्थ लिखि वाक्यमे प्रयोग करु प्रश्नले पढाइ सिप विकासमा सहयोग गरेको छ ।

पाठ १४ मा 'पुस्तकालय' निबन्ध राखिएको छ । यो पाठको अभ्यास २ मा संक्षिप्त उत्तर दिअ प्रश्नले पढाइ सिप विकासमा सहयोग गरेको छ । पाठ १८ मा 'महिला अधिकार आजुक आवश्यकता थिक' वादविवाद राखिएको छ । यो पाठको अभ्यास ६ मा घनसँ विद्या पैध होइत अछि शीर्षकपर अधिकतम पन्द्रह पन्द्रह पाँतीमे पक्ष विपक्ष प्रस्तुत करु प्रश्नले पढाइ सिप विकासमा सहयोग पुऱ्याएको देखिन्छ । पाठ २ मा 'अछि हमरा सभकैँ अभिमान' कविता राखिएको छ । यो पाठको अभ्यास २ मा निच्च देल गेल प्रश्नसत्रक संक्षिप्त उत्तर दिअ प्रश्नले पढाइ सिप विकासमा सहयोग गरेको छ ।

पाठ २३ मा 'गोनू झाके बिलाडि' कथा राखिएको छ । यो पाठको अभ्यास ४ मा की ठीक गोनू झाक बुधियारी चकित कअ देवा योग्य अछि ? प्रश्नले पढाइ सिप विकासमा

सहयोग गरेको छ । पाठ २४ मा 'पघलैत मोनक शब्द' कविता राखिएको छ । यो पाठको अभ्यास ५ मा प्रस्तुत कवितामे कवि कोन कोन विन्दुपर बात कएलनि अछि ? प्रश्नले पढाइ सिप विकासमा सहयोग गरेको छ । पाठ २५ मा इमैनुएल काण्ट जीवनी राखिएको छ । यो पाठको अभ्यास १ मा निम्नलिखित प्रश्नक एक एक वाक्यले उत्तर दिअ प्रश्नले पढाइ सिप विकासमा सहयोग गरेको छ । पाठ २६ मा 'नल दमयन्ती' कथा राखिएको छ । यो पाठको अभ्यास २ मा निम्नांकित प्रश्नसभक संक्षिप्त उत्तर दिअ प्रश्नले पढाइ सिप विकासमा सहयोग गरेको छ । पाठ २७ मा 'उन्नत मिथिला' कविता राखिएको छ । यो अभ्यास १ मा निम्नलिखित प्रश्नक एक एक वाक्यमे उत्तर दिअ प्रश्नले पढाइ सिप विकासमा सहयोग गरेको छ ।

कक्षा नौको मैथिली मैथिली पोथीमा पठनबोधसम्बन्धी अभ्यासहरू हेर्दा लिखित सामग्रीलाई गति, यति, लय मिलाएर शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न सक्ने उद्देश्यका लागि कविता खण्डमा राखिएका छन् । लिखित सामग्रीको मौन वाचन गर्न भन्ने उद्देश्यलाई पुरा गर्ने खालका अभ्यासहरू दिएको छैन । विभिन्न प्रकारको निबन्ध, कथा, कविता, पठन वा विश्लेषण गर्ने उद्देश्यका लागि प्रत्येक पाठमा उत्तर देऊ भन्ने प्रश्नहरू राखिएको छ । जसले पढाइ सिपको विकासमा सहयोग पुऱ्याउँछ । पाठ्यक्रमले विशिष्ट अंशको अध्ययन गरेर व्याख्या, भाव विस्तार गर उद्देश्य राखेको छ । यसलाई पुरा गर्नका लागि पाठ्यपुस्तकमा सप्रसंग व्याख्या नामक अभ्यासहरू राखिएको छ । पढाइ सिप विकास गर्न राखिएका उद्देश्यहरू पुरा गर्नका लागि पाठ्यपुस्तकमा राखिएका पाठगत अभ्यासमा पर्याप्त मात्रामा अभ्यास पुग्ने देखिँदैन । केही उद्देश्य पुरा गर्न अभ्यासहरू छन् तर सबै उद्देश्य पुरा गर्नका लागि अभ्यासहरू भेटिँदैन । पढाइ सिपका लागि भन्दा लेखाइ पिपका अभ्यासमा बढी ढल्केको छ ।

## ५.३ लेखाइ सिप

सुनेका, देखेका, पढेका, जानेका कुरालाई लिपिचिह्नद्वारा अभिव्यक्त गर्ने भाषिक कार्यकलापलाई लेखाइ भनिन्छ । लिखित अभिव्यक्ति, मौखिक अभिव्यक्तिको प्रतीकात्मक प्रयोग हो । लेखाइ सिप विकासका लागि अनुच्छेद लेखन, श्रुति लेखन, स्वतन्त्र लेखन जस्ता कार्यकलाप गराउनुपर्नेछ । भाषिक अभिव्यक्तिद्वारा सिपको विकास गर्न भाषा पाठ्यक्रमले

लेखाइ सिपको उद्देश्य राखेको छ । कक्षा नौको मैथिली भाषा पाठ्यक्रममा लेखाइ सिपअन्तर्गत ९ ओटा उद्देश्य समेटिएको देखिन्छ । जुन उद्देश्यहरू यसप्रकार छन् :

- देखेको, सुनेको, पढेको वा अनुभव गरेको विषयवस्तु वा घटना विषयमा वर्णन गर्न,
- विभिन्न प्रकारको अनुच्छेद लेख्न,
- हिज्जे मिलाएर उपयुक्त वाक्यको गठन गरेर लेख्न,
- शिक्षकद्वारा लेखाएको लेख, श्रुति लेख लेख्न,
- घरायसी, कार्यालयीय वा व्यापारिक चिठी लेख्न,
- विराम चिह्नहरू प्रयोग गरेर लेख्न,
- मुहावरा लोकोक्तिक अर्थ बुझेर वाक्यमा प्रयोग गरेर लेख्न,
- पर्यायवाची, अनेकार्थी, विपरीतार्थी, पारिभाषिक, प्राविधिक शब्दहरू अर्थ बुझेर प्रयोग गर्न,
- क्रिया मिलाएर अनुच्छेद छुट्याएर निबन्ध लेख्न ।

भाषिक सिप विकासको दृष्टिले पाठ १ 'नटराज' कविता राखिएको छ । यो पाठको अभ्यास ३ मा निम्नांकित पद्यांशक सप्रसंग व्याख्या कर प्रश्नले लेखाइ सिप विकासमा सहयोग पुऱ्याएको छ । पाठ २ मा 'विघटन' कथा राखिएको छ । यो पाठको अभ्यास २ मा निम्नलिखित प्रश्नक संक्षिप्त उत्तर लिखू प्रश्नले लेखाइ सिप विकासमा सहयोग पुऱ्याएको देखिन्छ । पाठ ३ मा 'प्राचीन विदेह राज्य' निबन्ध राखिएको छ । यो पाठको अभ्यास २ मा संक्षिप्त उत्तर दिअ र अभ्यास ३ मा प्रस्तुत गद्यांशके ध्यानसँ पढू आ पुछल गेल प्रश्नक उत्तर अपन भाषामे लिखू प्रश्नले लेखाइ सिप विकासमा सहयोग पुऱ्याउँदछ । पाठ ४ 'आगिमे तपिकअ चमकल सोना उदित' जीवनी राखिएको छ । यो पाठको अभ्यास ५ निम्न प्रश्नसभक विवेचनात्मक उत्तर दिअ प्रश्नले लेखाइ सिप विकासमा सहयोग पुऱ्याउँदछ । पाठ ५ मा 'कर्तव्य' कविता राखिएको छ । यो पाठको अभ्यास ५ मा निम्नलिखित पद्यांशक सप्रसंग व्याख्या कह प्रश्नले लेखाइ सिप विकासमा सहयोग गरेको छ । पाठ ६ मा 'पाँचपत्र' पत्रकथा राखिएको छ । यो पाठको अभ्यास ४ मा निम्नलिखित प्रश्नक सप्रसंग व्याख्या लिखू प्रश्नले लेखाइ सिप विकासमा सहयोग गरेको छ । पाठ ७ मा

‘ओ खाली मुह देखै छै’ श्रव्य एकांकी राखिएको छ। यो पाठको अभ्यास ६ मा निम्नांकित नाट्यांशक सप्रसंग व्याख्या लिखू प्रश्नले लेखाइ सिप विकासमा सहयोग गरेको छ। पाठ ८ मा ‘मैथिली भाषा : पृष्ठभूमि आ विशेषता’ निबन्ध राखिएको छ। यो पाठको अभ्यास ५ मा सिर्जनात्मक अभ्यास राखिएको छ। यसले लेखाइ सिप विकास सहयोग गरेको छ। पाठ ९ ‘एउटा सामाजिक कैँसर’ कविता राखिएको छ । यो पाठको अभ्यास ३ मा निम्नांकित उद्धरणसभके आशय स्पष्ट करु प्रश्नले लेखाइ सिप विकासमा सहयोग गरेको छ। पाठ १० मा ‘अमर साहित्य शिल्पी रमाकान्त झा’ जीवनी राखिएको छ। यो पाठको अभयास २ मा निम्नांकित प्रश्नसभक संक्षेपमे उत्तर लिखू प्रश्नले लेखाइ सिप विकासमा सहयोग गरेको छ । पाठ ११ मा ‘उगलाहा’ कथा राखिएको छ । यो पाठको अभ्यास ४ मा निम्नांकित गद्यांशक सप्रसंग व्याख्या करु प्रश्नले लेखाइ सिप विकासमा सहयोग गरेको छ। पाठ १२ मा ‘एकटा छात्रक डायरी’ दैनिकी राखिएको छ । यो पाठको अभ्यास २ मा निम्नांकित प्रश्नसभक संक्षिप्त उत्तर लिखू प्रश्नले लेखाइ सिप विकसामा सहयोग गरेको छ। पाठ १३ मा ‘अल्बर्ट आइन्स्टीन’ जीवनी राखिएको छ । यो पाठको अभ्यास २ मा निम्नलिखित प्रश्नसभक संक्षिप्त उत्तर दिअ प्रश्नले लेखाइ सिप विकासमा सहयोग गरेको छ। पाठ १४ मा ‘पुस्तकालय’ निबन्ध राखिएको छ । यो पाठको अभ्यास २ मा संक्षिप्त उत्तर दिअ र अभ्यास ५ सिर्जनात्मक अभ्यास प्रश्नले लेखाइ सिप विकासमा सहयोग पुऱ्याएको छ।

पाठ १५ मा ‘जँ हम शिक्षामंत्री होइतहुँ’ मनोवाद राखिएको छ। यो पाठको अभ्यास ५ मा निम्न प्रश्नसभक विवेचनात्मक उत्तर लिखू प्रश्नले लेखाइ सिप विकासमा सहयोग गरेको छ। पाठ १६ मा ‘आस्थाक हिलोर’ गीत राखिएको छ। यो पाठको अभ्यास ३ मा सप्रसंग व्याख्या लिखू प्रश्नले लेखाइ सिप विकासमा सहयोग गरेको छ । पाठ १६ मा ‘सुगरक बाप’ कथा राखिएको छ। यो पाठको अभ्यास ५ मा सप्रसंग व्याख्या करु प्रश्नले लेखाइ सिप विकासमा सहयोग गरेको छ । पाठ १८ मा ‘महिला अधिकार आजुक आवश्यकता थिक’ वादविवाद राखिएको छ। यो पाठको अभ्यास ४ मा विवेचनात्मक उत्तर दिअ प्रश्नले लेखाइ सिप विकासमा सहयोग गरेको छ। पाठ १९ मा ‘प्रजातान्त्रिक योद्धा महेन्द्र नारायण निधि’ जीवनी राखिएको छ। यो पाठको अभ्यास ५ मा विवेचनात्मक उत्तर दिअ प्रश्नले लेखाइ सिप विकासमा सहयोग पुऱ्याएको छ। पाठ २० मा अछि हमरासभकेँ अभिमान कविता राखिएको छ । यो पाठको अभ्यास ३ मा सप्रसंग व्याख्या करु प्रश्नले

लेखाइ सिप विकासमा सहयोग गरेको छ । पाठ २१ मा 'भूपतीन्द्रमल्ल आ मैथिली साहित्य' निबन्ध राखिएको छ । यो पाठको अभ्यास ५ मा निम्नलिखित प्रश्नक विवेचनात्मक उत्तर दिअ प्रश्नले लेखाइ सिप विकासमा सहयोग गरेको छ ।

पाठ २२ मा 'प्रकाशककेँ पत्र' व्यावसायिक पत्र राखिएको छ । यो पाठको अभ्यास ४ मा सिर्जनात्मक प्रश्नले लेखाइ सिपमा सहयोग गरेको छ । पाठ २३ मा 'गोनू झाक बिलाड़ि' कथा राखिएको छ । यो पाठमा अभ्यास २ मा निम्नलिखित प्रश्नसभक संक्षिप्त उत्तर दिअ प्रश्नले लेखाइ सिपमा सहयोग गरेको छ । पाठ २४ मा 'पघलैत मोनक शब्द' कविता राखिएको छ । यो पाठको अभ्यास ३ मा निम्नलिखित पद्यांशक सप्रसंग व्याख्या लिखू प्रश्नले लेखाइ सिप विकासमा सहयोग गरेको छ । पाठ २५ मा 'इमैनुएल काण्ट' जीवनी राखिएको छ । यो पाठमा अभ्यास ५ मा विवेचनात्मक उत्तर लिखू प्रश्नले लेखाइ सिपमा सहयोग गरेको छ । पाठ २६ मा 'नल-दमयन्ती' कथा रारिखएको छ । यो पाठको अभ्यास ४ मा निम्नलिखित प्रश्नक विवेचनात्मक उत्तर दिअ प्रश्नले लेखाइ सिप विकासमा सहयोग गरेको छ । पाठ २७ मा 'उन्नत मिथिला' कविता राखिएको छ । यो पाठको अभ्यास ४ मा सप्रसंग व्याख्या लिखू प्रश्नले लेखाइ सिप विकासमा सहयोग गरेको छ । पाठ २८ मा 'तिरहुता लिपि' शीर्षकको पाठ राखिएको छ । यो पाठको अभ्यास १ मा निम्नांकित प्रश्नसभक संक्षिप्त उत्तर दिअ र अभ्यास २ मा निम्नलिखित वाक्यांशकेँ मिथिलापरसँ देवनारीकये लिखू प्रश्नले लेखाइ सिप विकासमा सहयोग गरेको छ ।

भाषा पाठ्यक्रमले राखेका उद्देश्य पुरा गर्नका लागि प्रत्येक पाठका अभ्यासमा पछि सङ्क्षिप्त उत्तर लेख भन्ने अभ्यास राखिएको छ । धेरैजसो पाठमा शब्द दिएर अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर भन्ने अभ्यास राखिएको छ । जसले शब्द भण्डार क्षमतामा वृद्धि गराउँदछ । पाठ्यक्रमले राखेका उद्देश्य पुरा गर्नका लागि सप्रसंग व्याख्या लेखन पनि राखिएको पाइन्छ । हिज्जे मिलाएर उपयुक्त वाक्यको गठन गरेर लेख्ने उद्देश्यको लागि पाठहरूको अन्त्यमा सिर्जनात्मक अभ्यासहरू राखिएका छन् । घरायसी, कार्यालयीय वा व्यापारिक चिठी लेखन उद्देश्यको लागि पाठ्यक्रमले निर्देशनकै आधारमा व्यापारिक चिठी नामक शीर्षकमा चिठी लेखनसम्बन्धी अभ्यासहरू पनि समेत राखिएको छ । कथा, निबन्ध, जीवनी, संवाद र चिठी जस्ता पाठहरूको अन्त्यमा संक्षिप्त उत्तर दिनुहोस्, उत्तर

दिनुहोस्, सप्रसंग व्याख्या गर्नुहोस्, शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्नुहोस् जस्ता अभ्यासहरू प्रशस्त पाइन्छ जसले लेखाइ सिप टेवा पुऱ्याएको देखिन्छ ।

यसरी उक्त पाठ्यपुस्तकको विश्लेषण गर्दा भाषाका चार सिपहरूमध्ये सबैभन्दा बढी लेखाइ सिपलाई प्राथमिकता  दिइएको भेटिन्छ । लेखाइ सिपका अभ्यासहरू उपयुक्त नै देखिन्छन् ।

# अध्याय छ

# अभ्यास खण्डको स्वरूप र प्रयोगको स्थिति

## ६.१ मैथिली पोथीमा राखिएको अभ्यासहरूको विश्लेषण

भाषा पाठ्यपुस्तकमा अभ्यासको महत्त्वपूर्ण भूमिका हुन्छ । त्यसैले हरेक पाठको पाठ्यांश सकिए पछि अनिवार्य रूपमा स्तरयुक्त अभ्यासहरू समावेश गरिएको हुन्छ । अभ्यास खण्डमा एकै प्रकृतिका प्रश्न र अभ्यास नराखी वस्तुगत, विषयगत, श्रुतिबोध, पठनबोध, लयबोध, उच्चारण, अभिनयात्मक कथन, घटना वर्णन, कथा कथन, चित्र वर्णन, तार्किक संयोजन, संवाद, छलफल, शब्द निर्माण र प्रयोग, वाक्य गठन, रूपान्तरण, उक्ति परिवर्तन, शब्दार्थ, वर्ण विन्यास आदि विविध पक्षसँग पनि उत्तिकै सन्तुलित संयोजन गरी राख्नुपर्छ (पौडेल, २०६९, पृ. ३२४) । यसमा भाषाका चारवटा सिप विकास हुने गरी सामग्रीको संयोजन गरिएको हुन्छ ।

शिक्षणको व्यवस्थित तयारी तथा मूल्याङ्कनको सजिलो उपाय रूपमा अभ्यासको महत्त्वपूर्ण भूमिका रहन्छ । भाषामा निर्देशन दिएर मात्र पुग्दैन, विषयवस्तुको अभ्यासबाट भाषिक कुशलता सिकाउने उद्देश्य किटान गरिएको हुनुपर्दछ । अभ्यासमा सरलबाट जटिलतर्फ उन्मुख सामग्रिको साथै भाषिक शैक्षिक समस्याहरूलाई समाधान गर्ने र विद्यार्थीका कमीकमजोरीलाई निराकरण गर्ने खालका अभ्यासको व्यवस्था गरिनुपर्दछ ।

मैथिली पोथीको अभ्यास खण्डको स्वरूप र प्रयोगको स्थितिलाई यसरी विश्लेषण गरिएको छ :

### ६.१.१ बोध प्रश्नोत्तर

'नटराज' कवितामा बोध प्रश्नोत्तरमा अभ्यास १ : अति संक्षिप्त उत्तर र अभ्यास २ : उत्तर लेख अभ्यासहरू राखिएका छन् । 'कर्तव्य' कवितामा बोध प्रश्नोत्तरमा अभ्यास १ : छोटो उत्तर अभ्यास राखिएको छ । 'एकता सामाजिक कैसर' कवितामा बोध प्रश्नोत्तरमा अभ्यास १ : एक वाक्यमा उत्तर र अभ्यास २ : संक्षिप्त उत्तर प्रश्न राखिएका छन् । 'आस्थाक हिलोर' गीतमा बोध प्रश्नोत्तरमा अभ्यास १ मा एक वाक्यमा उत्तर रारिखएको छ । 'अछि हमरासयकँ अभियान' कवितामा बोध प्रश्नोत्तरमा अभ्यास १ मा एक वाक्यमा उत्तर र अभ्यास २ मा संक्षिप्त उत्तर अभ्यासहरू राखिएका छन् । 'पधलैत मोनक शब्द'

कवितामा बोध प्रश्नोत्तरमा अभ्यास १ मा एक वाक्यमा उत्तर प्रश्न राखिएका छन् । 'उन्नत मिथिला' कवितामा बोध प्रश्नोत्तरमा अभ्यास १ मा एक वाक्यमा उत्तर अभ्यास राखिएको छ । 'विघटन' कथामा बोध प्रश्नोत्तरमा अभ्यास १ मा एक वाक्यमा उत्तर र अभ्यास २ मा संक्षिप्त उत्तर अभ्यासहरू राखिएका छन् । 'पाँचपत्र' कथामा बोध प्रश्नोत्तरमा अभ्यास १ मा एक वाक्यमा उत्तर र अभ्यास २ मा संक्षिप्त उत्तर अभ्यासहरू राखिएका छन् । 'उगलाहा' कथामा बोध प्रश्नोत्तरमा अभ्यास १ मा छोटो उत्तर र अभ्यास २ मा संक्षिप्त उत्तर जस्ता अभ्यासहरू राखिएका छन् ।

'सुगरक बाप' कथामा बोध प्रश्नोत्तरमा अभ्यास १ मा एक वाक्यमा उत्तर र अभ्यास २ मा संक्षिप्त उत्तर अभ्यासहरू राखिएका छन् । 'गोनू झाक विलाड़ि' कथामा बोध प्रश्नोत्तरमा अभ्यास १ मा एक वाक्यमा उत्तर र अभ्यास २ मा संक्षिप्त उत्तर जस्ता प्रश्नहरू राखिएका छन् । 'नल दमयन्ती' कथामा बोध प्रश्नोत्तरमा अभ्यास १ मा एक वाक्यमा उत्तर र अभ्यास २ मा संक्षिप्त उत्तर अभ्यासहरू राखिएका छन् । 'प्राचीन विदेह राज्य' निबन्धमा बोध प्रश्नोत्तरमा अभ्यास १ मा एक वाक्यमा उत्तर र अभ्यास २ मा संक्षिप्त उत्तर अभ्यासहरू राखिएका छन् । 'मैथिली भाषा : पृष्ठभूमि आ विशेषता' निबन्धमा बोध प्रश्नोत्तरमा अभ्यास १ मा एक वाक्यमा उत्तर र अभ्यास २ मा संक्षिप्त उत्तर अभ्यासहरू राखिएका छन् । 'पुस्तकालय' निबन्धमा बोध प्रश्नोत्तरमा अभ्यास १ मा एक वाक्यमा उत्तर र अभ्यास २ मा संक्षिप्त उत्तर अभ्यासहरू राखिएका छन् । 'भूपतीन्द्रमल्ल आ मैथिली साहित्य' निबन्धमा बोध प्रश्नोत्तरमा अभ्यास १ मा एक वाक्यमा उत्तर र अभ्यास १ मा संक्षिप्पत उत्तर अभ्यासहरू राखिएका छन् । 'आगिमे तपिकअ चमकल सोना उदित' जीवनीमा बोध प्रश्नोत्तरमा अभ्यास १ मा एक वाक्यमा उत्तर र अभ्यास २ मा संक्षिप्त उत्तर अभ्यासहरू राखिएका छन् ।

'अमर साहित्य शिल्पी रमाकान्त झा' जीवनीमा बोध प्रश्नोत्तरमा अभ्यास १ मा एक वाक्यमा उत्तर र अभ्यास २ मा संक्षिप्तप उत्तर अभ्यासहरू राखिएका छन् । 'अल्बर्ट आइन्स्टीन' जीवनीमा बोध प्रश्नोत्तरमा अभ्यास १ मा एक वाक्यमा उत्तर र अभ्यास २ मा संक्षिप्त उत्तर जस्ता अभ्यासहरू राखिएका छन् । 'प्रजातान्त्रिक योद्धा महेन्द्रनारायण निधि' जीवनीमा बोध प्रश्नोत्तरमा अभ्यास १ मा एक वाक्यमा उत्तर र अभ्यास २ मा संक्षिप्त उत्तर प्रश्नहरू राखिएका छन् । 'इमैनुएल काण्ट' जीवनीमा बोध प्रश्नोत्तरमा अभ्यास १ मा

एक वाक्यमा उत्तर र अभ्यास २ मा संक्षिप्त उत्तर अभ्यासहरू राखिएका छन् । 'ओ खाली मुह देखै छै' एकांकीमा बोध प्रश्नोत्तरमा अभ्यास १ मा उत्तर लेख प्रश्नहरू राखिएका छन् । 'जँ हम शिक्षामंत्री होइतहुँ' मनोवादमा बोध प्रश्नोत्तरमा अभ्यास १ मा एक वाक्यमा उत्तर र अभ्यास २ मा संक्षिप्त उत्तर अभ्यासहरू राखिएका छन् । 'महिला अधिकार आजुक आवश्यकता थिक' वादविवादमा बोध प्रश्नोत्तरमा अभ्यास १ मा एक वाक्यमा उत्तर अभ्यास राखिएको छ । 'प्रकाशकँ पत्र' व्यावसायिक पत्रमा बोध प्रश्नोत्तरमा अभ्यास १ मा एक वाक्यमा उत्तर अभ्यास राखिएको छ । 'तिरहुता लिपि (मिथिलाक्षर)' शीर्षक पाठमा बोध प्रश्नोत्तरमा संक्षिप्त उत्तर अभ्यास राखिएको छ ।

कक्षा नौको 'मैथिली पोथी' पाठ्यपुस्तकको अभ्यास खण्डमा बोध प्रश्नोत्तर अभ्यासहरू राखिएका छन् । बोध प्रश्नोत्तरमा छोटो र लामो उत्तर आउने प्रश्नहरू मैथिली पोथी पाठ्यपुस्तकमा समावेश गरिएको पाइन्छ । अभ्यास खण्डलाई हेर्दा सबै पाठको अन्त्यमा बोध प्रश्नहरू राखिएका छन् । बोध प्रश्नले पढाइ र लेखाइ सिप विकासमा सहयोग गरेको पाइन्छ ।

### ६.१.२ सप्रसङ्ग व्याख्या

'नटराज' कवितामा अभ्यास ३ मा सप्रसंग अभ्यास राखिएको छ । 'कर्तव्य' कवितामा अभ्यास ५ मा सप्रसंग व्याख्या राखिएको छ । 'आस्थाक हिलोर' गीतमा अभ्यास ३ मा सप्रसंग व्याख्या राखिएको छ । 'अछि हमरासयकँ अभिमान' कवितामा अभ्यास ३ मा सप्रसंग व्याख्या राखिएको छ । 'पधलैत मोनक शब्द' कवितामा अभ्यास ३ मा सप्रसंग व्याख्या राखिएको छ । 'उन्नत मिथिला' कवितामा अभ्यास ४ मा सप्रसंग व्याख्या राखिएको छ । 'पाँचपत्र' कथामा अभ्यास ४ मा सप्रसंग व्याख्या राखिएको छ । 'उगलाहा' कथामा अभ्यास ४ मा सप्रसंग व्याख्या राखिएको छ । 'सुगरक बाप' कथामा अभ्यास ५ मा सप्रसंग व्याख्या राखिएको छ । 'इमैनुएल काण्ट' जीवनीमा पनि सप्रसंग व्याख्या राखिएको छ ।

'ओ खाली मुह देखै छै' एकांकीमा अभ्यास ६ मा सप्रसंग व्याख्या राखिएको छ । 'महिला अधिकार आजुक आवश्यकता थिक' वादविवादमा अभ्यास ३ मा सप्रसंग व्याख्या राखिएको छ । 'एकता सामीजक कैसर', 'विघटन', 'गोनू झाक विलाड़ि', 'नल दमयन्ती', 'प्राचीन विदेह राज्य', 'मैथिली भाषा : पृष्ठभूमि आ विशेषता', 'पुस्तकालय', 'भूपतीन्द्रमल्ल आ मैथिली साहित्य', 'आगिमे तपिकअ चमकल सोना उदित', 'अमर साहित्य शिल्पी

रमाकान्त झा', 'अल्बर्ट आइन्स्टीन', 'प्रजातान्त्रिक योद्धा महेन्द्रनारायण निधि', 'जँ हम शिक्षामंत्री होइतहुँ', 'प्रकाशककेँ पत्र' र 'तिरहुता लिपि (मिथिलाक्षर)' पाठहरूमा सप्रसंग व्याख्या अभ्यासहरू राखिएको छैनन् ।

कक्षा नौको मैथिली पोथी पाठ्यपुस्तक धेरै जसो पाठहरू सप्रसंग व्याख्यामूलक अभ्यासहरू राखिएको पाइँदैन । केही पाठहरूमा मात्र सप्रसंग व्याख्यामूलक अभ्यासहरू राखिएको पाइन्छ । विद्यार्थीहरूमा सप्रसंग व्याख्यामूलक प्रश्नले लेखाइ सीप विकासमा सहयोग गरेको पाइन्छ ।

### ६.१.३ शब्द भण्डार

'नटराज' कवितामा शब्द भण्डारमूलक अभ्यासको रूपमा अभ्यास ४ मा वाक्यमा प्रयोग अभ्यास राखिएको छ । 'एकता सामाजिक कैसर' कवितामा अभ्यास २ मा वाक्यमा प्रयोग अभ्यासले शब्द भण्डारमूलक अभ्यासका रूपमा राखिएको छ । 'आस्थाक हिलोर' गीतमा शब्द भण्डारमूलक अभ्यासको रूपमा अभ्यास २ मा वाक्यमा प्रयोग अभ्यास राखिएको छ । 'अछि हमरासभकेँ अभिमान' कवितामा शब्द भण्डार अभ्यासको रूपमा अभयास ४ मा वाक्यमा प्रयोग अभ्यास राखिएको छ । 'पधलैत मोनक शब्द' कवितामा शब्द भण्डारमूलक अभ्यासको रूपमा अभयास २ मा जोडा मिलाऊ र अभ्यास ४ मा विपरीतार्थक शब्द अभ्यासहरू राखिएका छन् । 'उन्नत मिथिला' कवितामा शब्द भण्डारमूलक अभ्यासको रूपमा अभ्यास ३ मा जोडा मिलाऊ अभ्यास राखिएको छ । 'विघटन' कथामा शब्द भण्डारमूलक अभ्यासको रूपमा अभ्यास ४ मा जोडा मिलाऊ अभ्यास राखिएको छ । 'पाँचपत्र' कथामा शब्द भण्डारमूलक अभ्यासको रूपमा अभ्यास ३ मा खाली ठाउँ भर अभ्यास राखिएको छ । 'अगलाहा' कथामा शब्द भण्डारमूलक अभ्यासको रूपमा अभ्यास ५ मा वाक्यमा प्रयोग अभ्यास राखिएको छ । 'सुगरक बाप' कथामा शब्द भण्डारमूलक अभ्यासको रूपमा अभ्यास ३ मा वाक्यमा प्रयोग अभ्यास राखिएको छ ।

'गोनू झाके बिलाड़ि' कथामा शब्द भण्डारमूलक अभ्यासको रूपमा अभ्यास ३ मा खाली ठाउँ भर अभ्यास राखिएको छ । 'नल दमयन्ती' कथामा शब्द भण्डारमूलक अभ्यासको रूपमा अभ्यास ३ मा ठीक चिह्न लगाउ अभ्यास राखिएको छ । 'प्राचीन विदेह राज्य' निबन्धमा शब्द भण्डारमूलक अभ्यासको रूपमा अभ्यास ४ मा जोडा मिलाऊ

अभ्यास राखिएको छ । 'मैथिली भाषा : पृष्ठभूमि आ विशेषता' निबन्धमा शब्द भण्डार अभ्यासको रूपमा अभ्यास ३ मा खाली ठाउँ भर अभ्यास राखिएको छ । 'पुस्तकालय' निबन्धमा शब्द भण्डार अभ्यासको रूपमा अभ्यास ३ मा खाली ठाउँ भर अभ्यास राखिएको छ । 'भूपतीन्द्रमल्ल आ मैथिली साहित्य' निबन्धमा शब्द भण्डारमूलक अभ्यासको रूपमा अभ्यास ४ मा वाक्यमा प्रयोग अभ्यास राखिएको छ । 'आगिमे तपिकअ चमकल सोना उदित' जीवनीमा शब्द भण्डारमूलक अभ्यासको रूपमा अभ्यास ३ मा खाली ठाउँ भर र अभ्यास ४ मा वाक्यमा प्रयोग अभ्यासहरू राखिएका छन् । 'अमर साहित्य शिल्पी रमाकान्त झा' जीवनीमा शब्द भण्डारमूलक अभ्यासको रूपमा अभ्यास ३ मा वाक्यमा प्रयोग र अभ्यास ४ मा खाली ठाउँ भर अभ्यासहरू राखिएका छन् । 'अल्बर्ट आइन्स्टीन' जीवनीमा शब्द भण्डारमूलक अभ्यासको रूपमा अभ्यास ३ मा खाली ठाउँ भर अभ्यास राखिएको छ ।

'प्रजातान्त्रिक योद्धा महेन्द्रनारायण निधि' जीवनीमा शब्द भण्डारमूलक अभ्यासको रूपमा अभ्यास ३ मा जोडा मिलाउ र अभ्यास ४ मा ठिक बेठिक छुट्याउ अभ्यासहरू राखिएका छन् । 'इमैनुएल काण्ट' जीवनीमा शब्द भण्डारमूलक अभ्यासको रूपमा अभ्यासउ ३ मा खाली ठाउँ भर अभ्यास राखिएको छ । 'ओ खाली मुह देखै छै' एकांकीमा शब्द भण्डारमूलक अभ्यासको रूपमा अभ्यास ४ मा संवाद पूरा करु अभ्यास राखिएको छ । 'जँ हम शिक्षामंत्री होइतहुँ' मनोवादमा शब्द भण्डारमूलक अभ्यासको रूपमा अभ्यास ३ मा वाक्यमा प्रयोग र अभ्यास ४ मा जोडा मिलाउ अभ्यासहरू राखिएका छन् । 'महिला अधिकार आजुक आवश्यकता थिक' वादविवादमा शब्द भण्डारमूलक अभ्यासको रूपमा अभ्यास २ मा खाली ठाउँ भर अभ्यास राखिएको छ । 'प्रकाशककेँ पत्र' व्यावसायिक पत्रमा शब्द भण्डारमूलक अभ्यासको रूपमा अभ्यास २ मा जोडा मिलाउ र अभ्यास ३ मा वाक्यमा प्रयोग अभ्यासहरू राखिएका छन् ।

कक्षा नौको मैथिली पोथी पाठ्यपुस्तकमा शब्द भण्डारमूलक अभ्यासहरू प्रशस्त रहेको पाइन्छ । प्रत्येक पाठमा वाक्यमा प्रयोग, जोडा मिलाउ र खाली ठाउँ भर अभ्यासहरू राखिएको पाइन्छ । शब्द भण्डारले विद्यार्थीहरूमा बोली सिप विकासमा मद्दत गर्दछ । त्यसैले् शब्द भण्डारमूलक अभ्यासहरू पाठ्यपुस्तकमा आवश्यक पनि देखिन्छ ।

### ६.१.४ सिर्जनात्मक अभ्यास

'कर्तव्य' कवितामा अभ्यास ७ मा सिर्जनात्मक अभ्यास राखिएको छ । 'आस्थाक हिलोर' गीतमा अभ्यास ५ मा सिर्जनात्मक अभ्यास राखिएको छ । 'अछि हमरासभकँ अभिमान' कवितामा अभ्यास ६ मा सिर्जनात्मक अभ्यास राखिएको छ । 'विघटन' कथामा अभ्यास ५ मा सिर्जनात्मक अभ्यास राखिएको छ । 'पाँचपत्र' कथामा अभ्यास ६ मा सिर्जनात्मक अभ्यास राखिएको छ । 'उगलाहा' कथामा अभ्यास ६ मा सिर्जनात्मक अभ्यास राखिएको छ । 'सुगरक बाप' कथामा अभ्यास ६ मा सिर्जनात्मक अभ्यास राखिएको छ । 'गोनू झाक बिलाड़ि' कथामा अभ्यास ४ मा सिर्जनात्मक अभ्यास राखिएको छ । 'प्राचीन विदेह राज्य' निबन्धमा अभ्यास ५ मा सिर्जनात्मक अभ्यास राखिएको छ । 'मैथिली भाषा : पृष्ठभूमि आ विशेषता' निबन्धमा अभ्यासमा ५ मा सिर्जनात्मक अभ्यास राखिएको छ । 'पुस्तकालय' निबन्धमा अभ्यास ५ मा सिर्जनात्मक अभ्यास राखिएको छ । 'अल्बर्ट आइन्स्टीन' जीवनीमा अभ्यास ४ मा सिर्जनात्मक अभ्यास राखिएको छ । 'ओ खाली मुह देखै छै' एकांकीमा अभ्यास ७ मा सिर्जनात्मक अभ्यास राखिएको छ । 'महिला अधिकार आजुक आवश्यकता थिक' वादविवादमा अभ्यास ५ मा सिर्जनात्मक अभ्यास राखिएको छ । 'प्रकाशककँ पत्र' व्यावसायिक पत्रमा अभ्यास ४ मा सिर्जनात्मक अभ्यास राखिएको छ ।

कक्षा नौको मैथिली पोथी पाठहरू सिर्जनात्मक अभ्यासहरू समेत राखिएको पाइन्छ । यसले विद्यार्थीहरूमा सिर्जनात्मक रचनातर्फ क्रियाशील बनाइ दिन्छ । सिर्जनात्मक अभ्यासले लेखाइ सिप विकासका साथै मौखिक अभिव्यक्ति सिप विकासमा समेत टेवा पुऱ्याउँदछ ।

### ६.१.५ व्याकरणमूलक अभ्यास

'नटराज' कवितामा अभयास ६ मा व्याकरणमूलक अभ्यास राखिएको छ । 'कर्तव्य' कवितामा अभ्यास ८, ९ र १० मा व्याकरण जस्ता अभ्यासहरू रहेका छन् । 'एकता सामाजिक कैसर' कवितामा अभ्यास ५, ६ र ७ मा व्याकरण जस्ता अभ्यास राखिएका छन् । 'आस्थाक हिलोर' गीतमा अभ्यास ६, ७ र ८ मा व्याकरण जस्ता अभ्यासहरू राखिएका छन् । 'अछि हमरासभकँ अभिमान' कवितामा अभ्यास ७ र ८ मा व्याकरण जस्ता अभ्यासहरू राखिएका छन् । 'पधलैत मोनक शब्द' कवितामा अभ्यास ५ मा व्याकरण जस्ता अभ्यास राखिएको छ । 'उन्नत मिथिला' कवितामा अभ्यास ६ मा व्याकरण

जस्ता अभ्यास राखिएको छ। 'विघटन' कथामा अभ्यास ६, ७, ८ र ९ मा व्याकरण जस्ता अभ्यासहरू राखिएका छन्। 'पाँचपत्र' कथामा अभ्यास ७, ८, ९ र १० मा व्याकरण जस्ता अभ्यासहरू राखिएका छन्। 'उगलाहा' कथामा अभ्यास ७ र ९ मा व्याकरण जस्ता अभ्यासहरू राखिएका छन्। 'सुगरक बाप' अभ्यास ७, ८ र ९ मा व्याकरण जस्ता अभ्यासहरू राखिएका छन्। 'गोनू झाके विलाड़ि' कथामा अभ्यास ५ मा व्याकरण राखिएको छ। 'नल दमयन्ती' कथामा अभ्यास ५ मा व्याकरण जस्ता अभ्यास राखिएको छ।

'प्राचीन विदेह राज्य' निबन्धमा अभ्यास ६ र ७ मा व्याकरण जस्ता अभ्यासहरू राखिएका छन्। 'मैथिली भाषा पृष्ठभूमि आ विशेषता' निबन्धमा अभ्यास ६ र ७ मा व्याकरण जस्ता अभ्यासहरू राखिएका छन्। 'पुस्तकालय' निबन्धमा अभ्यास ६, ७ र ८ मा व्याकरण जस्ता अभ्यासहरू राखिएका छन्। 'भूपतीन्द्रमल्ल आ मैथिली साहित्य' निबन्धमा अभ्यास ६, ७ र ८ मा वयकरण जस्ता अभ्यासहरू राखिएका छन्। 'आगिमे तपिकअ चमकल सोना उदित' जीवनीमा अभ्यास ६, ७ र ८ मा व्याकरण जस्ता अभ्यासहरू राखिएका छन्। 'अमर साहित्य शिल्पी रमाकान्त झा' जीवनीमा अभ्यास ५, ६ मा व्याकरण जस्ता अभ्यासहरू राखिएका छन्। 'अल्बर्ट आइन्स्टीन' जीवनीमा अभ्यास ५, ६ र ७ मा व्याकरण जस्ता अभ्यासहरू राखिएका छन्। 'प्रजातान्त्रिक योद्धा महेन्द्रनारायण निधि' जीवनीमा अभ्यास ६, ७, ८ र ९ मा व्याकरण जस्ता अभ्यासहरू राखिएका छन्। 'इमैनुएल काण्ट' जीवनीमा अभ्यास ६ मा व्याकरण जस्ता अभ्यास राखिएको छ। 'ओ खाली मुह देखै छै' एकांकीमा अभ्यास ८, ९, १० र ११ मा व्याकरण जस्ता अभ्यासहरू राखिएका छन्। 'जँ हम शिक्षामंत्री होइतहुँ' मनोवादमा अभयास ६, ७ र ८ मा व्याकरण जस्ता अभ्यासहरू राखिएका छन्। 'महिला अधिकार आजुक आवश्यकता थिक' वादविवादमा अभ्यास ६, ७ र ८ मा व्याकरण जस्ता अभ्यासहरू राखिएका छन्। 'प्रकाशककेँ पत्र' व्यावसायिक पत्रमा अभ्यास ५ मा व्याकरण राखिएको छ। 'तिरहुतता लिपि (मिथिलाक्षर)' शीर्षक पाठमा अभ्यास ४ मा व्याकरण जस्ता अभ्यास राखिएको छ।

कक्षा नौको मैथिली पोथी पाठ्यपुस्तकमा प्रत्येक पाठको अन्त्यमा व्याकरणमूलक अभ्यासहरू रहेको पाइन्छ। यो पाठ्यपुस्तकमा भाषा र व्याकरण छुट्टाछुट्टै शिक्षण नगरेर भाषा पाठ्यपुस्तक विधि रूपमा व्याकरण सिकाएको पाइन्छ।

कक्षा नौको ‘मैथिली पोथी’ मा समावेश भएका सातवटा कविता, चारवटा कथा र चारवटा निबन्धमा मात्रात्मक हिसाबले हेर्दा अरू विधाभन्दा एक वाक्यमा उत्तर लेख्ने, खाली ठाउँ भर्ने, जोडा मिलाउने प्रश्न बढी दिइएको छ। यी अभ्यासबाहेक भाषिक सिपको विकास गर्न अन्य अभ्यासहरू जस्तै वाक्यमा प्रयोग, अर्थ लेख र पठनबोध जस्ता अभ्यासहरू समावेश गरेर पाठ्यक्रमको उद्देश्यलाई पुरा गर्ने हेतु राखिएको छ । समग्रमा अभ्यास खण्डमा रारिखएका प्रश्नहरू पाठ्यक्रम अनुरूप नै छन् । त्यस्तै व्याकरण तत्वको पहिचान र तिनको उपयुक्त प्रयोग क्षमता विकासको उद्देश्यले पाठ्यक्रममा व्याकरण तत्व समावेश गरिएको छ । व्याकरणमा भाषा प्रयोगमा अन्तरसम्बन्धित संरचना वा व्यवस्था भएकाले यसलाई पाठभन्दा अलग गर्नु सम्भव नभएर पाठ्यक्रमले निर्दिष्ट गरेको विधाअन्तर्गत नै व्याकरणलाई राखिएको छ ।

अभ्यासमा कविताअन्तर्गत सुरुमा गति, यति, लय मिलाएर पढ्न लगाउने अभ्यास राखिएको भए यसलाई पढाइ सिप विकासमा सहयोग पुऱ्याउँथ्यो तर राखिएको देखिँदैन । त्यसैगरी वादविवादमा हाउभाउ सहित पढेर सुनाउने अभ्यास  राखिएको भए यसले पढाइ र सुनाइ सिपको विकास गराउँथ्यो तर यस पुस्तकमा राखिएको देखिँदैन । सबैजसो विधागत पाठहरूमा एक एक वाक्यमा उत्तर देऊ भन्ने अभ्यास राखिएको छ, जसले बोलाई सिपगत उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउन सहयोग गरेको देखिन्छ । त्यसपछि प्रश्नोत्तर सम्बन्धित राखिएका अभ्यासहरूले पठनबोध तथा लेखन सम्बन्धी उद्देश्यको आंशिक तह पुरा गरेको देखिन्छ। जोडा मिलाउने, उपयुक्त शब्द खोजेर खाली  ठाउँ भर्ने, ठिक उत्तरमा ठिक चिह्न लगाउने जस्ता अभ्यासको उपयुक्त शब्द चयन गर्ने, शब्द भण्डारको विकास गराउन, शब्दहरूमा शुद्ध र अशुद्धको फरक पहिचान जस्ता कुरालाई ध्यान दिइएको भेटिन्छ। त्यसैगरी पाठको अन्त्यमा दिइएका व्याकरणले व्याकरणको धारणात्मक ज्ञानलाई विस्तृत पार्न खोजिएको छ भने परम्परागत घोकन्ते र बोझिलोपन हटाएर सरल र सहज तरिकाले व्याकरणगत अभ्यास दिन खोजिएको छ । पाठहरूमा राखिएका सिर्जनात्मक अभ्यासले सिकारुमा क्रियाशील बनाई लेखन सिपको विकासका साथै मौखिक अभिव्यक्ति सिपलाई विकास गराउन सहयोग गरेको छ। जस्तै ‘प्राचीन विदेह राज्य’ निबन्ध पाठमा दिइएको सिर्जनात्मक अभ्यास पौराणिक तथ्यका आधारपर जनकपुरधाम’ शीर्षकपर एक निबन्ध लिखू। जसले पढाइ र लेखाइ दुबै सिप विकास गर्न सहयोग पुऱ्याएको देखिन्छ।

त्यस्तै 'गोनू झाक बिलाड़ि' कथामा दिएका कोनो सुनलाहा छोटसन लोककथा लिखू भन्ने सिर्जनात्मक अभ्यासले लेखाइ सिपको विकासमा सहयोग पुऱ्याएको देखिन्छ ।

चारै सिपलाई एकीकृत गर्नुपर्ने र बराबर महत्त्व दिइएको भेटिदैन । अभ्यासले पाठ्यक्रमका उद्देश्य पूर्तिमा धेरै उपयुक्त र सहयोगी पनि भेटिन्छ । यति भए तापनि लेखाइ सिप बराबर अन्य सिपलाई पनि समावेश गराइएको भए मात्र कक्षा नौको मैथिली पोथी पाठ्यपुस्तकमा अभ्यासले भाषाका चारवटै सिप विकासमा सहयोग पुऱ्याउन सक्छन् ।

समग्रमा मैथिली पोथी पाठ्यपुस्तकमा अभ्यास खण्डको प्रयागको स्थितिलाई हेर्दा पाठ्यपुस्तकमा प्रशस्त अभ्यासहरू राखेर सुनाइ, बोलाइ, पढाइ र लेखाइ चारवटै सिपहरूलाई समेट्ने प्रयास गरिएको छ । यति भए तापनि अभ्यासहरू अझै पूर्ण र प्रशस्त बन्न सकेको छैनन् ।

# अध्याय सात

# सारांश, निष्कर्ष, सुझाव र उपादेयता

## ७.१ सारांश

प्रस्तुत शोधपत्रमा आठ अध्याय राखेर ती अध्यायहरू भित्र विभिन्न शीर्षक तथा उपशीर्षक राखी अध्ययन गर्ने कार्य गरिएको छ । यी कुराहरूलाई छोटकरीमा प्रस्तुत गर्नु नै यसको सारांश हो ।

प्रस्तुत शोधपत्रको अध्याय एकमा पृष्ठभूमि, समस्यसा कथन, अध्ययनको उद्देश्य, अध्ययनको सान्दर्भिकता, अध्ययनको सीमाङ्कन, अध्ययनको रूपरेखा जस्ता उपशीर्षकका बारेमा स्पष्टीकरण दिइएको छ । यसैगरी पहिलो उपशीर्षकका रूपमा पाठ्यक्रम र पाठ्यपुस्तकको परिचय दिने काम गरिएको छ । त्यसैगरी दोस्रो उपशीर्षकका रूपमा समस्या कथन राखिएको छ । कक्षा नौको 'मैथिली पोथी' पाठ्यक्रमले निर्देशन गरे बमोजिम के-के कुराहरू छन् र के के कुराहरूलाई पाठ्यपुस्तकमा समेट्न सकिएको छैन भने कुराको खोजीमा यो शोध केन्द्रित रहेको छ । तेस्रो उपशीर्षक अन्तर्गत अध्ययनको उद्देश्य राखिएको छ । यसमा अनुसन्धेय समस्यामा आधारित रहेर उद्देश्यहरू निर्धारण गरिएको छ, पाठ्यक्रम अनुरूपताका आधारमा 'मैथिली पोथी' को विश्लेषण गर्नु, भाषिक सिपका आधारमा 'मैथिली पोथी' को विश्लेषण गर्नु र अभ्यास खण्डको स्वरूप र प्रयोगको स्थिति पहिल्याउनु रहेको छ । चौथो उपशीर्षकका रूपमा अध्ययन अनुसन्धानको सान्दर्भिकता राखिएको छ । यसअन्तर्गत प्रस्तुत शोधकार्य गर्न आवश्यक छ वा छैन भन्ने सन्दर्भ स्पष्ट पारिएको छ । यसैगरी यस अध्ययनको पाँचौ उपशीर्षकअन्तर्गत अध्ययनको सीमाङ्कन राखिएको छ, जसमा अध्ययन गरिने विषयको सीमालाई निर्दिष्ट गरिएको छ । यसैगरी छैटौं उपशीर्षकअन्तर्गत अध्ययनको रूपरेखा राखिएको छ ।

प्रस्तुत अध्ययनको अध्याय दुईमा सम्बद्ध कार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा शीर्षक राखिएको छ । यसअन्तर्गत पुस्तक सम्बन्धी पुनरावलोकन र शोधपत्रसम्बन्धी पुनरावलोकन उपशीर्षकमा पूर्वकार्यको अध्ययन गरिएको छ । यसअन्तर्गत अध्ययन कार्य गर्नुभन्दा अगाडि यस अध्ययनीय शीर्षकसम्बन्धी के कस्ता विषय र क्षेत्रमा अध्ययनहरू भएका छन्, अरू के कति  गर्नुपर्ने छ भन्ने बारेमा दिशानिर्देश गरिएको छ ।

त्यसैगरी पुनरावलोकन गर्नाले के कस्ता फाइदा हुन्छ भन्ने पक्षमा महत्त्व स्पष्ट पारिएको छ । त्यसैगरी सैद्धान्तिक अवधारणाअन्तर्गत पाठ्यक्रम र भाषा पाठ्यक्रमलाई सैद्धान्तिक आधारबाट परिचय दिइएको छ । त्यसपछि भाषा पाठ्यक्रमका तत्वहरूअन्तर्गत उद्देश्य, विषयवस्तु शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कन बारेमा सैद्धान्तिक रूपबाट नियालिएको छ । त्यस्तै भाषा पाठ्यपुस्तकका सैद्धान्तिक अवधारणा प्रस्तुत गरिएको छ । त्यसैगरी भाषा पाठ्यपुस्तकका आन्तरिक विशेषताहरूअन्तर्गत पाठ्यवस्तु, शब्द भण्डार, भाषा, अभ्यास चित्र, भूमिका तथा निर्देशन र शब्दसूची बारेमा चर्चा गरिएको छ । त्यसैगरी भाषा पाठ्यपुस्तकको बाह्य विशेषताहरूअन्तर्गत आवरण पृष्ठ, अक्षराकार र ठाउँ छोडाइ, छपाइ र बँधाइ कागजको स्तर, मूल्य, सुलभता र विविध बारेमा चर्चा गरिएको छ । त्यसैगरी भाषा पाठ्यक्रम र भाषा पाठ्यपुस्तकको सम्बन्ध बारे चर्चा परिचर्चा गरिएको छ ।

त्यसपछि प्रस्तुत अध्ययनको अध्याय तिनअर्न्तत अध्ययन विधि र प्रक्रिया शीर्षक राखिएको छ । यसअन्तर्गत अध्ययन गर्दा कस्ता विधिहरू प्रयोग  गरिएको छ, कुन तरिका अपनाइएको छ । कुन ढाँचा र संरचनामा सङ्गठित र सुव्यवस्थित गरिएको छ भन्ने कुरा स्पष्ट पारिएको छ । यस्तै अध्ययनको विधि नामक उपशीर्षकमा गुणात्मक अध्ययन विधिमा आधारित रहेर विभिन्न किसिमका सन्दर्भ पुस्तकहरू, भाषा पाठ्यपुस्तकहरू तथा शोधपत्रको सहयोग लिई अध्ययन गरिने गरिएको कुरा देखाइएको छ । त्यस्तै तथ्याङ्क संकलनका दोस्रो उपशीर्षकमा प्राथमिक स्रोतअन्तर्गत कक्षा नौको मैथिल पोथी पाठ्यपुसतक लिइएको कुरा राखिएको छ । यसैगरी द्वितीयक स्रोत रूपमा पाठ्यक्रम, पाठ्यपुस्तक, प्रकाशित कृति, शोधपत्र, पत्रपत्रिका तथा समीक्षात्मक सामग्रीहरूलाई लिइएको कुरा प्रस्तुत गरिएको छ । यसरी सङ्कलन गरिएको सामग्रीलाई वर्णनात्मक तथा तुलनात्मक पद्धतिद्वारा प्रस्तुत गरिएको कुरा समेत उल्लेख  गरिएको छ ।

प्रस्तुत अध्ययनको अध्याय चारअन्तर्गत पाठ्यक्रम अनुरूपताका आधारमा 'मैथिली पोथी' को विश्लेषण शीर्षक राखिएको छ । यसभित्र पनि विभिन्न उपशीर्षकहरू भाषा पाठ्यक्रमको उद्देश्य र मैथिली पोथी, विधाको क्षेत्र, क्रम र मैथिली पोथी, शिक्षण सिकाइ प्रक्रिया र मैथिली पोथी, मूल्ङ्कन, समयभार तथा पाठ्यपुस्तक, पाठको आकृति, प्रकृति र मैथिली पोथी र वैचारिक पक्ष र मैथिली पोथीबारे विश्लेषण गरिएको छ ।

अध्याय पाँचमा भाषिक सिपका आधारमा मैथिली पोथीको विश्लेषण नामक शीर्षक राखी यसभित्र भाषाका चार सिप सुनाइ र बोलाइ, पढाइ र लेखाइलाई उपशीर्षकमा राखी विश्लेषण गरिएको छ। त्यस्तै अध्याय छमा मैथिली पोथी पाठ्यपुस्तकमा राखिएको अभ्यास खण्डको स्वरूप र प्रयोगको स्थिति शीर्षक राखिएको छ । यसअन्तर्गत मैथिली पोथीमा राखिएको अभ्यासहरूको विश्लेषण गरिएको छ।

प्रस्तुत शोधपत्रको अध्याय सातमा सारांश, निष्कर्ष, उपयोगिता र सुझावहरू राखी यस अध्ययन कार्यको समापन कार्य गरिएको छ। अन्त्यमा प्रस्तुत अध्ययन कार्य गर्नका लागि आवश्यक सामग्रीहरू सङ्कलन गरिएका सन्दर्भ सामग्रीहरूका सूचीलाई वर्णानुक्रम मिलाएर प्रस्तुत गरिएको छ।

## ७.२ निष्कर्ष

प्रस्तुत अध्ययनको उद्देश्य कक्षा नौको मैथिली पोथी पाठ्यक्रम अनुरूप छ वा छैन भनी अध्ययन गर्नु हो । त्यसैअनुरूप माध्यमिक शिक्षा पाठ्यक्रम वि.सं. २०६४ सालको पाठ्यक्रम (९ र १०) अनुरूप कक्षा नौको मैथिली पोथी छ वा छैन भनी पाठ्यक्रम अनुरूपताका दृष्टिले खोजी गर्ने कार्य भएको छ । यसैगरी पाठ्यपुस्तकले पाठ्यक्रमको उद्देश्यलाई पूर्ति गर्न सक्छ वा सक्दैन, पाठहरूको पाठ्यक्रमअनुरूप के कसरी तालमेल मिलेको छ, पाठ्यक्रमको भावना वा मर्मलाई पहिचान गर्न सकेको छ छैन भनी पहिचान गर्ने कार्य यस अध्ययनमा गरिएको छ । प्रस्तुत अध्ययनमा उक्त पाठ्यपुस्तकको पाठ्यक्रमसँगको सम्बन्ध केलाउनका लागि विभिन्न अध्ययन पश्चात् निष्कर्ष निकालिएको छ। समग्रमा यसरी निकालिएको निष्कर्षलाई निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गरिएको छः

- कक्षा नौको मैथिली पोथी पाठ्यपुस्तकमा बोध र अभिव्यक्ति सिपलाई समावेश गरिएको पाइन्छ।
- कक्षा नौको मैथिली पोथी पाठ्यपुस्तकमा साहित्यिक विधाहरू रुचिपूर्वक पढ्न वा लेख्नका लागि पाठ्यपुस्तकभित्र कविता, कथा, निबन्ध, जीवनी, रूपक विधाहरू राखिएको पाइन्छ।

- कक्षा नौको मैथिली पोथी पाठ्यपुस्तकमा विवेचना, व्याख्या, सारांश र भावार्थ जस्ता अभ्यासात्मक क्रियाकलापको लागि कथा, कविता र जीवनी जस्ता विधाहरूबाट अभ्यासहरू समेत राखिएको पाइन्छ ।
- मैथिली पोथी पाठ्यपुस्तक गति, यति मिलाएर लयबद्ध रूपमा वाचन गराउनको लागि 'नटराज', 'एकता सामाजिक कैंसर', 'अछि हमरासभकँ अभिमान', 'पधलैत मोनक शब्द', 'उन्नत मिथिला' कविताहरू राखिएको पाइन्छ ।
- मैथिली पोथी पाठ्यपुस्तकमा कविताको मात्रिक वा वार्णिक भेद बुझाउनको लागि मात्रिक र वार्णिक कविताहरू राखिएको पाइन्छ । उदाहरणको लागि 'नटराज' वार्णिक कविता हुन भने 'उन्न्त मिथिला' मात्रिक कविता हुन् ।
- मैथिली पोथी पाठ्यपुस्तकमा कथा, कविता, निबन्ध, घरायसी, कार्यालयीय वा व्यापारिक चिठी लेख्नको लागि अभ्यास खण्डमा कथा, कविता, निबन्ध, घरायसी, कार्यालयीय वा व्यापारिक चिठी रचना गर अभ्यासहरू समेत रहेको पाइन्छ ।
- मैथिली पोथी पाठ्यपुस्तकमा अनुच्छेद पढ्न, लेख्न वा सोधिएका प्रश्नहरूको मौखिक एवं लिखित उत्तर दिनको लागि पाठको अन्त्यमा छोटो र लामो उत्तर लेख्नुहोस् जस्ता अभ्यासहरू राखिएको पाइन्छ ।
- पाठ्यपुस्तकमा गद्य वा पद्य मौनपठन वा सस्ववाचन गराउनको निम्ति मात्रिक र वार्णिक कविताहरू  समेत राखिएको पाइन्छ ।
- पाठ्यपुस्तकमा वादविवाद, संवाद वा छलफलमा आफ्नो मौलिक अभिव्यक्ति दिन 'महिला अधिकार आजुक आवश्यकता थिक' वादविवाद  पाठ राखिएको पाइन्छ ।
- पाठ्यपुस्तकमा विषयवस्तु वा प्रसङ्गअनुसार कमा, पूर्णविराम, अर्धविराम चिह्नका प्रयोग गर्नको लागि पाठ २२ को व्याकरण खण्ड अन्तर्गत कमा, पूर्णविराम, अर्धविराम चिह्नको सैद्धान्तिक अवधारणा तथा अभ्यासहरू समेत राखिएको पाइन्छ ।
- पाठ्यपुस्तकमा विग्रह, कारक वा समासको लक्षणसहित भेद बुझ्नको लागि कारक वा समाजको बारेमा व्याकरण अभ्यासअन्तर्गत चर्चा गरिए पनि विग्रहको बारेमा पाठ्यपुस्तकमा चर्चा गरिएको पाइँदैन ।

- कक्षा नौको मैथिली पोथीमा उखान टुक्काको प्रयोग भएको पाइँदैन । जस्तैः कक्षा नौको मैथिली पोथी पाठ्यपुस्तकमा कथा, निबन्ध र जीवनीमा उखान-टुक्का प्रयोग भएको पाइँदैन ।
- पाठ्यपुस्तकमा पर्यायवाची, अनकार्थक, विपरीतार्थक समूहार्थक शब्दहरूमध्ये पर्यायवाची र विपरीतार्थक शब्द बारेमा चर्चा गरिएपछि अनेकार्थक र समूहार्थक शब्दहरूबारे चर्चा गरेको पाइँदैन ।
- पाठ्यपुस्तकमा व्याकरणका आधारभूत नियमहरू पालन गरेर अभिव्यक्ति दिनको निम्ति प्रत्येक पाठको अन्त्यमा व्याकरण खण्डमा व्याकरणबारेमा सैद्धान्तिक ज्ञान र अभ्यासहरू समेत राखिएको पाइन्छ ।
- पाठ्यपुस्तकमा प्रत्येक पाठमा कठिन शब्दहरूको अर्थ दिइएकाले सिकाइ तथा शब्दार्थ शिक्षणमा सहयोग गरेको छ । जस्तै पाठ १ मा नटराज कवितामा निम्न शब्दहरू र तिनको अर्थ दिएका छन् ।
- पाठ्यपुस्तकमा मिथिलाक्षरमा अनुच्छेद लेखनको लागि तिरहुता लिपि (मिथिलाक्षर) पाठभित्र लिपि चिह्न र लिपिसँग सम्बन्धित अभ्यासहरू राखिएको पाइन्छ ।
- विद्यार्थीहरूमा नैतिकता, सच्चरिता, परोपकारिता वा आदर्शता सद्गुण अभिवृद्धि गर्नको लागि पाठ्यपुस्तकमा राष्ट्रिय व्यक्तित्वका जीवनीअन्तर्गत ‘आगिमे तपिकअ चमकल . . .’, ‘अमर साहित्य शिल्पी . . .’, ‘प्रजातांत्रिक योद्धा महेन्द्र . . .’ र अन्तर्राष्ट्रिय व्यक्तित्वका जीवनीअन्तर्गत ‘अल्बर्ट आइन्स्टीन’, ‘इमैनुएल काण्ट’ जीवनीहरू राखिएको पाइन्छ ।
- विधागत क्षेत्र र क्रमको रखाइक्रम कक्षा नौको मैथिली पोथी पाठ्यपुस्तकमा पाठ्यक्रम अनुरूप भएको पाइँदैन । उदाहरणको रूपमा पाठ्यक्रमले सुरुमा कथा, जीवनी, निबन्ध र कविता राखेको तर पाठ्यपुस्तकले कविता, कथा, निबन्ध र जीवनी राखेका छन् ।
- मैथिली पोथी पाठ्यपुस्तकमा विधालाई एकपछि अर्को गर्दै कविता, कथा, निबन्ध, जीवनी, पत्र आदिलाई चक्रीय ढाँचामा प्रस्तुत गरिएको छ । यसले शिक्षण सिकाइ प्रक्रियालाई रोचकतापूर्ण बनाउन सहयोग गरेको छ । उदाहरणको रूपमा

पाठ्यपुस्तकमा कविता (नटराज), कथा (विघटन), निबन्ध (प्राचीन विदेह राज्य) र जीवनी (आगिमे तापिअ चमकल . . .) विधाहरूलाई चक्रीय ढाँचामा प्रस्तुत गरिएका छन् ।

- पाठ्यपुस्तकमा राखिएका पाठहरूको आकृति-प्रकृति हेर्दा स्तर तह र उमेर सुहाउँदा, व्यावहारिक र रमाइला पाइन्छन् । तर यति भए तापनि पाठको संख्या २८ हुनुले पाठभित्र रहेका क्रियाकलापहरू उपयुक्त समयमा सकिन कठिन हुने देखिन्छ ।
- पाठ्यपुस्तकमा व्याकरणलाई कार्यमूलक ढङ्गबाट पाठसँग सम्बद्ध गरिनुले शिक्षण प्रक्रियालाई सैद्धान्तिकभन्दा व्यावहारिक प्रक्रियातर्फ उन्मुख गरिएको पाइन्छ । उदाहरणको रूपमा व्याकरण शिक्षण पाठसँगै गरिएको छ । व्याकरण र पाठहरूलाई छुट्टाछुट्टै शिक्षण गरिएको छैन ।
- मूल्याङ्कन तथा अङ्कभारलाई हेर्दा १०० पूर्णाङ्कमध्ये ३२ उत्तीर्णाङ्क निर्धारण गरिएको छ । जसमा ३ घण्टा समय निर्धारण गरिएको छ । निर्माणात्मक वा प्रयोगात्मक मूल्याङ्कनको सम्बन्धमा केही भनिएको छैन ।
- वैचारिक दृष्टिकोणले उक्त पाठ्यपुस्तकले शिक्षाशास्त्रीय दृष्टिकोण, प्रजातान्त्रिक मूल्य मान्यता तथा बालअधिकार, भौगोलिक र धार्मिक विविधता साथै राष्ट्रिय एकता र सार्वभौमिकतालाई स्पष्ट रूपमा समेटिएको देखिँदैन । उदाहरणको रूपमा पाठ्यपुस्तकको हिमाल र पहाड प्रदेशका विभिन्न रीतिरिवाज, चालचलन तथा मूल्य मान्यतालाई पूर्ण रूपमा बेवास्ता गरेको छ ।
- पाठ्यपुस्तकमा राखिएका कथा, कविता, निबन्ध, जीवनी र चिठी आदि विधाहरूले सुनाइ र बोलाइ सिपको विकासमा सहयोग पुऱ्याएका छन् । उदाहरणको रूपमा पाठ्यपुस्तकभित्र राखिएको नटराज (कविता), विघटन (कथा), प्राचीन विदेह राज्य ( निबन्ध), अगिमे तपिकअ चमकल . . . (जीवनी) जस्ता विधाहरूले सुनाइ र बोलाइ सीप विकासमा सहयोग पुऱ्याएका छन् ।

- मैथिली पोथी पाठ्यपुस्तकमा विभिन्न प्रयोजनका लागि कथा, कविता, निबन्ध, जीवनी पाठहरू पढ्न भन्ने उद्देश्य पुरा गर्नको लागि प्रत्येक पाठमा उत्तर देऊ भन्ने प्रश्नहरू राखिएको छ । यसले पढाइ सिपको विकासमा सहयोग पुऱ्याउँछ ।
- पाठ्यपुस्तकमा पाठ्यक्रमले लेखाइ सिप उद्देश्य पुरा गर्नका लागि प्रत्येक पाठको अभ्यासमा 'उत्तर लिखु' भन्ने अभ्यास राखिएको छ । यसले लेखाइ सिप विकासमा सहयोग पुऱ्याएको देखिन्छ ।
- मैथिली पोथी पाठ्यपुस्तकमा सबै पाठको अन्त्यमा बोद्ध प्रश्नहरू राखिएका छन् साथै यसले पढाइ र लेखाइ सीप विकासमा सहयोग गरेको पाइन्छ ।
- विद्यार्थीहरूमा सप्रसंग व्याख्यामूलक प्रश्नले लेखाइ सीप विकासमा सहयोग गरेको पाइन्छ ।
- पाठहरूमा विभिन्न किसिमका शब्द भण्डारका अभ्यासहरू राखिएकाले शब्द भण्डारका दृष्टिले उक्त पाठ्यपुस्तक उपयुक्त देखिन्छ । उदाहरणको रूपमा पाठ्यपुस्तकमा वाक्यमा प्रयोग, जोडा मिलाउ र विपरीतार्थी शब्द लेख जस्ता अभ्यासहरू शब्द भण्डारका दृष्टिले उपयुक्त देखिन्छ ।
- पाठ्यपुस्तकमा सिर्जनात्मक अभ्यासलाई प्राथमिकता दिएर पाठहरूमा अभ्यासमा राखिएको छ । जस्तै कक्षा नौको मैथिली पोथी पाठ्यपुस्तकको धेरैजसो पाठमा सिर्जनातमक अभ्यास राखिएको छ ।
- कक्षा नौको मैथिली पोथी पाठ्यपुस्तकमा प्रत्येक पाठको अन्त्यमा व्याकरणमूलक अभ्यासहरू रहेको पाइन्छ ।
- मैथिली पोथी पाठ्यपुस्तकले सुनाइ, बोलाइ, पढाइ र लेखाइ चारवटै सिपलाई बराबर महत्त्व दिई अभ्यासहरू प्रशस्त राखिनु पर्नेमा यस पाठ्यपुस्तकमा लेखाइ, पढाइ सिपगत अभ्यासहरू नै बढी भएको अन्य सिपहरू पुरा गर्न सक्ने अभ्यासको कमी भएको पाइन्छ ।

## ७.३ सुझावहरू

कक्षा नौको मैथिली पोथी पाठ्यपुस्तकमा भएका कमी कमजोरीलाई निम्नअनुसार निराकरण गरी परिष्कृत र परिमार्जन गर्दै सुधार गर्न सकिन्छ :

- पाठ्यपुस्तकले पाठ्यक्रमको वास्तविक भावना र उद्देश्यलाई आत्मसाथ गर्दै सोही बमोजिम पाठ्यवस्तु छनोट गर्नुपर्छ ।
- पाठ्यपुस्तकले चारै भाषिक सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई सन्तुलित रूपमा समावेश गर्न सक्नुपर्दछ ।
- भाषाका चारै सिपहरूमध्ये लेखाइ सिपलाई मात्रै महत्त्व नदिई चारै सिपको अभ्यासलाई महत्त्व दिनुपर्दछ ।
- पाठ्यक्रमले निर्माणात्मक मूल्याङ्कन तथा प्रयोगात्मक मूल्याङ्कन तथा प्रयोगात्मक मूल्याङ्कनलाई समेत समाविष्ट गराउनुपर्छ । पाठ्यपुस्तकले प्रयोगात्मक तथा निर्माणात्मक मूल्याङ्कन गर्न सघाउ पुऱ्याउने प्रशस्त अभ्यासहरू राखिनुपर्ने देखिन्छ ।
- पाठ्यपुस्तक निर्माण गर्दा उपयुक्त समयमा सकिने गरी विचार पुऱ्याएर पाठ्यपुस्तक निर्माण गर्नुपर्दछ ।
- पाठ्यपुस्तकले मनोवैज्ञानिक दृष्टिकोण र परिवर्तित समयलाई समेट्नुपर्ने देखिन्छ ।
- पाठ्यपुस्तकले राष्ट्रिय एकता र सार्वभौमिकतालाई समेट्नुपर्ने देखिन्छ ।
- पाठ्यपुस्तकमा पाठ्यक्रम अनुरूप पाठको रखाइक्रम मिलाएर राख्नुपर्ने देखिन्छ ।
- पाठ्यपुस्तकमा विभिन्न सन्दर्भ र प्रसङ्ग अनुरूप उखान टुक्का प्रयोगमा ध्यान दिनुपर्ने देखिन्छ ।
- शब्दभण्डारको रखाइक्रम्फ र स्तरणमा ध्यान दिनुपर्ने देखिन्छ ।
- पाठ्यपुस्तक निर्माण गर्न प्रयोग गरिएको कागजको स्तरमा सुधार गर्नुपर्ने देखिन्छ ।
- पाठ्यपुस्तकमा चित्रहरूको रखाइमा अब विचार गरी आवश्यकता अनुसार थप गरिनुपर्नेछ ।

- पाठ्यपुस्तकको अन्त्यमा शब्दसूची राखेर विद्यार्थी तथा शिक्षकलाई आवश्यक प्रयोग गर्न सहयोग बनाउन सकेमा राम्रो हुनेछ ।

## ७.४ उपादेयता

कक्षा नौमा पढ्ने विद्यार्थीहरूका लागि भाषिक सिप विकास गराउने उद्देश्यले मैथिली पोथी पाठ्यपुस्तक निर्माण गरिएको हो । माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ अनुसार तयार पारिएको यो पुस्तक पाठ्यक्रमको उद्देश्य पुरा गर्न उपयोगी रहेको छ । यस पाठ्यपुस्तकमा विभिन्न विधाहरू राखी तिनीहरूकै आधारमा २८ वटा पाठहरू समावेश गरिएको छ । पाठहरूभित्र विभिन्न सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता चारै भाषिक सिपहरूलाई अभ्यास गराउने तथा कार्यमूलक व्याकरणलाई समेटेर प्रशस्त अभ्यासहरू राखिएको छ । यसरी निर्माण गरिएको कक्षा नौको मैथिली पोथी पाठ्यपुस्तक शैक्षिक दृष्टिकोणबाट निकै उपयोगी छ ।

## ७.५ भावी अध्ययनका लागि सम्भाव्य शीर्षकहरू

कक्षा नौको मैथिली पोथीको पाठ्यक्रमअनुरूपताका दृष्टिकोणले अध्ययन गरिएको छ । यो शीर्षक बाहेक यससम्बन्धी निम्नलिखित सम्भाव्य अध्ययनका लागि न्म्निलिखित शीर्षक छनोट गरिएको छ :

- कक्षा नौको मैथिली पोथीमा समावेश  गरिएका कथाहरूको सङ्कथन विश्लेषण
- प्राज्ञिक विशेषताका आधारमा कक्षा नौको मैथिली पोथीको अध्ययन
- कक्षा नौको मैथिली पोथीमा समावेश शब्दभण्डारको अध्ययन
- कक्षा नौको मैथिली पोथीमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन
- कक्षा नौको मैथिली पोथी पाठ्यक्रमको अध्ययन ।

# सन्दर्भ सूची


अवस्थी, महादेव (२०६४), नेपाली विषयक अनुसन्धान प्रक्रिया, *सम्प्रेषण,* (वर्ष : ४, अङ्क : ४, पृ. ३७) ।

कोइराला, गंगा (२०७०), *पाठ्यक्रम अनुरूपताका आधारमा स्नातक नेपाली पाठ्यपुस्तकको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खनिया, बुद्धराज (२०७५), *नेपाली भाषा शिक्षण : सिद्धान्त र प्रयोग,* काठमाडौँ : जुपिटर प्रिन्टिङ एन्ड पब्लिसिङ हाउस प्रा.लि. ।

गौतम, खिराकुमारी (२०६७), *प्राज्ञिक विशेषताहरूको आधारमा कक्षा ७ को नेपाली पाठ्यपुस्तकको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

गौतम, रामप्रसाद (२०६१), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : दीक्षान्त पुस्तक भण्डार ।

ठाकुर, जुली कुमारी (२०७३), *पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा पाँचको हमर मैथिली पोथीको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

दवाडी, सन्तु (२०७०), *पाठ्यक्रम अनुरूपताका आधारमा स्नातक नेपाली पाठ्यपुस्तकको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

निउरे, ध्रुवप्रसाद (२०७१), *पाठ्यक्रम अभ्यास,* काठमाडौँ : क्वेस्ट पब्लिकेशन प्रा.लि. ।

पाण्डे, विजयकुमार (२०६२), *कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको पाठ्यक्रम अनुरूपताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०६९), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू,* काठमाडौँ : हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स प्रा.लि. ।

भट्टराई, रीमा (२०६१), *कक्षा आठको नेपाली पाठ्यक्रम अनुसारको नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको विश्लेषणात्मक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भण्डारी, पारसमणि (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भुसाल, केशव र भट्ट, महेश प्रसाद (२०७३), *निम्न माध्यमिक शिक्षक नेपाली मार्गदर्शिका,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

मण्डल, रामदेव (२०६५), *कक्षा ५ को मेरो नेपाली किताब र हमर मैथिली पोथी बीचको तुलनात्मक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

*माध्यमिक शिक्षा पाठ्यक्रम* (२०६४), नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

लम्साल, रामचन्द्र र अन्य (२०६७), *नेपाली भाषा पाठ्यक्रम, भाषा पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

लम्साल, रामचन्द्र र अन्य (२०६९), *नेपाली भाषाशिक्षण,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

लामिछाने, यादवप्रकाश (२०७०), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, चिरञ्जीवी र निर्मला शर्मा (२०६९), *पाठ्यक्रम र मूल्याङ्कन,* काठमाडौँ : एम.के.पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

साह, संगीता कुमारी (२०७३), *कक्षा चारको नेपाली भाषा पाठ्यपुस्तकको विश्लेषण* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

सिंह, विनोदकुमार (२०६७), *कक्षा १० को नेपाली किताब र मैथिली पोथी बीचको तुलनात्मक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

सुवेदी, लालनाथ (२०६६), *पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा नौको वर्तमान नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।